वर्ष ३१/ पूर्णाङ्क ११०/ माघ–फागुन २०७४

प्रेश काउन्सिल नेपालद्वारा 'क' वर्गमा वर्गीकृत राष्ट्रियस्तरको पत्रिका

दायित्व

द्वैमासिक

प्रधान सम्पादक
रामप्रसाद पन्त
फोन नं. ४-४८६४७६
गोजीफोन ९८४१५२६०१७

सम्पादन सल्लाहकार
ठाकुर शर्मा भण्डारी
फोन नं. ४-४२०६१०

सह-सम्पादक
यादव भट्टराई
फोन नं. ५-२४२२६४

सम्पादन सहयोगी
केशवराज पन्त
कमल ज्ञवाली

व्यवस्थापक
लक्ष्मी पन्त
फोन ४-४८६४७६



सहयोग रू. ५०/-

व्यक्तिगत विशिष्ट सदस्यता शुल्क रू. ५,०००/- वा सोमन्दा बढी ।
संस्थागत विशिष्ट सदस्यता शुल्क रू १०,०००/- वा सोमन्दा बढी ।

कार्यालय
घ-२७२/७०, चावहिल-७, काठमाडौं
फोन ४-४८६४७६
E-mail: dayitwa44@gmail.com
Website: www.nepalipublisher.com

दायित्व द्वैमासिकका विशिष्ट सदस्यहरू

नीराजन तिमल्सिना/नारायणदेव पन्त/नैना नेपाल ढकाल/राधेश्याम भट्टराई/मोहन चापागाईं/वासुदेव उपाध्याय ढकाल/जनक शिक्षा सामग्री केन्द्र/रूकु कार्की/विजयध्वज थापा/आत्माराम खरेल/गङ्गासागर पन्त/ योगराज पौडेल/गणेशप्रसाद भट्टराई/इष्टपोल उच्च मावि/विद्याप्रसाद घिमिरे/केशव रूपाखेती/राममणि दुवाडी/ ब्रिलियन्ट बहुमुखी क्याम्पस/डा. टीकाराम अधिकारी/डा. बद्री पोखेल/सुषमा शर्मा बडाल/मुकुन्द न्यौपाने/ ई. त्रिवेन्द्रराज पन्त/ज्ञानहरि पौडेल/लक्ष्मीविलास कोइराला/रमेश गौतम 'पाल्पाली'/विष्णुप्रसाद शर्मा पराजुली / डा. कृष्णचन्द्र शर्मा/किशोरजङ कार्की ।

वेदवाणी

ऋषि – मेधातिथि काण्व । **देवता** - वायु मित्रावरुण । **छन्द** - गायत्री उष्णिक् अनुष्टुप् ।

तीव्राः सोमास आ गह्याशीर्वन्तः सुता इमे । वायो तान्प्रस्थितान्विब ॥१॥

हे वायुदेव ! निचोरिएको सोमरस खरो भएकाले दुध मिसाएर तयार गरिएको हो । तिमी आइदेऊ र उत्तर वेदीनजिक ल्याइएको सोमरस पान गर ।

उभा देवा दिविस्पृशन्द्रवायू हवामहे । अस्य सोमस्य पीतये ॥२॥

जसको यश दिव्यलोकसम्म फैलिएको छ, तिनै इन्द्र र वायुदेवलाई हामी सोमरस पान गर्नका लागि आमन्त्रित गर्दछौँ ।

इन्द्रवायू मनोजुवा विप्रा हवन्त ऊतये । सहस्राक्षा धियस्पती ॥३॥

मनजत्तिकै वेगवान् र हज्जार आँखा भएका, बुद्धिका अधिपति इन्द्र र वायुदेवलाई ज्ञानीहरू आफ्नो सुरक्षाका लागि आह्वान गर्दछन् ।

मित्रं वयं हवामहे सोमपीतये । जज्ञाना पूतदक्षसा ॥४॥

सोमरस पान गर्न यज्ञस्थलमा प्रकट हुने परम पवित्र एवं बलशाली मित्र र वरुणदेव दुवैलाई हामी आह्वान गर्दछौँ ।

ऋतेन यावृतावृधावृतस्य ज्योतिषस्पती । ता मित्रावरूणा हुवे ॥५॥

सन्मार्ग अनुसरण गर्न उत्साहित गर्ने तेजस्वी मित्रावरुणलाई हामी आह्वान गर्दछौँ ।

वरूणः प्राविता भुवन्मित्रो विश्वाभिरूतिभिः करतां नः सुराधसः ॥६॥

वरुण एवं मित्र देवता आफ्ना सम्पूर्ण साधनले विविध प्रकारले हामी सबैको रक्षा गर्दछन् । उनीहरूले हामीलाई वैभवबाट सम्पन्न गराऊन् ।

मरूत्वन्तं हवामह इन्द्रमा सोमपीतये । सजूर्गणेन तृम्पतु ॥७॥

मरुत्गणसँगै सोमरस गर्न भनेर इन्द्रदेवलाई बोलाइएको छ । मरुत्गणसित आउँदा उनी सन्तुष्ट होऊन् ।

इन्द्रज्येष्ठा मरूद्गणा देवासः पूषरातयः । विश्वे मम श्रुता हवम् ॥८॥

पूषादेवजस्तै इन्द्रदेव दानीहरूमा श्रेष्ठ छन् । उनीहरू सबैले मरुत्गणका साथमा हाम्रो आह्वान सुनून् ।

हत वृत्रं सुदानव इन्द्रेण सहसा युजा । मा नो दुःशंस ईशत ॥९॥

हे उत्तम दानी मरुत्हरू हो ! आफ्ना बलवान् र उत्तम साथी इन्द्रदेवसित तिमीहरू दुष्टलाई सखाप गर । दुष्टताले हामीलाई जित्न नसकोस् ।

विश्वान्देवान्हवामहे मरूतः सोमपीतये । उग्रा हि पृश्निमातरः ॥१०॥

सबै मरुत्हरूलाई हामी सोमरस पान गर्न बोलाउँछौँ । उनीहरू सबै अनेक रङ्गले रङ्गीन पृथ्वीका पुत्र हुन् । तिनीहरू महान्, वीर र पराक्रमी छन् ।

जयतामिव तन्यतुर्मरूतामेति धृष्णुया । यच्छुभं याथना नरः ॥११॥

वेगले प्रवाहित हुने मरुत्हरूको शब्द विजयनादजस्तै गुञ्जायमान भएपछि त्यसबाट मानिसको मङ्गल हुन्छ ।

हस्काराद्विद्युतस्पर्यतो जाता अवन्तु नः । मरूतो मृडयन्तु नः ॥१२॥

चम्किएको विद्युतबाट उत्पन्न मरुत्गणले हाम्रो रक्षा गरुन् र प्रशन्नता प्रदान गरुन् ।

अनुवाद : तिलकप्रसाद लुइँटेल

ऋग्वेद-संहिता, प्रथम मण्डल, (सूक्त – २३)

सम्पादकीय

- साहित्यिक पत्रकारिता हाम्रो कर्म हो, हाम्रो धर्म हो र हाम्रो पहिचान पनि हो । कर्मको पछाडि नाम र सेवा पनि जोडिएको छ । हामीले मुलतः साहित्य सेवा गरेका छौँ र किञ्चित् नामको अभिलाषा पनि पालेका छौँ । सेवासँग अवश्यमेव मेवा जोडिएको हुन्छ, त्यो मेवा साहित्यिक पत्रकारका लागि दाम नभएर नाम हुन्छ ।
- प्रारम्भिक अवस्थामा रहरले पनि काम गरेको हुनसक्छ – साहित्यिक पत्रिकाको प्रकाशन । जेसुकै भए पनि समयले जिम्मेवारी बोध गराउन थाल्छ र पेसाप्रति इमानदार भएर लाग्न प्रेरित गर्छ । वि.सं. १९४३ सालमा मोतिराम भट्टले बनारसबाट नेपाली भाषाको पहिलो साहित्यिक पत्रिका 'गोर्खा-भारत जीवन' प्रकाशन गर्न थाल्दा र १९५५ मा नेपालबाटै 'सुधासागर' नेपाली साहित्यिक पत्रिका प्रकाशन हुँदा रहर पनि थियो कि पूर्ण जिम्मेवारी साथ साहित्य सेवा गर्ने भावनाले अनुप्राणित थियो ? साहित्यिक विमर्श हुनसक्छ ।
- जुनसुकै रूपमा साहित्यिक पत्रकारिता थालिएको भए पनि यसलाई निरन्तरता दिनु निसन्देह कठिन छ । एउटा तपस्वीको कठोर तपस्याबाट मात्र साहित्यिक पत्रिका सञ्चालन हुन सक्छ । एउटा निष्ठावान् साधकको साधनाबाट मात्र साहित्यिक पत्रिकालाई निरन्तरता दिन सकिन्छ । साहित्यिक पत्रिका प्रकाशन गर्नेजस्तो आर्थिक प्रतिफलरहित एउटा निष्काम कर्म कर्मयोगीबाट मात्र गतिशील बन्न सक्छ ।
- यस्तै निष्काम कर्मयोगको बाटो रोजे– ऋद्धिबहादुर मल्ल, उत्तम कुँवर, भवानी घिमिरे, चूडामणि रेग्मी, रोचक घिमिरे र नगेन्द्रराज शर्मा लगायतका पूर्वजहरूले । जीवनको अष्टदशक यात्रा गरिरहेका रोचक, नगेन्द्र, मोहन र अच्युतहरूले त अद्यावधि धानिरहेका छन् साहित्यिक पत्रिकालाई । तिनकै पदचाप पछ्याउँदै छौँ– हामीहरू पनि र हामीहरूलाई पछ्याउँदै छन् अनुजहरू पनि । यो यात्रा रोकिएको छैन र रोकिने पनि छैन ।
- साहित्यिक पत्रिका भनेको नवागन्तुक साहित्यकारहरूको चौतारी हो । रोचक घिमिरेको शब्दमा 'साहित्यकार जन्माउने कारखाना' हो । साहित्यिक पत्रिकाले साहित्यकार जन्माउने मात्र काम गर्दैन, जन्मिसकेका साहित्यकारलाई अगाडिको बाटो फराकिलो बनाउँदै जानका लागि पनि मार्गप्रशस्त गर्दछ । स्वदेश वा विदेशमा बस्ने सबैखाले स्रष्टाका विविध रचनाहरूलाई सङ्कलन एवम् परिमार्जन गरी प्रकाशन गर्नु साहित्यिक पत्रकारिताको धर्म हो ।
- नेपाली पत्रकारिताको इतिहासमा व्यावसायिक पत्रकारिताभन्दा जेठो साहित्यिक पत्रकारिता पछिल्लो चरणमा आएर कमजोर देखिएको छ । यसो हुनुका विविध कारणहरू छन् । केही बाह्य असहयोगका कुराहरू छन्, केही साहित्यिक पत्रकारिताभित्र देखिएका कमीकमजोरी र असावधानीहरू पनि छन् । यिनै कारणहरूको बीचमा मन्दगतिमा लुखुरलुखुर हिँडिरहेको छ साहित्यिक पत्रकारिता र धुकुरधुकुर फेरिरहेको छ स्वाँस ।

- खासगरी प्रजातन्त्रको पुनःस्थापना पश्चात् सञ्चार जगत् खुल्ला भयो र खुम्चिएका कलमहरू क्रियाशील भए । लेखनप्रक्रिया खुल्लारूपमा अगाडि बढ्यो । व्यावसायिक पत्रिकाहरू एकपछि अर्को जन्मे । एफ एम, टेलिभिजन, अनलाइन लगायत सञ्चारमाध्यमहरूको वर्चस्व बढ्यो । उनीहरूले साहित्यिक सामग्री छापेर पारिश्रमिकको पनि व्यवस्था गरेर लामो यात्रा गरिरहेका साहित्यिक पत्रिकालाई समेत प्रभावित पारे । सरकारले पनि साहित्यिक पत्रिकालाई संरक्षण गर्ने कुनै चासो देखाएन र साहित्यिक पत्रकारहरूबाट पनि साहित्यिक पत्रिकालाई रूपान्तरण गर्दै नयाँ दिशातिर लैजाने सोच बनाइएन ।

- मुख्य कुरा त, सरकारले साहित्यिक पत्रकारितामाथि सौतेनी व्यवहार गर्दै गयो र साहित्यिक पत्रकारहरू सरकारप्रति जुधारु भएर आक्रामक शैलीमा अगाडि बढ्न सकेनन् । विज्ञापन सुविधाका विषयमा, हुलाक सुविधाका विषयमा, पत्रिका प्रकाशनसम्बन्धी सुविधाका विषयमा, दीर्घसेवीहरूलाई पुरस्कृत गर्ने विषयमा, औषधी उपचारका विषयमा, विदेश भ्रमणका विषयमा, विभिन्न सभा-समारोहहरूमा सहभागिता गराउने विषयमा विभेदहरू भइरहे । भइरहेकै छन् र हामीहरूले सहिरहेकै छौँ ।

- जेसुकै भए पनि हामीलाई सन्तोष केमा छ भने, साहित्यिक पत्रिका थालनी गर्दा हामीले सरकारबाट केही पाइन्छ भन्ने आशाले थालनी गरिएकै होइनौँ । रहर वा सेवाभावले थालनी गरेका हौँ । पञ्चायत कालमा राजारानीको जन्मदिन र राष्ट्रिय पर्वहरूमा केही संस्थाहरूबाट विज्ञापन पाइन्थ्यो, त्यसलाई स्वीकार गरियो । यस बाहेक केही व्यक्तिगत सम्पर्कले काम गऱ्यो । केही साहित्यानुरागी मित्रहरूबाट होस्टेमा हैँसे गर्ने काम भयो । जसरी तसरी चलिरह्यो पत्रिका ।

- गणतन्त्रको उदयपश्चात् प्रेस काउन्सिलबाट व्यावसायिक पत्रिकालाई जस्तै साहित्यिक पत्रिकालाई पनि वर्गीकरण गरेर कल्याणकारी विज्ञापन उपलब्ध गराउँदै आएको छ । प्रेस काउन्सिलको यस सदासयतालाई हामीले स-धन्यवाद स्वीकार गरिआएका छौँ । यसबाट साहित्यिक पत्रिकालाई बचाउन र निरन्तरता दिन मद्दत पुगेको छ, जुन स्तुत्यकार्य हो भन्ने हामीलाई लागेको छ । तर मूल्याङ्कन प्रक्रियामा व्यावसायिक पत्रिका र सेवामूलक साहित्यिक पत्रिकालाई एकै ठाउँमा राखेर दाँजिनुहुन्न भन्ने हाम्रो अभिमत छ ।

- **अन्त्यमा,**

  देशमा प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहको व्यवस्था भइसकेको छ । प्रदेश सरकारहरू पनि गठन भइसकेका छन् र राष्ट्रिय सभाले पनि पूर्णता पाइसकेको छ । अबको बाटो भनेको विकास र समृद्धिको हो । जनप्रतिनिधिहरू इमानदार र कर्तव्यनिष्ठ भएर देश विकासमा लागून् । जय देश, जय नेपाली साहित्य ।



दायित्व

(साहित्यिक द्वैमासिक)

सृजना	पाना नं.	स्रष्टा
कथा/लघुकथा		
ऊ आयो, फेरि आयो	८	हिरण्यकुमारी पाठक
सिंहदर्बारको डर	१६	नरेन्द्रराज पौडेल
त्रास	६२	सरस्वती शर्मा सुवेदी
लेख/निबन्ध		
देशको माया	२८	विष्णुप्रसाद शर्मा पराजुली
समकालीन नेपाली कविताको एक प्रवृत्ति : रुढीवैचित्र्य वक्रता	३५	डा. ऋषिराम शर्मा
'आधीखोले लोकसाहित्य : प्रस्तुति र विश्लेषण' विवेचनात्मक अध्ययन	४५	सहप्रा. थानेश्वर अर्याल
समीक्षा/समालोचना		
दुई कृतिमाथि एक दृष्टि	१०	ठाकुर शर्मा भण्डारी
भावका आधारमा 'हतार छैन हतार छ' निबन्धसङ्ग्रह	१९	मीरादेवी धिताल
अनुवाद लेख		
डिकेन्स र अभिशप्त बालबालिकाहरू	१४	रामबहादुर पहाडी
नियमित स्तम्भ		
साहित्यले मानिसलाई कहा पुऱ्याउछ	८०	नीराजन तिमल्सिना

कविता/गीत/गजल/मुक्तक

विजयराज न्यौपाने-७/लीलाराज दाहाल-९/अशोक खन्ना 'अशोक' (अनु: राजकुमार श्रेष्ठ)-१८/ डा. चन्द्रमणि अधिकारी- २७/केशवराज पन्त-४४/ श्यामबहादुर भावुक-६०/ सपना रेग्मी-६७/इन्दु पन्त-६८ ।

साथमा सम्पादकीय, दायित्वबोध, कृतिविवरण र वेदवाणी ।

दायित्व वाङ्मय प्रतिष्ठानद्वारा सम्मानित तथा पुरस्कृत व्यक्तित्वहरू

दायित्व वाङ्मय विशिष्ट सम्मान

प्रा. गोपीकृष्ण शर्मा – २०५९
कृष्णप्रसाद पराजुली – २०६०
भद्रकुमारी घले – २०६०
डा. टीकाराम पन्थी – २०६१
गीता केशरी – २०६१
प्रा. ठाकुरप्रसाद पराजुली – २०६२
सूब सेन – २०६२
पूर्णप्रकाश नेपाल 'यात्री' – २०६३
डा. चूडामणि बन्धु – २०६३
माया ठकुरी – २०६४
श्रीकृष्ण गौतम – २०६४
वसन्तकुमार शर्म्मा 'नेपाल' – २०६५
फणीन्द्रराज खेताला – २०६५
श्यामदास वैष्णव – २०६६
हरि श्रेष्ठ – २०६६
नित्यराज पाण्डे – २०६६
तेजःकेशरी शर्मा उपाध्याय – २०६७
भुवनहरि सिग्देल – २०६७
रत्न समशेर थापा – २०६८
माधवलाल कर्माचार्य – २०६८
डा. मोदनाथ प्रश्रित – २०६९
डा. तुलसी भट्टराई – २०६९
डा. कुमारबहादुर जोशी – २०७०
श्यामप्रसाद शर्मा – २०७०
रमा शर्मा – २०७१
बालकृष्ण भट्टराई – २०७१
प्रा. आनन्ददेव भट्ट – २०७२
प्रेम छोटा – २०७२
तेजेश्वरबाबु ग्वंगः – २०७३
नगेन्द्रराज शर्मा – २०७३
डा. दयाराम श्रेष्ठ 'सम्भव' – २०७४
रोचक घिमिरे – २०७४

दायित्व वाङ्मय सम्मान

अर्जुन विरक्ति तोत्रीय – २०६५
ठाकुर शर्मा भण्डारी – २०६६
घनश्याम राजकर्णिकार – २०६७
कृष्ण बाउसे – २०६८
पीताम्बरा उपाध्याय 'पीयूष' – २०६९
मोहन दुवाल – २०७०
युवराज शर्मा गौतम – २०७१
शेषराज शिवाकोटी – २०७२
वासुदेव उपाध्याय ढकाल – २०७३
गोविन्द घिमिरे 'वेदमणि' – २०७४

शङ्कर कोइराला स्मृति पुरस्कार

भागिरथी श्रेष्ठ – २०५९
मनु ब्राजाकी – २०६१
इन्द्रकुमार श्रेष्ठ 'सरित्' – २०६३
डायमन समशेर राणा – २०६५
मदनमणि दीक्षित – २०६७
एसपी आशा – २०६९
हिरण्यकुमारी पाठक – २०७०
परशु प्रधान – २०७१
मञ्जु काँचुली – २०७२
ध्रुव सापकोटा – २०७३
भाउपन्थी – २०७४

हरिकला-गुणाकर दायित्व रचना पुरस्कार

मुरारि पराजुली– २०६४
डा. महेश्वर शर्मा – २०६५
बुनू लामिछाने – २०६६
कन्हैया नासननी – २०६७
श्रीओम श्रेष्ठ 'रोदन' – २०६८
नरेन्द्रराज पौडेल – २०६९
निर्मोही व्यास – २०७०
विद्याप्रसाद घिमिरे – २०७१
प्रह्लाद पोखरेल – २०७२
आत्माराम खरेल – २०७३

वाङ्मय शताब्दीपुरूष डा. सत्यमोहन जोशीलाई अभिनन्दन – २०७१

दायित्व नै छैन कि !

■ विजयराज न्यौपाने

बेसी बात भए भएन तर खै यो देशको उन्नति
कल्ले हेर्छ दुःखी दरिद्रजनको दुर्बोधको दुर्गति ।
उम्कन्छन् सब बातले कि त कुनै दायित्व नै छैन कि !
यो नेपाल विशाल हुन्छ कसरी दायित्व सोचौं गुनी ॥१॥

सत्तामा पदमा त पुग्न छ यहाँ औधी चटारो सधैं
आफ्नै लागि छ दौडधूप कसरी सोभ्याउने हात खै !
आफूमाथि पुगे भयो ढलिमली लुट्ने र चुस्ने छिटो
खै दायित्व सुबोध गर्छ कसले यो राष्ट्र पार्ने उँचो ॥२॥

जो जो छौं पदमा सही नियतले दायित्व पूरा गरे
हट्ने थ्यो सब आज बेथिति यहाँ सच्चा सबै भै दिए ।
अर्कोमाथि लगाई दोष कहिले हामी बनौंला कहाँ !
नेपाली नबनी नयाँ अनि कहाँ नेपाल बन्ला नयाँ ॥३॥

पैले माथि चले सबै नियमले चल्ने छ आफ्नै पन
चल्दो शासन टाउको त उसकै हाम्रै छ आफ्नै तन ।
पैले ठीक त टाउको हुनु छ है जो हुन्छ त्यो टाउके
यस्तै रीत सदा चलाइ तल भो यस्ता नहुन् लाउके ॥४॥

मेरो देश उठाउने'नि पहिलो मेरो छ दायित्व नै
मेरो देश त राख्नुपर्छ मुटुमा यो भाव भुल्के सधैं ।
पुग्थ्यो देश कहाँ रसातल कठै ! उठ्ने थियो माथि यो
जो उच्चासनमा उनै प्रभृतिले पैले गुनून् मन्त्र यो ॥५॥

●●

लघुकथा

ऊ आयो, फेरि आयो

■ हिरण्यकुमारी पाठक

ऊ 'ऊ आयो फेरि आयो'

'हैन को आयो ? के फतफताइरहेको अघिदेखि हेरिहेकी छु। म आएको पनि बेर भइसक्यो देखेको हैन। एकोहोरो के भनेको भनेको, म त छक्क परिसकेँ। एकैछिन बाहिर के गएको थिएँ घरमा को आएछ कुन्नि ?"

'हैन आयो के आयो ? फेरि त्यै आयो।'

'फेरि त्यही कुरो ! को आयो भन्नुस् न कुरोको गेडी त थाहा पाउनुपर्‍यो नि, जसले हजुरलाई यस्तो बेचैनीमा पारेको छ।'

'उही के अस्ति हाम्रो वैठकको लाइब्रेरीबाट किताब हरायो भनेको थिएँ नि !'

'हो, हो अनि के भयो त किताब पाइयो ?'

'हरे त्यही त भन्दै छु, सुन न आज फेरि किताब हराउने दिन रहेछ।'

'लौ मार्‍यो कुन किताब हरायो त ? कसले लग्यो ? को हो त्यो पाजी ?'

'त्यै त भन्दै छु सुन भनेको, भन्नै नदिने यसै प्रश्नमाथि प्रश्न गर्ने ?'

'अँ ल भन्नुस् त अब सुन्छु मात्रै बोल्दिनँ।'

'तिमी गएपछि त्यो आयो 'दिदी खै ?' भन्यो, मैले 'दिदी छैन' भनेँ। ऊ सरासर वैठक कोठामा गयो। किन किन मलाई अलि अप्ठ्यारो लाग्यो र सँगसँगै कोठामा पसेँ। ऊ आरामसँग धकै नमानी सोफामा बस्यो। कोठा चारैतिर निहारिराख्यो। मेरो किताबको र्‍याकतिर बारम्बार आँखा घुमाइरह्यो। एकै छिनपछि मसँग उसले एक गिलास तातो पानी खाउँ न भनी माग्यो।'

'ए पानी खान माग्यो, अनि के भयो त ?'

'हरे ! सुन न कस्तो गजबको घटना घट्यो त्यति बेला ?'

'हो र ! लौन न के भयो, छिटो भन्नुस न !'

'मलाई त्यसको व्यवहारपट्टि शङ्का लागिरहेको थियो। तर पानी खान मागेपछि त दिनै पर्‍यो नि हैन र ?'

'हो नि घरमा आएको मानिसलाई पानी पनि नखुवाउने त हाम्रो परम्परा होइन नि ! अनि के भयो झट्ट भन्नुस् न !'

'अनि ! मैले पनि झट्ट भान्छामा भएको थर्मस र एउटा गिलास लिएर एकै मिनेटमा कोठामा पसिहालेँ। ऊ त उठेको रहेछ हडबडाउँदै थचक्क ज्याकेटभित्रबाट हात झिक्दै बस्यो र मलाई तर्सेको आँखाले हेरिह्यो।'

'अहो ! अनि के भयो त ? उसलाई पानी खुवाउनुभएन ?'

'ल पानी त थर्मससहित ल्याएकै थिएँ नि ! तर उसको त्यो अनुहार, ज्याकेटभित्रबाट हात झिकेकोमा मलाई त एकदमै शङ्का लाग्यो र कताबाट, कताबाट मलाई मेरो तेस्रो सेन्सले

काम गऱ्यो । मैले तुरुन्तै उसलाई 'उठ' भनें र उसको ज्याकेटको फास्नर खोलें । त्यसबाट त दुइटा मेरा प्रेसियस किताबहरू भरर खसे, जुन मैले अस्तिमात्र पुस्तक प्रदर्शनीबाट किनेको थिएँ ।'

'अहो कस्तो मानिस रहेछ । त्यति एक मिनेटमा नै किताब चोरी हाल्ने ?' 'मेरो त सारा शरीर झनन्न भयो, तर म संयम भएँ, आफूलाई आफ्नो मनपरेको किताबको अपहरण हुनबाट बचाउन सकें भन्ने आत्मसन्तोष भयो ।'

'अनि ! उसले केही भनेन त ? हजुरसँग माफी मागेन त ?'

'अहँ ! ऊ त निलोकालो भई मलाई हेरिरह्यो । मैले चुपचाप उसलाई तातो पानीको गिलास दिएँ । उसले घटघट पानी पियो र मलाई हेर्दै नहेरी गयो ।'

'ल ! त्यसलाई एक झापड दिनुपर्ने नि, के चुपचाप जान दिएको त ।'

'अरू भएको भए त्यसको बेहाल हुन्थ्यो होला, तर ऊ एउटा प्रोफेसर ! मैले छाडिदिएँ, मेरो हात विद्या बाँड्नेमाथि उठेन ।'

❖❖❖

गजल

■ लीलाराज दाहाल

कहाँदेखि आएँ तिम्रो शहरमा
म उसै हराएँ तिम्रो शहरमा ।

रहेछ मानवता अनि प्रेम कलुषित
चाहना जलाएँ तिम्रो शहरमा ।

न भर भयो न साथ कसैको
रित्तो हात उठाएँ तिम्रो शहरमा ।

रम्न सकेन मन खुशीले कहीँ
उदास गीत गाएँ तिम्रो शहरमा ।

उदार मन कसैको भेटिनँ कतै
जति पटक धाएँ तिम्रो शहरमा ।

उजाड भएर म फर्कें 'लीला'
धेरै हन्डर खाएँ तिम्रो शहरमा ।

कर्मैया, सर्लाही

के तपाईंलाई थाहा छ ?

२०७३ को वर्ष पुस्तक आइसकेको छ र हामी २०७४ वर्ष पुस्तकमा जुटिसकेका छौं । २०७४ वैशाखदेखि ऐ. चैत्रमसान्तसम्म निस्केका पुस्तकहरूको हामी टिप्पणीसहित परिचय प्रकाशन गर्दै छौं । हामीलाई टिप्पणीका लागि पुस्तक वा परिचयका लागि जानकारी उपलब्ध गराउनुहोस् ।

साहित्य संवर्द्धन केन्द्र
शब्दार्थ प्रकाशन
चाबेल गणेशस्थान, काठमाडौं
४४९७३५१/९८४१४९६१०३

समीक्षा

दुई कृतिमाथि एक दृष्टि

■ ठाकुर शर्मा भण्डारी

क) गीतिलयमा लिखित श्रीमद्भागवत महापुराणमा कृष्ण

श्रीमद्भागवत महापुराण आफैमा अलौकिक ग्रन्थ हो । पुराणको प्रारम्भ पद्यमा विभिन्न विद्वान्हरूले अनेक अर्थ लगाउँछन् । त्यो पद्य हो -

जन्माद्यस्य यतोऽन्वयादि तरतश्चार्थेष्वभिज्ञः स्वराट्
तेने ब्रह्म हृदा य आदि कवये मुह्यन्ति यत्सूरयः
तेजोवारिमृदां यथा विनिमयो यत्र त्रिसर्गोऽमृषा
धाम्ना स्वेन सदा निरस्तकुहकं सत्यं परं धीमहि ।

(भागवत् १-१-१)

महर्षि वेदव्यासद्वारा रचित श्रीमद्भागवत महापुराण सत्यादिको आधार हो, जीवनको मुहार हो, आचार-विचारादिको मिसाल हो । नेपाली समाजमा सप्ताहको रूपमा प्रचलित यो ग्रन्थ अत्यन्त प्रभावशाली पौराणिक ग्रन्थ हो । यस ग्रन्थका कतिपय श्लोक वा अध्यायहरूको व्याख्या जति गरे पनि सकिन्न, अनेकार्थक हुन्छ । जीवन र जगत्को बोध गराउने खालका पद्यहरू मात्र होइनन् कि मुक्तिदायक मानिन्छन् । यो ग्रन्थ केवल पुराण मात्र होइन । यसको रसास्वाद गर्ने सके जीवन सफल हुन्छ । भागवतको प्रारम्भमा नै भनिएको छ :

निगमकल्पतरोर्गलितं फलं शुकमुखादमृतद्रवसंयुतम्
पिवत भागवतं रसमालयं मुहुरहो रसिका भुविः भावुकाः ।

(भागवत् १-१-३)

यस्तो अद्भुत ग्रन्थलाई गीतिलयमा अत्यन्त सङ्क्षिप्त रूपमा आवानुवाद गरेर साधारण जनसमूहलाई भागवतको रसास्वादन गराउने कार्य कथावाचक कृष्ण अधिकारी (भवानी शङ्कर)ले गर्नुभएको छ । यो अत्यन्त स्तुत्य कार्य हो ।

विक्रम संवत् २०१८ साउन १० गते सिरुवानी वैरेनी, धादिङमा पिता कृष्णप्रसाद र माता देवमाया अधिकारीका पुत्ररत्नका रूपमा जन्मनुभएका कृष्ण अधिकारी महाकाल, काठमाडौँमा बसोवास गर्नुहुन्छ । उहाँले महर्षि वेदव्यासद्वारा रचित श्रीमद्भागवत महापुराणको लोकलयमा सङ्क्षिप्तमा भावानुवादन गर्नुभएको छ । यस पुस्तकको पाण्डुलिपिलाई हेरेर 'शुभाशीर्वाद' दिनुहुने आध्यात्मिक धरातलका विशिष्ट विद्वान् डा. रामानन्द गिरी, 'शुभेच्छा' प्रकट गर्नुहुने पण्डितवर्गहरू हुनुहुन्छ भने भूमिकालेखन स्वयं रचनाकार कृष्णले गर्नुभएको छ । कथावाचक कृष्णको अभिव्यक्तिशैलीका कारण सङ्क्षिप्तमा भागवतको अर्थ गीतिलयमा लेखिदिने चाहना अनुरूप पनि यो पुस्तक आध्यात्मिक व्यक्तित्व एवं भागवद्भक्त कुलचन्द्र न्यौपाने र श्रीमती कमलादेवी न्यौपानेले २०७४ (विवाहपञ्चमी) को समयमा प्रकाशनमा ल्याएर अत्यन्त महत्त्वपूर्ण काम गर्नुभएको छ ।

यस पुस्तकको प्रारम्भमा २०७२ वैशाख १२मा गएको महाभूकम्पको सिलसिलामा लेखिएको गीतिकविता 'महाभूकम्प' शीर्षकमा

राखिएको छ। यो भने किन राखियो ? रचनाकारलाई लाग्यो होला जीवनको कुनै सुरक्षा छैन। सर्वदा जीवन र जगत्लाई आध्यात्मिक, आधिभौतिक, आधिदैविक त्रितापले सताउँछन्, जुन वेला पनि, जे पनि हुन सक्छ, समयमै भागवतको ज्ञान हुनु आवश्यक छ भन्ने बोध गराउन हो कि ? जे होस्, रचनाकारको आफ्नो रचना राखूँ भन्ने लाग्यो तर प्रसङ्गविहीन जस्तो लाग्छ पाठकलाई।

'श्रीमद्भागवत महापुराण साङ्गीतिक लयमा' पुस्तकमा मङ्गलाचरणको रूपमा प्रार्थना र स्वस्तिवाचन, सङ्कल्प, नारायणपूजाविधि तथा मन्त्रपुष्पाञ्जली दिइएको छ, यो अति महत्त्वपूर्ण कार्य भएको छ। दैनिक साधारण जनसमूहले पूजाविधि पनि सिक्न सक्छन् र अन्य जानकारी लिन पनि सक्छन्।

पुस्तकमा भावानुवाद गरिएको भागवत महापुराणका प्रत्येक स्कन्ध पद्यहरू गीतिलयमा रहेका छन्। प्रथमस्कन्धका उन्नाइस अध्याय र सात सय अन्ठानब्बे श्लोकलाई पाँच लाइनका तेइस पद्यमा रचना गरिएको छ।

द्वितीयस्कन्धका दश अध्याय र तिन सय एकानब्बे श्लोकलाई पाँच लाइनका दश पद्यमा रचना गरिएको छ।

तृतीयस्कन्धका तेत्तीस अध्याय र एक हजार चार सय एघार श्लोकलाई पाँच लाइनका एकचालीस पद्यमा रचना गरिएको छ।

चतुर्थस्कन्धका एकतीस अध्याय र एक हजार चार सय चौवालीस श्लोकलाई पाँच लाइनका पैंतिस पद्यमा रचना गरिएको छ।

पञ्चमस्कन्धका छब्बीस अध्याय र छ सय सत्तरी श्लोकलाई पाँच लाइनका तीस पद्यमा रचना गरिएको छ।

षष्ठस्कन्धका उन्नाइस अध्याय र आठ सय छ श्लोकलाई पाँच लाइनका चौबीस पद्यमा रचना गरिएको छ।

सप्तमस्कन्धका पन्ध्र अध्याय र सात सय पचास श्लोकलाई पाँच लाइनका बीस पद्यमा रचना गरिएको छ।

अष्टमस्कन्धका तेइस अध्याय र नौ सय साठी श्लोकलाई पाँच लाइनका उनन्तीस पद्यमा रचना गरिएको छ।

नवमस्कन्धका चौबीस अध्याय र नौ सय चौसट्ठी श्लोकलाई पाँच लाइनका बाइस पद्यमा रचना गरिएको छ।

दशमस्कन्ध (पूर्वार्द्ध)का उनान्चास अध्याय र दुई हजार सोह्र श्लोकलाई पाँच लाइनका बाउन्न पद्यमा रचना गरिएको छ।

दशमस्कन्ध (उत्तरार्द्ध)का एकचालीस अध्याय र एक हजार आठ सय एकानब्बे श्लोकलाई वेदस्तुतिसहित पाँच लाइनका चौरासी पद्यमा रचना गरिएको छ।

एकादशस्कन्धका एकतीस अध्याय र एक हजार तीन सय सतसट्ठी श्लोकलाई पाँच लाइनका अन्ठाउन्न पद्यमा रचना गरिएको छ।

द्वादशस्कन्धमा तेह्र अध्याय र पाँच सय उनान्सत्तरी श्लोकलाई पाँच लाइनका बीस पद्यमा रचना गरिएको छ।

यसरी पुस्तकको अन्त्यमा भागवतभित्र कति अध्याय र कति श्लोक सङ्ख्या छ भन्ने जानकारी हुनुका साथै यसको महत्त्व बताउने सदुपदेशका श्लोकहरू र आरती पनि नेपाली भाषामा दिइएको छ। प्रत्येक स्कन्धको प्रारम्भिक श्लोकले स्कन्धभित्रको अध्याय र पद्य सङ्ख्या बताउने काम भएको छ र महत्त्वपूर्ण संस्कृत पद्यहरू दिइएको छ। स्कन्धान्तमा

शिवलिङ्गको चित्र दिएर रचनाकारले ईश्वरीय तत्त्वमा कुनै भेद छैन भन्ने यथार्थ ज्ञान दिन खोज्नुभएको छ । साङ्गीतिक लयमा लेखिएको यस पुस्तकले आध्यात्मिक क्षेत्रमा लागेका हर कोही व्यक्तिलाई अवश्य पनि सहयोग पुऱ्याउने छ भन्दै आफ्नो भावना यसरी व्यक्त गर्दछु :

कृष्णको भावनाभित्र ईश्वरीय पुकार छ
आध्यात्मिक सुधा मिल्दा संसार अर्थपूर्ण छ ।

श्रीमद्भागवतानन्द लोकमा हो अलौकिक
यो कल्पतरु पाएर को हुँदैन र ! विस्मित ।
जति जति बुझ्यो उस्तै बुझ्ने भाव उदाउने
नयाँ प्रकाशमा ध्यानी पुरो झैँ सत्य पाउने ।

प्रकृतिभित्रको चित्र विचित्र छ सधैँभरि
यही चित्र यसैभित्र भेटिन्छ यो सुधासरी ।

साङ्गीतिक कला ल्याई कृष्णजी गीत गाउँछन्
पूर्णताको सुधा-प्याला पिलाई मीत लाउँछन् ।

०००

ख) मुकुन्दको 'ईश्वर छैन' कविताकृति नियाल्दा

'यो मेरो सत्तरी वर्षको जीवन र जगत् तथा जन्म र मृत्युको सीमाभित्र अल्झिरहेका जीवनमा मैले जे देखेँ, भोगेँ पनि अनुभूतिका कुराहरू हिजोसम्म मैले मेरा यी कविताहरू खल्तीमा हालेर हिँडेको थिएँ। आज यहाँहरूको हातमा राखिदिएको छु- ईश्वर छैन कवितासङ्ग्रहमार्फत् ....।' यो भनाइ हो कवि मुकुन्द न्यौपानेको ।

वि.सं. २०७४ सालमा ज्योति साहित्य प्रतिष्ठान काठमाडौँले ईश्वर छैन कवितासङ्ग्रह प्रकाशनमा ल्याएको छ। उहाँसँग सधैँ साहित्यिक सभासमारोहमा भेट हुन्छ, अवसर पाए निर्धक्कसँग कवितावाचन गर्नुहुन्छ, नभए त्यहाँ परेको सेवा गर्नुहुन्छ । विभिन्न संस्थासँग सम्बद्ध रहेर साहित्यसेवा गर्न उत्सुक व्यक्तित्व मुकुन्दको भावना सर्वदा निर्मल पाएको छु ।

पिता शिवप्रसाद न्यौपाने माता मन न्यौपानेका सुपुत्रको जन्म वि. सं. २००३ कार्तिक २३ गते लाजिम्पाट काठमाडौँमा भएको हो । आजसम्म प्रकाशित कृतिहरूमा - भाव (कवितासङ्ग्रह, २०६८), चेतना (आध्यात्मिक कवितासङ्ग्रह, २०६९), खण्डित स्वप्न (कवितासङ्ग्रह, २०७०) र ईश्वर छैन (कवितासङ्ग्रह, २०७४) रहेका छन् ।

उहाँको संलग्नता भने विभिन्न संस्थाहरूसँग रहेको छ । न्यौपाने बन्धु समाज स्थानीय समिति लाजिम्पाट, काठमाडौँको कोषाध्यक्ष (२०६८), ज्योति साहित्य प्रतिष्ठानको आजीवन सदस्य (२०७२), संसाक पाक्षिक पत्रिकाका विशिष्ट सदस्य (२०७२), जनसाहित्यिक मञ्चको साधारण सदस्य (२०७२), साहित्यिक साप्ताहिक कपन बानेश्वरको आजीवन सदस्य (२०७३), दायित्व साहित्यिक पत्रिकाको आजीवन सदस्य (२०७३), तीर्थ स्मृति प्रतिष्ठानको आजीवन सदस्य (२०७३), नेपाली लेखक संघको सदस्य (२०७३), स्रष्टा समाज काठमाडौँको आजीवन सदस्य आदि रहेका छन् ।

प्रज्ञा प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रतीको शुभकामना मन्तव्य, मणिराज सिंहको समाजोपयोगी कवितासङ्ग्रह भनिएको लेख र कमला रिसाल 'ज्योति'को समाजको सजीव चित्र शीर्षकको लेखले कविताको विषयमा प्रशस्त बोलेका छन् ।

समाजमा भएका घटनाहरू नै विषयवस्तु भएको हुनाले समसामयिक कविताहरू समावेश गरिएको यस सङ्ग्रहमा सरलशैलीका कविता रहेका छन् । मलाई ईश्वर छैन भनेर ठोकुवा कसरी गरियो भनेर मनमा घोचेको

थियो तर पुस्तकभित्रको ईश्वर छैन शीर्षक रहेको कवितालाई पढें, व्यङ्ग्य पो रहेछ शीर्षक त । त्यसैलाई मूल शीर्षक बनाइएको रहेछ ।

कवि मुकुन्दसँग सधैँ साक्षात्कार हुन्छ, अत्यन्त सरल प्रकृतिका व्यक्तित्व र ईश्वरीय भावनाबाट प्रस्तुत भएको अनुभव गरेको थिएँ, कविता पढेपछि स्पष्ट भयो । त्यहाँ भनिएको छ :

एउटा बुद्ध/कुनै दिन आउँछ/विश्वास गर/शान्तिको दूत बन्दै/विश्वशान्तिको लागि ।

(पृष्ठ २३)

यस सङ्ग्रहभित्र सन्ताउन्नवटा शीर्षकका कविता रहेका छन् । ती हुन् : कल्पिएको मन, के माग्न आउँछौँ ?, आमा ! समय पर्ख, सुखद रहस्य, जीवनचक्र, नेताहरूलाई आग्रह, यात्रा, तथ्य, तिम्रो आशमा, तिमी हुँदा तिमी नहुँदा, मात्र हेरिरहेछु, देशको माया, दोष कसको ?, मृत्युलाई, ईश्वर छैन, तिमीसित, प्रण, मन, वास्तविकता के हो ?, मृत्युबोध, देवता र मान्छे, प्रकृति, बैँशको चित्र, आराधना, पीडाको अर्थ, माया, काल महिमा, बुद्धको मन्त्र, तिमी कता म कता, प्रश्न, हातेमालो गरौँ, भूकम्पमा धैर्य गरौँ, भुँइचालो र मान्छे, म खोजिरहेछु, एक्लो बोध, चिहान देख्दा, अव्यक्त पीडा, मान्छे, वृद्धावस्था, मित्र धिक्कार छ, धर्ती आफ्नै राम्रो, ऊ र म, नसुल्झेको प्रश्न, कवि र कविता, अदृश्य आँखाबाट हेर्दा, वेदनाको इतिहास, मेरो मृत्यु, कवि, शून्यता, अस्थिरता, जीवन, देशको पीडा, खै कता छ ? स्वतन्त्रता, चेतना भया, मृत्यु, मेरो जीवन, शान्ति छाउँछ ।

यी कविताहरूमा समसामयिक विषयवस्तुलाई समेटिएको कुरा शीर्षकहरूले बताएका छन् । कतै प्रेमका कुरा, कतै देश दुखेका कुरा, कतै नेतालाई सतर्क बनाएका कुरा, कतै मान्छे स्वयं देवता बन्न सक्छ तर यहाँ कोही पनि देवता छैन शान्ति छर्न बुद्धजस्ता देवता आउँछन् भन्ने भावना, भूकम्पले दुःख दिएको प्रसङ्ग र जीवनका सन्दर्भहरू आदि कविताका मुख्य विषयवस्तु हुन् । छोटा, सरलशैलीका कविताहरूले समाजको चित्रण गरेका छन् । केही कविताका बान्की हेरौँ :

जीवन जीवन हो/यात्रा नै जीवन हो/जीवनको अस्थिरताप्रति/सोच्न बाध्य भएँ म..(पृष्ठ १५)

हिजो तिमी हुँदा म औँसीको रातलाई पूर्णिमाको चाँदनी देख्थेँ । पुस माघको सिरेटोलाई चैत वैशाखको धुप देख्थेँ । आज तिमी नहुँदा पूर्णिमाको रातलाई औँसीको रात देख्छु । त्यसैले त सबै मलाई पागल भन्छन् । (पृष्ठ १८)

मेरो देशमा के छैन ?/प्रकृतिले दिएका झरना र ताल छन्/सुन्द हिमाल छ । (पृष्ठ ४९)

यसरी सुन्दर छोटा मीठा कविता लेख्ने कवि मुकुन्द न्यौपानेलाई कवितात्मक बधाई दिँदै सानो भनाइ टुङ्ग्याउँछु :

हातेमालो गरी हिँड्ने भावना छ जहीँ तहीँ
सजिला कविताभित्र सौन्दर्य छ जहीँ तहीँ ।

कल्पिने मनका भाव ईश्वर छैन भन्नुमा
देशको ममता जाग्छ पीडाले दिन्छ साधना ।

नझुल्किने कतै प्रश्न प्रकृतिभित्रका कुरा
कालको महिमा खोल्दै प्रेमका भाव छन् छुरा ।

धर्ती आफ्नो सधैँ राम्रो हुन्छ स्वर्ग समान छ
हिमाली दिव्य-आनन्द पाइने स्वच्छ ठाम छ ।

यही सुन्दर नेपाल कविमा खुल्छ साधना
बधाई छ बधाई छ बधाई शुभ-कामना ।

२०७४ माघ ५

अनुवाद

डिकेन्स र अभिशप्त बालबालिकाहरू

■ रामबहादुर पहाडी

दुई सय वर्षको अवधि एउटा अजर, अमर तथा महा शक्तिशाली पुरुषका लागि के लामो हो र ? हामीलाई क्रिसमस पर्वको उल्लास प्रदान गर्ने ती महापुरुष चार्ल्स डिकेन्सको सम्झनामा उसको जन्मदिवस फेब्रुअरी ७, १८१२ मा अनेकानेक रमाइला क्रियाकलापहरू गरेर विश्वमा महिनाभरि नै उत्सव मनाइन्छ। आश्चर्य लाग्ला 'अ क्रिसमस' गीतमा हामीलाई सेतो क्रिसमसको उत्पत्तिको कल्पनाशील विचार प्रदान गर्ने ती महापुरुषको चिन्तन महासागरझैँ गहिरो थियो। अपमानजनक अनाथालयमा आश्रित बालबालिका, सानातिना अपराधकर्मी र विपन्न वर्गका महिलाहरूको दारुण चित्र प्रकाशमा ल्याएर डिकेन्सले उन्नाइसौँ शताब्दीको लन्डनको सामाजिक अवस्थाको ऐना देखाएका छन्।

बालक डिकेन्सले हप्ताको छ सिलिङ ज्याला लिएर दंशक र हिंस्रक जनावरबाट प्रभावित एउटा गोदाममा सिसीका बोतलहरूमा कालो छाप टाँस्ने काम गर्थे। अज्ञानताको यो हानी नै उनको जीवनको सांघातिक क्षण सावित हुन गयो। यहाँसम्म कि पछिल्ला समयमा आफै छक्क पर्दै उनले 'यति सानो उमेरमा म परिवार र साजबाट कसरी परित्यक्त भएँ हुँला' भनेर लेखेका छन्। मध्यमवर्गीय बालबालिकाहरूको दयनीय अवस्था चित्रण गर्ने कारकतत्वको रूपमा उनको लेखकीय मस्तिष्कमा यसैको छाप पर्न गयो र उनका उपन्यासहरूमा प्रतिविम्बित हुन गयो। हामीजस्ता मान्छे, जो बालश्रम र बालदरिद्रताको विकल्प पहिल्याउन निरन्तर रूपमा लागि परेका छौँ र पीडा तथा प्रेमको अनुभूति गर्दछौँ। त्यसको विम्ब उनका रचनाहरूमा छताछुल्ल भएका हुन्छन्। गरिबीका विषयमा उनका रेखाचित्र र वर्णनहरू यति मार्मिक र यति हृदयस्पर्शी छन्, 'डिकेन्सवाद' भन्ने शब्द नै दरिद्र र दलितहरूको पर्यावाची हुन गएको छ। पछि भएर उनले रेडटेप (लाल फिता साही) शब्दलाई नै संसारमा प्रचलित गराउन सहयोग गरे, जुन शब्दले हाम्रो वर्तमान प्रशासन तन्त्रलाई दूषित तुल्याउँछ र असल प्रशासनलाई चोट पुऱ्याउँछ। महिलाहरूप्रति खास आश्चर्य नलाग्ने मानिएका उनका भिक्टोरियाकालीन प्रवृत्तिबारे धेरै शब्द खर्च गरिएका छन् र धेरै कुरा लेखिएका छन्। 'हेरचाह गर्ने' र 'कर्तव्यपरायण स्वास्नीहरू' जस्ता शब्दहरू पटकपटक प्रयोग गरेर उनले आफ्ना महिला पात्रहरूको निर्माण र विकास गरे। उदाहरणका लागि उनको 'ग्रेट एक्पेक्टेसन्स' नामक उपन्यासलाई लिन सकिन्छ। यस उपन्यासमा विड्डी पिपकी उनको पहिली गुरुआमा र आजीवन मित्र हुन्छे। विवाह पश्चात् विड्डी के भई र कहाँ गई भन्ने विषय भने अनुत्तरित रहेको छ। तर यसले कामदार वर्गका महिलाहरूका बारेमा जेलिएका शंसय र वक्रोक्तिबारे समसामयिक समाजमा आगो नै ओकल्यो।

डिकेन्सको संचार यस्तो थियो, जहाँ भिक्टोरियाकालीन महिलाहरूलाई पुरुष भक्ति,

सतीत्व, पराधीनता, गार्हस्थ्य र स्त्रीत्व सदाचार विषयमा तालिम दिइन्थ्यो । प्रतियोगितामा उनीहरूलाई घोडालाई झैँ दगुराइन्थ्यो । तर उनको लोहित र समाज सुधारप्रति रहेको तीव्र इच्छा दलित र अपहेलित महिलाहरूप्रति आकर्षित भयो, जसका वरिपरि उनी अल्मलिए र भिक्टोरियाकालीन नैतिक पुरुषार्थको रक्षा गरे । उनले एउटी अत्यन्त सुन्दरी र तरुणी आमा क्यारोलिन थम्पसनद्वारा प्रेरित र प्रभावित भएर 'लिटिल डोरिट' लेखेका हुन्, जो आफ्नो काखको बच्चालाई पालनपोषण गर्न बाध्य भएर वेश्यावृत्ति पेशा अँगाल्न पुगी । उनका उपन्यासहरूमा दलित महिलाहरू निर्वासित नभएर शोषित थिए । त्यसैले उनले मध्यमवर्गका पाठकहरूको रुचिलाई लक्ष्य गरेर आफ्ना पात्रहरूको निर्माण गरेका थिए ।

जे भए तापनि अन्तिम समयमा डिकेन्सले आफ्नी उत्तराधिकारिणी एङ्गोला बुरडेट कुत्सको आर्थिक सहयोगमा 'युरेनिया कटेज' स्थापना गरे, जो परित्यक्त महिलाहरूका लागि आश्रयस्थल हुन पुगेको थियो । त्यहाँ थम्पसन जस्ता धेरै महिलाहरूलाई बिहा गराइदिएर घरेलु कामदारको तालिम दिइन्थ्यो । तर यसका लागि उनीहरूले देश छोडेर अन्यत्र जानुपर्ने शर्तनामाको कागजमा सहीछाप गर्नुपर्ने हुन्थ्यो । भन्नु नपर्ला, यस्ता महिलाहरूका लागि इज्जतदार समाजमा सम्मिलित हुन असम्भव थियो । त्यसैले कैयौँको सङ्ख्यामा उनीहरू क्यानाडा वा अष्ट्रेलिया जस्ता दूरदेशमा पलायन भए ।

विविसीको एउटा भव्य उत्पादन निर्माणमा लिटिल डोरिटको सम्झना एकपटक फेरि जागृत गराइएको छ र उसको जीवनकथा जेनी हार्टलीद्वारा लिखित 'चार्ल्स डिकेन्स एन्ड हाउस अफ फालेन वुमेन' नामक एउटा नयाँ पुस्तकमा पहिलो पटक वाचन गरिएको छ ।

डिकेन्सले जीवनलाई उज्यालो पक्षबाट पनि हेर्थे । भनिन्छ उनीसँग ख्यालठट्टाको एउटा अति विशाल भण्डार थियो । उनले प्रत्यक्ष रूपमा कथा वाचन गर्दा आफ्ना पात्रहरूको बोली र शैली दुरुस्त ग्रहण गरेर उनीहरूमा जीवन प्रक्षेपण गर्थे र श्रोताहरूमाझ कार्यक्रमलाई जीवन्त तुल्याउँथे । 'पिकविक पेपर' को अराबेला अलेनदेखि लिएर 'आवर म्युचुअल फ्रेन्ड'को युगेन रेबर्नसम्म आइपुग्दा उनका पात्रहरूको सङ्ख्या ९८९ पुगेको छ । सबैका सबै नसकौँला, तर हामी १८४३ मा लेखिएको 'अ क्रिसमस क्यारोल' नामक कथाको कन्जुस पात्र स्कुजसँग पूर्ण परिचित छौँ र हामी सबैका सबैले सेतो क्रिसमस देख्न नपाए पनि हामीसँग उनका ती क्रिसमस गीतहरू छन् । त्यो गीत पनि छ, जसले हामीलाई र हरेक वर्ष डिकेन्सको सम्झना जीवन्त गराइरहनेछ ।

❖❖❖

तपाईंले निजीस्तरबाट प्रकाशित हुने 'दायित्व'लगायत अन्य साहित्यिक पत्रिकाहरू पढ्नुभएको छ ?

रचना, अभिव्यक्ति, भानु, रश्मि, वेदना, हाम्रो पुरुषार्थ, नाद-बिन्दु, चैतन्यज्योति, वनिता, जनमत, उन्नयन, तन्नेरी, वैश्वानर वार्ता, मनोभाव, अयन, दोभान, अभिनव, शब्दाङ्कुर, अक्षर, अन्तर्बोध, महामण्डल, साहित्यसागर, नव-प्रज्ञापन, शब्दसंयोजन, कौशिकी, ज्ञानगुनका कुरा, निर्झर, कल्पतरू, वैजयन्ती, शब्दसिन्धु, हिमाली गुराँस, फित्कौली, सुलेख, कपन-बानेश्वर, संसाक, रजस्थल आदि ।

कथा

सिंहदर्बारको डर !

■ नरेन्द्रराज पौडेल

त्यस दिन गाउँमा अलि बेग्लै खालको खैलावैला चल्यो । किन त भन्दा गाउँकी सबैभन्दा पाकी र सबैको आस्था सम्मानको केन्द्र बनेकी गंङ्गी आमा झोकाएको ठ्याक्कै हप्ता दिन पुगिसकेछ । सारसउँधी छँदा छरछिमेक वरपर तलमाथि गरिरहने गङ्गी आमा आफ्नै घरको फलैंचामा बसेर एकोतार घोरिन थालेपछि छोराबुहारी नातीनातिना अन्योलमा परे । पल्लो तल्लो गउँलेसमेत आमैलाई ठूलै रोगले छोएको आशङ्कामा थर्कमान भए । अस्तिमात्रै चुनावको बेला त्यत्रो ताउरमाउर देखाएकी आमै एक्कासि थला परे झैँ भइन् । पहिलेकी त्यतिसारो पुखली आमै आफ्नो परिवार र उनाउ कसैलाई कुरा खुलस्त नगरी मात्र झोक्राएकी थिइन् । हुँदाहुँदै दिनको अतिरिक्त रातमा पनि बर्बराउन थालिछन् । हप्ता दिनजति भएको थियो, त्यो घटनाले मूर्तरूप लिएको । अब त भएन भनेर छोराहरूले गाउँका बूढापाका र नवनिर्वाचित जनप्रतिनिधि बोलाए । फलैंचा पिँडी र आँगनभरी गाउँलेहरू कुएर लागे । भूकम्पले पूरै थिलथिलो हुँदा पनि पुनर्निर्माण हुन नसकेको टालटुले घर ठूलै चाडबाड आए झैँ गुल्जार देखियो । आमैलाई सम्झाइबुझाइ गर्न तरहतरहका आश्वासनका कुरा उठे । नवनिर्वाचित ओडा र गाउँपालिका अध्यक्षले त आफ्नो कार्यकालमा वृद्धभत्ता थपिदिने हेरचाह र स्वास्थ्य उपचारको थप व्यवस्था गर्ने, परिवारको बेरोजगारी घटाउने, आयस्रोतलाई दश दोब्बरले बढाउनेजस्ता अनेक आश्वासनका पेटारा खोले । महिला नेतृहरूले आमैसँग मातृत्व र लैङ्गिक समस्यातर्फ इङ्गित गर्दै विशेष प्रकारले सोधपुछ गरे । तर उनी मनका कुरा खोल्न तयार भइनन् । गाउँका पुरेत ज्योतिषी धामी झाँक्रीले पनि गच्छेअनुसार ग्रहगोचर र जोखाना हेरे । तर त्यति नराम्रो ग्रहदशा र लागूभागू केही देखिएन । बूढी आमाको मनको कुरा पत्ता लगाउन कोही नसक्ने । उनी झोक्राउने, बोलिहाले पनि एकदुई लवज नबुझिनेगरी भुतभुताउने मात्र । निकै दिनसम्म आजित भए छोराबुहारी अनि छिमेकीहरू ।

एक दिन गङ्गी आमा आफैले गाउँका नेता भद्रभलाद्मी जम्मा गर्न लगाइन । छोरा नाती केही दोष झमेला आउने आशङ्काले अलि डराए । उनीहरूले एक सासमा गाउँले र वरिपरिका मान्छेसमेत जम्मा गरे । घरको पिँडी फैलैंचा र आँगनमा समेत नअटाउने भएपछि गाउँमाथि चौतारामा छलफल गर्ने सहमति भयो । चैतारीको डीलमा टुसुक्क बसेकी गङ्गी आमा आफैले घोषणा गरिन्–"हेर ठूलाठालू अधच्छे उपअधच्छे बाबु नानी हो ! आज मलाई एउटा कुराले सताएको छ । त्यो के भन्दा अहिलेसम्मम काठमाण्डूमा अनमरिएको सिंहदर्बार अब गाउँगाउँमा आउने भो अरे ! यसै खबरले मलाई दिनरात

भोक न निद्रा बनाएको छ ।" बूढी आमाको कुरा अनौठो लाग्यो सबैलाई । "गाउँ गाउँमा सिंहदर्बार आउँदा झन् खुशी हुनुपर्ने होइन र आमा ! जनताका अधिकार विकास अनि ऐन कानून सब गाउँमै बन्ने भए । अनि लागू हुने पनि गाउँमै" केटौले उमेरका वडा अध्यक्ष चिच्याए ।

"हँन केको खुशी हुनु भन्छ यो उम्रदैको तीनपाते ? सय वर्ष बूढो सिंहदर्बारले तिमेरुलाई पनि अफैजस्तो घुस्याहा अल्छी निकम्मा परावलम्बी बनाउँछ अब !" बूढी आमा जङ्गिइन् ।

उनको घतलाग्दो कुराले त्यहाँ जम्मा भएका अधवैंशे र अलिकति जान्नेसुन्ने पाका उमेरेहरू एकाएक तिलमिलाए । आमैको समर्थन बढ्यो ।

"हो त नि सिंहदर्बार गाउँमा आयो भने मारपीट झगडा पनि साथै ल्याउँछ । फरकै छैन । आफै बस्ने घरमा भ्यालढोका हान्ने, गारोभित्तो भत्काउने, हाकिमलाई चर्पीमा थुन्ने, कठालो समातेर लवटा चखाउँदै घोक्रेठ्याक लगाउने सिंहदर्बारभित्रका कर्मचारी हर्कतहरू गाउँ पस्न के बेर ? त्यस्तो पनि सरकारी अफिस हुन्छ ? त्यो त पहलवानले कुस्ती खेल्ने अखाडा भन्ने कि हस्तिनापुरको युद्धमैदानजस्तो पो लाग्यो मलाई त ।" हरिप्रसाद बाजे चर्किदै थिए । उनी आफ्नो जिल्लाको मन्त्री भेट्न सिंहदर्बार छिरेको बेला कर्मचारी आन्दोलनको फेला परेका रहेछन् । अनि उतिबेर अन्दोलनकारीकै कित्तामा दर्ज भएर प्रहरीको डन्डाले ढन्डेसो सेकिने मेसोमा परेछन् । "त्यही सिंहदर्बार अनि तिनै कर्मचारी गाउँमा आएर बेलामौका अफिसघर भत्काउने, आआफै मारपीट गर्ने हाकिमलाई कालोमोसो दलेर घोक्रेठ्याक लगाउने हर्कत हुन थाल्यो भनेपछि खतम भएन ?" उनको थप तर्क थियो "कामधामजति फिल्डमा नभै कागज र दाममा गर्ने अनि सालतमामी कुरेर प्रिपेड बुझ्दा चैं कामै नगरे पनि सम्पन्न प्रतिवेदनको बिल भर्पाई यावत् कुरा आफै तयार हुँदा रहेछन् सिंहदर्बारमा । बेतालजस्तो जालीजुलुमी र अजिङ्गरजस्तो हन्तकाली सिंहदर्बार आफ्नै गाउँमा पस्यो भने गाउँका बालबच्चा कहाँ बाँकी राख्ला त ?" ठेकदार र हाकिमपीडित अर्का भद्र मान्छे चर्किदै प्रश्न गर्दै थिए । "जो चोर उसैको ठूलो सोर भन्ने उखान चरितार्थ हुन्छ रे त्यताहुँदी । नेपाल बन्द नभई प्रोजेक्ट चलाउन सकिन्न भन्छन् रे ! आयोजनाका चीफहरू । सिंहदर्बार र आसपास रजाइँ गर्ने सुकिलामुकिला भद्रजनले राम्रो कमाइ गरेपछि खाल्डो खनेर नोटका बाकस बोरा पुर्ने काममात्र गर्छन् रे ! आयोग गयोग संयोग वियोग जे जे बन्छन्, ती सबै ठूला मान्छेलाई हनिमुन मनाउन बनेका हुन्छन् रे ! अरब खरबका गाडी त्यत्तिकै थोत्रिँदा र राख्ने ठाउँ नहुँदा पनि नयाँ गाडी किन्नै पर्ने नत्र पेट खाली भए झैँ कराएर शोला हिँड्न थाल्छ रे आयुक्तहरूका । खरिदको मोटो दस्तुरी नपाउँदासम्म मुटुमगज दुवै काम गर्न छोडेर नकाम बन्छन् रे ! साहुबेपारी पोसेर देश टाट पार्नेहरू बस्ने सिंहदर्बार गाउँ पस्यो भने के विघ्न होला त लौ ?" डरलाग्दो शङ्का निकाल्दै थिए अर्का अर्का थरीथरीका भलाद्मीहरू । "मान्छेको मति नै थिति ठिगानमा हुन्न रे सिंहदर्बारभित्र पसेपछि । सानोतिनो टेबिलको काम गर्न मनै लाग्दैन रे ! कि चेक काटेर प्रिपेड खान कि

त झण्डा बोकेर पार्टीअफिस जानमात्र मन लाग्छ रे त्यहाँ बसेपछि। अरबखरब गायब गर्ने जाली धुन चल्छ रे ! अनि खाली विदेश विदेश विदेश जाउँमात्र भन्छ रे मनले। देशको मायादया कतकता हराउँछ रे ! अनि पार्टीको पुच्छर दलाल जनतामारा जे जे भन्दा पनि लुतो कनाए झैं आनन्द लग्छ रे त्यहाँका कर्मचारीलाई। त्यही पार्टीलाई अलिअलि बुझाउँदै आफू कुस्त कमाउँदै गर्दाको हाइसन्चो कहाँ मिल्नु र गाउँमा ?" अर्का बुज्रुक पड्किए।

"देशका कलिला बालबालिकालाई ढलमा पुरेर मजा मान्ने प्रवृत्ति छ रे सिंहदर्बारको। सद्दे ढल पेटी, बाटा त एक दिन पनि देख्नै नहुने, देखे भत्काइहाल्नुपर्ने जनतामैत्री छ रे सिंहदर्बार। त्यही आनीबानी सरेर गाउँको सुधो बानी नै खरानी पार्ने हो कि ? पिच स्वाट्टै पिउँछ रे पहिरा गऱ्यामगुरुम चपाएर रस निल्छ रे हो नि ! युवायुवती विदेश पठाएर अपहरण मृत्यु अनि ब्लडमनीको नियोरा गर्छ रे सिंहदर्बारले। चेलीबेटीको बेपार गर्ने र युवाकिशोरको मृगौला मुटु रगत पसिना जे जे सकिन्छ निर्यात गर्ने कामको जहजीकरण गर्छ रे सिंहदर्बारले। अब त्यही सिंहदर्बार हामीजस्ता सोझासीधा नागरिकको गाउँमा पस्यो भने के हालत होला हाम्रो अनि गाउँको पनि !" यस्तै खलबल गर्दै थिए थपथाप भद्रजनहरू पनि। त्यही खैलाबैलाको बीचमा सिंहदर्बार त ढोका छेउबाट गाउँभित्र चियाउनै पो थालेछ। माउ चितुवाको अगाडि डमरु बनेर नेताजति खुसियालीमा गर्जंदै थिए। तर बाखा बनेर गाउँलेहरू सिटपिटाएका दखिन्थे।

सम्पर्क : ९८४१६४७१८९

गृहप्रवेश हुनुभन्दा पहिले

■ अशोक खन्ना 'अशोक'

नयाँ बनिबनाउ घर किनेको
गृहप्रवेशको शुभ मुहूर्त
भोलिको दिनलाई जुऱ्यो
त्यसको व्यवस्थाको लागि
अहिले श्रीमतीसँग आएको छु।

आँगनमा आएँ
जुरेलीले आफ्नो गुँड
बनाएर झुन्ड्याएछ।

बैठक कोठाको छतबाट
पङ्खा झुन्ड्याउने खाली ठाउँमा
चराका बच्चाहरू चिर्रचिर्र गरिरहेथे।

शयनकक्षको झ्यालमा
परेवाका एक जोडी
घुरुर्र घुरुर्र गर्दै
प्रणयक्रीडा मग्न थिए।

भान्छाकोठा खोल्ने बित्तिकै
दुइटा मुसा दौडिए
करेसाबाट धम्मको आवाज आयो
हेरेको त बिरालो रहेछ।

माथि छतको एक कुनामा
एउटा सुगा र मैना
खोइ, एक-आपसमा
के-के गुनगुन गरिरहेथे।

हामीभन्दा पहिले नै
यिनीहरू सबैले गृहप्रवेश गरिसकेछन्
हाम्रो स्वागतको लागि तत्पर
हाम्रो बाटो हेर्दै।

नेपाली अनुवादः **राजकुमार श्रेष्ठ**

समालोचना

भावका आधारमा 'हतार छैन हतार छ' निबन्धसङ्ग्रह

■ मीरादेवी धिताल

१. यथार्थवादी भाव

• मानवजीवनमा घट्ने यथार्थ कुराको चित्रण यथार्थवादी साहित्यमा हुन्छ । निबन्धकार भीष्म उप्रेतीले आफ्नो जीवन भोगाइको मार्मिक अनुभव, आफ्ना सेरोफेरोको वातावरणको ऐतिहासिक, मनोवैज्ञानिक, राजनैतिक, शैक्षिक, आर्थिक पक्षमा भएका यथार्थ कुराको चित्रण आफ्नो निबन्धात्मक कृति 'हतार छैन हतार छ'मा गरेका छन् जसलाई निम्न बुँदामा वर्गीकरण गरी प्रस्तुत गरिएको छ ।

(क) ऐतिहासिक यथार्थ

सोलुखुम्बुको सल्लेरी बजारमा केही वर्षअघि भएको जनयुद्धले त्यहाँका मानिसहरूमा ल्याएको सन्त्रस्त मानसिकता र बाँच्ने जिजीविषाले बोलेका सुस्केराहरू निबन्धकारसँग यसरी अभिव्यक्ति भएको छ :

'गाउँमा बाँच्न नदिने भए । के गर्नु र ! त्यत्तिकै अनाहकमा मर्न पनि सकिएन । त्यसैले भएको सबै जेथो त्यत्तिकै छोडेर यहाँ आएका छौँ । अबचाहिँ बाँचिन्छ कि !' (विचारको भुमरी, पृष्ठ २९) 'कुनै चिया पसलमा अथवा चौतारीमा बसेर पल्लो घरको छिमेकीलाई सराप्नदेखि देशको राजनीति हुँदै अन्तर्राष्ट्रिय मामिलाहरूमा धाराप्रवाह बोलिरहन्छौँ ।' (हतार छैन हतार छ, पृष्ठ ४१)

(ख) मनोवैज्ञानिक यथार्थ

बाल्यकालको घटना र आफ्ना अग्रज (जिजुबा) हरूको छाप मानव मनमा कसरी रहिरहेको हुन्छ भन्ने यथार्थ भाव यसरी देखाइएको छ :

'मेरो बालमस्तिष्कमा भरिएको त्यो सौन्दर्यको अमीट छाप अझै पनि जिउँदै छ ।' (हिँड्दै गर्दा, पृष्ठ १)

नौलो वातावरणमा समायोजन हुन मानिसलाई गाह्रो हुन्छ भन्ने कुरा यसरी प्रस्तुत गरिएको छ :

'उक्त वाणीले झ्वाम्मै समात्यो मलाई र अनुभूति, विचार र एउटा औडाहको प्रदेशभित्र धकेलेर छाडिदियो ।' (रात पर्दै गइरहेको, पृष्ठ २१) 'यो मन साह्रै एब्स्ट्रयाक्ट भएकैले शायद मान्छे पनि साह्रै जटिल भएको हो ।' (रात पर्दै गइरहेको, पृष्ठ २२)

मान्छेमा भएको अहंले सही बाटो समात्न नसकेमा जीवन सुखमय हुनुको सट्टामा दुःखी बन्न सक्ने यथार्थलाई निबन्धकार यसरी प्रस्तुत गर्दछन् :

'अहम्को पर्खालले खुशीका उज्याला इन्द्रेणी रङहरूलाई हामीसम्म आउनबाट रोकिदिएपछि हामी जीवनको असीम आनन्दबाट वञ्चित हुन पुग्छौँ ।' (सम्बन्धको सौन्दर्य, पृष्ठ १०६) 'अहम् र असहिष्णुताले हाम्रो आँखा र मस्तिष्कमा बास गर्न पायो भने विस्तारै त्यो चट्टाने पहाड बन्न थाल्छ । यसले उज्यालो र सौन्दर्यका सबै आकर्षणलाई छोप्ने र छेक्ने गर्दछ । आँखामा, मनमा, मानसमा

सर्वत्र अँध्यारो बढेपछि त्यसले सबैभन्दा पहिला विवेकलाई सिध्याउँछ, त्यसपछि दृष्टिकोणलाई अनि भावना र अनुभूतिलाई खरानी बनाउँछ ।' (सम्बन्धको सौन्दर्य, पृ. १०७)

(ग) राजनीतिक यथार्थ

राजनीतिक क्षेत्रमा देखिएको विसङ्गतिलाई 'हतार छैन हतार छ' निबन्ध सङ्ग्रहमा यसरी प्रस्तुत गरिएको छ :

'त्यसैले सर्वत्र कालो अराजकता छ नाचिरहेको ।' (दृश्यचित्र, पृ. ५६) 'नयाँहरूलाई अवसर दिएर के गर्नु ? यो देशलाई बनाउने कसैले होइन, यति त देखिएकै छ । सबैले बिगार्ने नै हो भने नयाँहरूलाई मौका किन दिने ? हामीसँग त देशलाई भत्काएको र बिगारेको बाह्र वर्षको अनुभव छ । भत्काउनु नै पर्दा पनि हामी अनुभवीहरू देशलाई मिलाएर भत्काउँछौँ धेरै नदुखाइकन ।' (दृश्यचित्र, पृ. ५९)

'राजनीतिक क्षेत्रमा देखिएका विसंगतिलाई सुधार्नतिर लाग्यौँ भने हामीले हाम्रो जीवनमा खुशी र जीवनका उज्याला रमाइला क्षणहरू देख्न सकिने दृढ सङ्कल्प र आदर्श चिन्तनलाई यसरी अभिव्यक्त गरिएको छ :

'जब हाम्रा कर्मका सानाठूला सबै प्रयत्नबाट हासिल भएको यथार्थलाई आफ्नो आनन्द र खुशीको मूल हो भनेर मान्दछौँ तब जीवन त्यसैत्यसै उज्यालिन थालेको पाउनेछौँ । हामीले बनाएका हाम्रा सम्बन्धहरूबाट अपूर्व सौन्दर्य प्रस्फुटन हुन थाल्नेछ र त्यसैको सुवासले सुवासिन थाल्नेछौँ । त्यही प्राप्तिको आलोकमा हामी आफ्ना अनुहारलाई देख्नेछौँ, आफ्नो आकारलाई भेट्नेछौँ र तमाम दुर्गन्धहरूभन्दा माथि उठेर जीवनलाई सरल बनाउँदै सुरक्षित पनि हुनेछौँ ।' (सम्बन्धको सौन्दर्य, पृ. ११०)

'हाम्रो राजनीति भुमरीमा फँसेको छ, समाज विग्रह र विघटनको बाटोतिर ओरालो झर्दैछ, मान्छेले सबैभन्दा धेरै मान्छेसँग डराउनुपर्ने भएको छ ।' (सम्बन्धको सौन्दर्य, पृ. १०९)

(घ) शैक्षिक यथार्थ

'बेलाइतको ब्लिन स्कुलमा छ बर्षे छोरी लुमनासँगै ग्रिन कक्षामा बसेर एक हप्ता पढ्दा त्यहाँको शिक्षाप्रणालीसँग सन्तुष्ट हुँदै निबन्धकार आफ्नो अनुभव यसरी अभिव्यक्त गर्दछन् :

'यी कलिला बालबालिकासँग बसेर रमाउने, सहयोग गर्ने र मिलेर बस्नेजस्ता ससानाजस्ता लाग्ने तर ज्यादै महत्त्वपूर्ण जुन कुराहरू सिकेँ मैले, अन्त कहाँ गएर यत्तिकै प्रभावशाली एवं सम्प्रेषणीय रूपले सिकुँला र फेरिफेरि !' (ब्लिन स्कुलको एक साता, पृ. २०)

नेपालको सुदूर दुर्गम (सोलुखुम्बु) गाउँहरूमा समेत विदेशी भाषाको प्रभावले अङ्ग्रेजी शब्दहरूको प्रयोग गरेको सुनेर, सडक, शिक्षा, सञ्चार, स्वास्थ्यजस्ता पक्षको विकास नभई विदेशी संस्कार भित्रिएकोमा यसरी चिन्ता गर्छन्:

'उनीहरू आमा हराएर ममी भइसकेको अँध्यारोभित्र कस्तो शानले बाँचिरहेको भ्रममा रहेछन् ।' (विचारको भुमरी, पृ. ३०) 'जनयुद्ध पश्चात् सोलुखुम्बुको सल्लेरी बजारको सन्त्रस्त मानसिकताको प्रस्तुति यसरी गरिएको छ : डर पनि नपरुन्जेल मात्र लाग्दो रहेछ बाबू ।' (विचारको भुमरी, पृ. ३१)

शिक्षाको भोक लागेर केही गरेमा जीवनमा लागेका अरू भोक मेटिएर गए पनि अक्षरहरू रहिरहने विश्वास निबन्धकार यसरी अभिव्यक्त गर्दछन् :

'घर, जागिर, परिवार, त्यसरी नै अनेकौं अभाव र आवश्यकताको तनावबाट मुक्त त्यो छोटो अवधि जीवनको नयाँ अध्याय भएर लेखियो स्मृतिमा र अक्षरहरूमा पनि । स्मृति त कुनै दिन भोक सकिँदा मेटिएर जाला तर अक्षरहरू रहलान् बाँकी ।' (भोक, पृ. ७८)

(ङ) वातावरणीय शिक्षाको आवश्यकता बोध

अहमदावादको इन्डोर नेचर पार्कको ग्रिन हाउस, प्रकृति शिक्षालय र नेपालको युवा वातावरण समूहको क्रियाकलाप र उपलब्धिको बारेमा छलफल गर्दा त्यहाँको प्रकृति शिक्षासँग लोभिएर निबन्धकारका मनमा जन्मिएका प्रश्नहरू यस्ता छन् :

'यति धेरै निकुञ्ज र वन्यजन्तु आरक्षहरू भएको नेपालमा पनि यस्तै किसिमले प्रकृति शिक्षालयहरूको स्थापना गर्न सकिँदैन र ? जुनसुकै कुरा पनि सिक्न र अध्ययन गर्न युरोप र अमेरिकातिरै दौडने मानसिकतालाई फ्याँकेर आर्थिक, सामाजिक, धार्मिक, राजनीतिक इत्यादि धेरै कुराले हामीभन्दा अघि पुगिसकेको र धेरै कुरामा अझै समानता समेत रहेको छिमेकी मुलुक भारतबाटै सर्वप्रथम राम्रा, उपयोगी र आवश्यक कुराहरू सिक्ने र व्यवहारमा उतार्ने गर्नुपर्ने होइन र नेपालले ?' (समय चिप्लिँदै गइरहन्छ, पृ. १३)

(च) कलाको अवस्थामा ह्रासको स्थिति

'काला छायाहरूलाई हेर्नुपरेपछि स्वाभाविक हो दृश्यचित्र हेर्ने मेरो शोख पीडादायी एवं उराठलाग्दो बाध्यता बनेको छ। म बाध्यताहरूको चेपुवामा फँसेको छु यतिबेला नराम्रोसित। र, हेरिरहेको छु दृश्यचित्रका उत्ताउला भङ्गिमाहरू।' (दृश्यचित्र, पृ. ५६)

२. आदर्श/आस्थाको भाव

प्रस्तुत निबन्धसङ्ग्रहमा आदर्शको प्रस्तुति पाइन्छ। आफ्नो समाजको वा आफ्नो धर्म संस्कृतिको संस्कारको पालना गरेमा, आदरभाव पछ्याई स्वतन्त्रताको सदुपयोग गरेमा, मान्छेलाई मान्छेको रूपमा स्थापित गरेमा, शान्तिलाई खलल नपुऱ्याई प्रजातन्त्र उपभोग गरेमा धैर्य र एकतालाई अवलम्बन गरी आशावादी भएर कर्मक्षेत्रमा लागेमा अवश्य पनि सुखद भविष्यको कल्पना गर्न सकिन्छ भन्ने आशावादी भाव निबन्धमा व्यक्तिएको छ। यसको उदाहरण निम्नलिखित बुँदाहरूमा प्रस्तुत गरिएको छ।

(क) परम्परागत विश्वासको भाव : आफू बाँचेको क्षेत्र पूर्वीय दर्शनको रसले छपक्कै भिजेको थियो कुनै बेला। त्यस रसको अलिअलि छिटो त अझै पनि बाँकी रहेकाले त्यसले पनि छोइन्छु कुनैकुनै बेलामा। त्यही दर्शनले भनेको सम्झन्छु – 'सत्य भित्र सारमा हुन्छ र भ्रम भनेको सत्यको बाहिरी आवरण मात्र हो।' (सत्य र भ्रमहरू, पृ. ९१)

(ख) आशावादी भाव : 'संयोगले म रूखलाई, माटोलाई, हावालाई, सूर्यचन्द्रलाई, खोलालाई, नदीलाई पूजा गर्ने संस्कृतिमा जन्मेर हुर्केको छु। यो जन्मजात नदी पुज्ने संस्कृतिले मेरो स्वभावलाई पनि केही हदसम्म नदीजस्तो बनाएको हुनुपर्छ।' (फर्केर हेर्दा, पृ. ५२/५२)

'दिनभरि चारतिर कुदेर शून्य उपलब्धि हात पार्दै लखतरान ओछ्यानमा पल्टनेले समेत भोलिपल्ट बिहान हेर्ने र त्यसले उसको यात्रालाई नयाँ बिन्दुबाट अघि बढाएर सफल पार्ने आशाले भरिएको हुन्छ।' (रात पर्दै गइरहेको, पृ. २२) 'उसलाई काखमा राखेर

म्वाइँ खाएपछि र छातीमा टाँसेपछि म मान्छेको भविष्यप्रति केही आशावादी बनेको थिएँ ।' (रात पर्दै गइरहेको, पृ. २५)

(ग) मानवीय स्वभाव : 'समय उल्टो घुमेको यस बेथितिपूर्ण परिस्थितिमा आस्था विघटनको आलो घाउले दुखेको छ मेरो मान्छे ।' (रात पर्दै गइरहेको, पृ. २४)

(घ) कर्तव्यबोधको भाव : 'मैले उठ्नुपर्छ र अझ उकालो चढ्नुपर्छ अथवा बग्नुपर्छ पानी भएर ओरालै ओरालो र अरूको तिर्खा मेटाउनुपर्छ ।' (रात पर्दै गइरहेको, पृ. ४९)

(ङ) आदर भाव : 'लेखक कवि भनेपछि मभित्र एक किसिमको सम्मानको भावना बन्छ, एक किसिमको आकर्षण हुन्छ कवि-लेखकमा मेरा लागि ।' (१८ किडस्ट्रिटको पहेँलो ढोका, पृ. ९३)

(च) अग्रजप्रतिको श्रद्धाभाव : 'गाउँभरिका सबैले भक्ति सर भनेर आदर गर्ने मान्छे । मेरो बुबा मेरो आदर्श पात्र बन्नु अत्यन्त स्वाभाविक थियो ।' (कविताको भर्नाकुलर, पृ. १०१)

सुधारको चाहनाको लागि व्यङ्ग्य गरिएको आस्था भाव : 'हामीसँग प्रविधिका कुनै खुट्टाहरू छैनन् र कल्पनासंवेग एवं भावनाका सार्थक पङ्खहरू पनि छैनन् । हामीलाई हतार छैन ।' (हतार छैन हतार छ, पृ. ४०)

शहरियाहरूको दिनचर्या : 'बिदाको दिन त तासका पत्तीहरूमा जीवनका लयहरू साट्न पायौँ भने रातदिनको हेक्का नै नगरी महान् बन्न तँछाडमछाडमा लागिहाल्छौँ ।' (हतार छैन हतार छ, पृ. ४१)

गाउँलेहरूको दिनचर्या : 'कुनै चियापसलमा अथवा चौतारोमा बसेर पल्लो घरको छिमेकीलाई सराप्नेदेखि देशको राजनीति हुँदै अन्तर्राष्ट्रिय मामिलाहरूमा धाराप्रवाह बोलिरहन्छौँ ।' (हतार छैन हतार छ, पृ. ४१)

लेखकीय दृष्टिकोण : 'हामी विश्वको एउटा सानो कुनामा बसेर एकोहोरो लेखिरहेका छौँ । बाँकी विश्वका अरूले हाम्रो लेखाइलाई कसरी हेर्छन्, हामीलाई थाहै छैन वास्तवमा ।" (१८ किडस्ट्रिटको पहेँलो ढोका, पृ. ९५)

निराशाको भाव : 'के यो मेरो सभ्यता र भविष्यमा रात पर्दै गएको होइन ? त्यो नाङ्गो बालक अँध्यारोतिर गइरहेको छ र केही दिनपछि भ्क्याप्प निभ्ने छ ।' (रात पर्दै गइरहेको, पृ. २६)

सुधारको चाहनाको लागि व्यङ्ग्य गरिएको भाव : 'हाम्रो जीवन पद्धतिमा त्यसैले अतिकति सुधारको खाँचो छ ।' (सम्बन्धको सौन्दर्य, पृ. ११०)

(छ) अस्तित्वको भाव : 'यो संसारमा वास्तवमा सम्बन्धभन्दा बाहेक अरू केही छैन । हामी जे छौँ सबै सम्बन्धहरूकै कारणबाट छौँ ।' (सम्बन्धको सौन्दर्य, पृ. १०७)

३. सन्देश/विचारको भाव :

मानव मनमा विचारहरू, सभ्यता, मूल्य र मान्यता, नैतिकता र आचरणहरू भत्किँदै गइरहेकोले कालो अराजकता सर्वत्र नाचिरहने हुनाले त्यसलाई हटाउन सक्दो आफ्नो आफ्नो क्षेत्रबाट अथक प्रयास गर्नुपर्ने सन्देश दिनको लागि निबन्धकार आफ्नो विचार यसरी प्रकट गर्दछन् :

(क) वितृष्णाको भाव : 'म यी सबै भत्कनुहरूको बीचमा सग्लो उभिन कसरी सक्छु ? म पनि भत्किरहेको छु – दाहिनेतिरबाट पनि र देब्रेतिरबाट पनि ।' (रात पर्दै गइरहेको, पृ. २४)

(ख) श्रमप्रतिको आस्था भाव : 'म पूर्ण सन्तोष चाहन्नँ जीवनमा। पूर्ण सन्तोष पूर्णविराम पनि हो।' (फर्केर हेर्दा, पृ. ४८)

(ग) प्रतिबद्धताको भाव : 'मभित्रको नदी सुकेको दिन मेरो विचारको मुहान पनि सुक्ने छ र विचार मर्नेछ।' (फर्केर हेर्दा, पृ. ५२)

(घ) आदर्शवादी भाव : 'प्राप्त भएको सन्तोष पनि होस् जीवनमा तर त्यो सधैँ अपूर्ण होस्, पर्खाल भएर बाटो छेक्दै कहिल्यै नउठोस्।' (फर्केर हेर्दा, पृ. ५३)

(ङ) हीनतावोधको भाव : 'यो छटपटी, यो अन्तर्द्वन्द्व र यो बढ्दो निराशाको सामना कसरी गरूँ !' (दृश्यचित्र, पृ. ५९)

(च) कलाको अवस्थामा ह्रासको स्थितिको भाव : 'यो गतिहीनता, अराजकता र मनपरीतन्त्रको बीचबाट आफूलाई जोगाउँदै पर्खदै छु – फेरि फैलनेछ उज्यालो सर्वत्र बाटो, गन्तव्य र भविष्यको स्पष्ट रङ र चित्रहरू देखाउँदै।' (दृश्यचित्र, पृ. ६३)

(छ) नारीवादी चिन्तन : 'प्रदूषणको बाक्लो साम्राज्यमा बिचरा त्यो बालक रोइरहेको थियो र त्यसैको आडमा दुईचार पैसाका लागि त्यो आइमाई हात पसारिरहेकी थिई।' (रात पर्दै गइरहेको, पृ. २५)

४. अभाव र शङ्काको भाव :

अभाव र शङ्काले मानिसलाई कति विचलित बनाउँछ भन्ने निबन्धकारको भावलाई निम्नलिखित बुँदामा वर्गीकरण गरेर प्रस्तुत गरिएको छ :

(क) अपूर्णताको भाव : 'जीवन सधैँ नपुग र अभावग्रस्त हुँदो रहेछ।' (हिँड्दै गर्दा, पृ. २)

(ख) शङ्काको भाव : 'के यो मेरो सभ्यता र भविष्यमा रात पर्दै गइरहेको होइन ?' (रात पर्दै गइरहेको, पृ. २६)

'के मैले दिएको केही रुपैयाँले यो बालकको भविष्य सुरक्षित छ ?' मैले दर्शाएको संवेदनाले के यो बालक यी तमाम बेथितिहरूबीचको अँध्यारोलाई चिरेर उठ्न सक्छ ? (रात पर्दै गइरहेको, पृ. २६)

५. व्यक्तिगत जीवनको निजी अनुभूति :

निबन्धकार भीष्म उप्रेतीले यस निबन्ध सङ्ग्रहभरिका निबन्धहरूमा आफ्नो व्यक्तिगत जीवनको निजी अनुभूति प्रस्तुत गरेका छन्। निजी अनुभूति व्यक्त गर्ने क्रममा सन्तान/प्रेम, पारिवारिक मेलमिलाप, स्पष्टवादी, धैर्य र एकतामा विश्वास राख्नुपर्ने, अग्रजहरूप्रति श्रद्धाभाव व्यक्त गर्नुपर्ने, सक्दो सबैलाई सहयोग गर्नुपर्ने, राम्रा कार्य गर्नेहरूलाई स्मरण गर्नुपर्ने, नराम्रो काम गरेमा पश्चात्ताप गर्नुपर्ने, नवीन वस्तु, घटना र वातावरण भएमा आश्चर्य मान्ने, डराउने जस्ता मानवीय गुणहरूलाई प्रष्ट पारिएको छ। यिनलाई निम्नलिखित बुँदामा प्रस्तुत गरिन्छ :

(क) भोगाइको अनुभव : 'के छुट्यो के छुट्यो जस्तो। यसरी छुँदोरहेछ देशले परदेशमा, संस्कारले परदेशमा।' (हिँड्दै गर्दा, पृ. ३)

(ख) भोगाइको सुखद अनुभव : 'यो चाहनुको प्राप्तिमा शान्ति र आनन्द छ। जहाँ सुख छ त्यहाँ जोखिमको के महत्त्व। (विचारको भुमरी, पृ. २९) 'हरेकपल्ट कविता लेख्नुअघि म बिरामी हुन्छु र लेखिसकेपछि एकदम स्वस्थ।' (कविताका सम्बन्धमा, पृ. ७२)।

'मान्छे भन्नु पनि वास्तवमा यिनै भावना, संवेदना नै रहेछ भन्ने पनि लाग्न थालेको छ आजभोलि।' (सत्य र भ्रमहरू, पृ. ८९)

'जीवनलाई अनुभवहरू जस्तै विरोधाभासहरूको पनि सङ्ग्रह हो भन्न मन लाग्छ कतिकति बेलामा ।' (सत्य र भ्रमहरू, पृ. ९०) 'यिनै भ्रमहरूको ताल, सुर र धूनमा हामी आयुभरि नाचिरहँदा रहेछौँ ।' (सत्य र भ्रमहरू, पृ. ९१)

(ग) आश्चर्यको भाव : 'एकछिन सोचमग्न हुँदा जीवन त अनेकौं अनुहारहरूका तस्वीरहरूको सिङ्गो एल्बम बनेको देखिँदो रहेछ ।' (भोक, पृ. ८३) 'हामी जीवनमा कति सत्य बाँच्छौँ र कति भ्रम बाँच्छौँ भनेर सोचिरहनुको प्रयोजन पनि समाप्त भएको अनुभव गरिरहेको छु र यी दुवैलाई हृदय खोलेर स्वागत गरिरहेको छु । यसरी दुवैलाई एकैसाथ स्वागत गर्न स्वागतद्वारमा उभिएपछि यस प्रश्नको बोझ पनि आफूबाट आर्लेर हलुका भएको छु र जीवनको सौन्दर्यले झनै धेरै छोइएर जीवनमय भएको छु ।' (सत्य र भ्रमहरू, पृ. ९१) 'मलाई आफ्नो बाँकी जीवन झनै प्यारो लाग्न थाल्यो, सुमसुम्याएँ ।' (भोक, पृ. ८१)

(घ) पारिवारिक मेलमिलापको भाव : 'उसको बुबाको फुर्सद छ भने र उहाँले अप्ठ्यारो नमानेदखि सुरुको एक हप्ता लुमनासँगै ग्रिन कक्षामा बसिदिए हुन्थ्यो । स्कुल सेक्रेटरीले भनिन् इन्दुलाई । र, इन्दुले तत्कालै स्वीकृति जनाइहालिन् मलाई नसोधिकनै । लौ त !... मैले आफूलाई छोरीसँगै वर्ष एकमा बस्न मानसिक रूपले तयार पारेँ ।' (ब्लिन स्कुलमा एक साता, पृ. १५)

'तर यस यात्राको पहिलो प्रस्थान चाहिँ निस्सन्देह त्यही घटना हो, बुवाले लेखिदिएको बालकविता'– मातृभूमि । (कविताको भर्नाकुलर, पृ. १०५)

(ङ) संस्मरणात्मक भाव : संस्मरणात्मक भावमा कृष्ण धरावासी, जीवनसँगिनी इन्दु, सुपुत्री लुमना, आई. सी. पटेल, आर. एस. पठान, ब्लिन स्कुलकी सेक्रेटरी, स्कुलका हेडसर केइथ ओलिभर, लुमनाका कक्षाका सहपाठी साथीहरू, भैरव अर्याल, खलिल जिब्रान, डा. हिडन काङ, बेलाइती साथी, गोपालप्रसाद रिमाल, कृष्णचन्द्रसिंह प्रधान, चोन साङ प्योङ, टेओडोरो एम. लोक्सिन, माक्सिम गोर्की, क्याथरिन पियरप्वाइन्ट, ताकेओ हिगुची, जन्मदाता भक्तिसर, हजुर बुबा, हजुरआमा, जिजुबा, लक्ष्मीप्रसाद देवकोटा, शङ्कर लामिछाने, भूपि शेरचन, मञ्जुल, कृष्णभक्त श्रेष्ठ, अविनाश श्रेष्ठ, रोचक घिमिरेजस्ता व्यक्तित्वहरूको सहयोग, विश्वास, सल्लाह र भनाइहरूलाई आफ्ना निबन्धहरूमा निबन्धकारले सरल भाषा र मीठो शैलीमा स्मरण गरेका छन् ।

(छ) स्पष्टवादिताको भाव : निबन्धकारले यस निबन्धसङ्ग्रहमा आफ्ना र आफन्तका बारेमा निर्धक्कसँग मनका भाव र गरेका कार्यहरू प्रस्तुत गरेका छन् : 'केही नलागेपछि उहाँले एउटा कविता लेखिदिनुभयो बालकविता । शीर्षक थियो – मातृभूमि । मैले त्यसलाई राम्रो हस्ताक्षरमा कापीमा सारेँ र शीर्षकमुन्तिर आफ्नो नाम लेखेर स्कुलमा बुझाएँ ।' (कविताको भर्नाकुलर, पृ. १०१) 'हामी बोल्छौँ अत्यधिक । वास्तवमा बोल्छौँ मात्र । जानेर पनि बोल्छौँ नजानेर पनि बोल्छौँ । बुझेर पनि बोल्छौँ, नबुझेर पनि बोल्छौँ । देखेर पनि बोल्छौँ, नदेखेर पनि बोल्छौँ । हामी जीवनको अधिकांश समय बोलिरहन्छौँ ।' (सम्बन्धको सौन्दर्य, पृ. १०७)

६. विसङ्गतिको भाव : नेपाली समाजमा भएका विसङ्गतिहरूलाई यस निबन्धसङ्ग्रहमा कतै अभिधामूलक ढङ्गबाट

र कतै लक्षणामूलक ढङ्गबाट प्रस्तुत गरिएको छ, जसलाई निम्नलिखित बुँदामा प्रस्तुत गरिएको छ :

(क) क्षैक्षिक क्षेत्रको विसङ्गति : विद्यार्थीहरू विद्यालय जान्छन्, कलेज जान्छन् र गेसपेपर पढ्छन् । उनीहरू अघिल्ला अघिल्ला सालका विद्यार्थीहरूका लेक्चरनोट पढ्छन् तर टेक्स्टबुक पल्टाउँदैनन् । विद्यार्थीहरूका ... विश्वविद्यालयका विभाग र कार्यालयहरूमा आगो लागिरहन्छ र आगोको उन्मत्त कालो धुँवाबीच सुनिन्छ– हाम्रो नम्बर कम भयो, धेरै पाउनुपर्छ । (दृश्यचित्र, पृ. ५८)

(ख) राजनीतिक क्षेत्रको विसङ्गति : 'कसैले हिम्मत गरेर बिजुली निकाल्छु भनोस्, लोकतन्त्रको मन्त्री भन्छ– हामीलाई कति फाइदा हुन्छ ? मलाई के आउँछ ?' (दृश्यचित्र, पृ. ५८) 'न नेतृत्व गर्ने भनिएकाहरूको अनुहार फेरिएको छ, न चरित्र, न त मस्तिष्क नै फेरिएको छ । त्यसैले फेरि पनि 'उही अराजकता, हत्या, प्रतिशोध, लुट र भ्रष्टाचारको कालो आतङ्क सर्वत्र ।' (दृश्यचित्र, पृ. ५८) 'नयाँहरूलाई अवसर दिएर के गर्नु ? यो देशलाई बनाउने कसैले होइन, यति त देखिएकै छ । सबैले भत्काउनु नै पर्दा पनि हामी अनुभवीहरू देशलाई मिलाएर भत्काउँछौँ धेरै नदुखाइकन ।' (दृश्यचित्र, पृ. ५९) 'जनताले सबै कुरा बुझ्या छन् । हामीले जनताका लागि केके गऱ्या छौँ भन्ने सबै बुझ्या छन् । त्यसैले हामीलाई सिङ्गो जनताले साथ दिन्छ ।' (दृश्यचित्र, पृ. ५८)

(ग) 'आर्थिक क्षेत्रको विसङ्गति : मिसावटको विकराल समस्यालाई रोकेर वातावरणीय प्रदूषणलाई समेत कम गर्न खोज्यो भने पेट्रोलियम डिलरवालाहरू हड्ताल गर्छन् र भन्छन्– पेट्रोलमा मट्टितेल मिसाउन पाउनुपर्छ ।' (दृश्यचित्र, पृ. ५७) 'सबैजसो ट्याक्सीका मिटरहरू बिग्रिएका छन् । बिगार्नेलाई त थाहै छ तर निरीक्षण गरेर पनि पद्धतिलाई यथावत् राख्ने जिम्मा पाएकाहरू पनि थाहा पाइपाइकन तैँ चूप मै चूप भइदिन्छन् ।' (दृश्यचित्र, पृ. ५७)

(घ) सामाजिक क्षेत्रको विसङ्गति : 'फुर्सद धेरै भएका मान्छेहरूसँग छुराका धारहरू धेरै हुन्छन् जो हरबखत कमला हृदयहरूमा घाउ पार्ने उपाय सोचिरहन्छन् ।' (हतार छैन हतार छ, पृ. ४१) 'नत्र त नाम भएका भनिएकाहरू त उड्दै पनि र गुड्दै पनि बगिरहेका छन् ओरालैओरालो, दक्षिणैदक्षिण निचोरेर, दुहेर यो भूमिलाई र विदेशका बैंकहरूमा जममा भइरहेका छन् ।' (हतार छैन हतार छ, पृ. ४३)

७. भाषाशैली

(क) तत्सम शब्दको प्रयोग : प्रस्तुत निबन्धसङ्ग्रहमा मस्तिष्क, स्मृति, वाणी, पङ्ख, असहिष्णुता, अहम्, दृश्य, अकण्टकजस्ता तत्सम शब्द प्रयोग भएको पाइन्छ ।

(ख) अङ्ग्रेजी भाषाको प्रयोग : यस निबन्धसङ्ग्रहमा क्वाडबरी, अनलाइन, बोर्ड, युनिफर्म, ट्राउजर, स्कुल, सेक्रेटरी, पीएचडी, लन्चब्रेक, इन्टरनेट, लाइफ इज वन्डरफुल, इमेल, सिटी सेन्टर, साइबर, ग्रिन हाउस, फाउन्डेसनका डाइरेक्टर, मिनी सेभिङ बैंक, मुड, एसेम्बली, एब्स्ट्रयाक, ड्रेसिङ टेबुल, पेन्सन, रेस्टुरेन्ट, प्लेट, ट्राफिक, मिसगाइड, फ्ल्यासब्याक, प्रुफजस्ता अङ्ग्रेजी शब्दको प्रयोग भएको पाइन्छ ।

(ग) नेवारी तथा अन्य भाषाको प्रयोग : प्रस्तुत निबन्धसङ्ग्रहमा टुमक्षा एउटा नेवारी शब्द मात्रै प्रयोग भएको पाइन्छ भने बालबोलीका शब्द ताते र च्याहाँच्याहाँ दुईवटा शब्दको प्रयोग भएको पाइन्छ । त्यस्तै, सेर्पा भाषाको बक्खु, ऊँ माने पेमे शब्द प्रयोग गरिएको पाइन्छ ।

(घ) अनुकरणात्मक शब्दको प्रयोग : यस निबन्धसङ्ग्रहमा निबन्धकारले प्याटप्याट, झिलिक्क, छ्याङ्ग, ट्वार्रट्वार्र, च्याप्पैजस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग गरेका छन् ।

(ङ) उखानटुक्काको प्रयोग : १६ वटा निबन्धहरूमध्ये 'सत्य र भ्रमहरू' शीर्षक निबन्धमा मात्र आँखा लोभी मन पापी, नेटो काटिसक्दा र सत्य तीतो हुन्छ भन्ने उखानटुक्काको प्रयोग गरिएको छ ।

(च) कवितात्मकताको प्रयोग : निबन्धकार भीष्म उप्रेतीका निबन्धहरूमा प्रशस्त कवितात्मक उक्तिहरू पाइन्छन् । उदाहरणको लागि प्रस्तुत निबन्धसङ्ग्रहको 'सुखद भविष्यतर्फको अभियान' शीर्षकमा कृष्णचन्द्रसिंह प्रधानले औँल्याउनुभएका केही सम्प्रेषणलाई लिन सकिन्छ ।

८. निष्कर्ष

'हतार छैन हतार छ' निबन्धसङ्ग्रहमा केही गर्न नपर्ने र कतै जान नपर्नेहरूको अथवा अनावश्यक कार्य गरी समय खेर फालिरहेका व्यक्तिहरूको दिनचर्याको यथार्थ चित्रण गरिएको छ । निबन्धकार उप्रेती जीवनलाई जीवनको रूपमा नलिई बिना उद्देश्य र लक्ष्य बाँचिरहेका व्यक्तिहरूको विशेषतालाई दर्शाउँदै आफ्ना विचारहरूद्वारा विविध स्थान, क्षेत्र, विषय, भाषा, परिवेश, आशा, निराशाजस्ता पक्षलाई पहिल्याई सचेत हुन सङ्केत गर्दछन् । यस क्रममा समसामयिक परिवेशको नैतिक, सामाजिक, राजनीतिक विसङ्गतिप्रति व्यङ्ग्य गर्दै आक्रोस पोखेका छन् । प्रत्येक व्यक्तिले समय र परिस्थिति अनुसार सुध्रनुपर्ने आवश्यकताबोध गराउन खोजिएको छ । शिक्षा र सिप जसले जोसँग र जुन देशमा गएर पनि लिन सक्नुपर्छ भन्ने सुधारात्मक सन्देश आफ्नो र अग्रजहरूको उक्ति अनुभवलाई आफ्ना कवितात्मक र निबन्धात्मक कृतिहरूबाट दिन खोजिएको छ । आफ्नो देश, संस्कृति, संस्कारप्रति सचेत रही आगामी दिनमा सिर्जनाका हातहरू (लक्ष्यसहित असन्तोष बोकेर हिँड्नुपर्ने) फैलाएर जीवनयात्रालाई सुगम बनाउनुपर्ने आजको माग हो । त्यसैले भूत र वर्तमानलाई दृष्टिगोचर गरी भविष्यको योजना बनाउन धैर्य र एकताको खाँचो महसुस गरिएको छ ।

❖❖❖

दायित्व

काठमाडौंमा उपलब्ध हुने स्थान

पाठ्य सामग्री पसल

प्रो. कमल सुवेदी

जामे मार्केट, रत्नपार्क काठमाडौं, फोन नं. : ०१-४२४३१५०

नेपाल भरी स्वर्ग बस्छ,

(देश गीत)

■ डा. चन्द्रमणि अधिकारी

मेरो नेपाल कति राम्रो हरिया छन् फाँट,
अग्रज पुस्ता अर्ती देऊ, युवा पुस्ता आँट ।

सगरको हिउँमाथि झुल्के राता घाम,
नेपालीको साहसमा फत्ते हुन्छ काम ।

नेपाल भरी स्वर्ग बस्छ, सौन्दर्य र श्रोत,
वरपीपलको बोटमुनि पाइने शीतल ओत ।

वैशाख महिना बेल पाक्छ असारमा आँप,
बाह्रै महिना खान पाइने फलफूलको जात ।

तराईको जङ्गलमा स्यालफोस्राको बुटो,
फल फल्दा खान पाइने रसिलो र मीठो ।

भलायोको चोप लागे, उछी आउला घाउ,
फल भने गुनिलो छ मीठो मानी खाऊ ।

पहाडमा काफल पाक्छ, कुर्ली बस्छ चरो,
माले झुले नारी जोतौँ धानखेतको गरो ।

जेठ महिना लिच्ची मीठो, असारको आरु,
गोल जामुन खान पाइने बगैंचामा बरू ।

डुम्री फल हरियाली घच्ची ठूलो बोट,
खन्नेउँ टिप्न सजिलो छ, चलाइहाल ओठ ।

झरीसँगै जामुन पाक्यो, सँगै फल्यो कुसुम,
किम्बु फल खान मिल्छ, त्यसमै फल्छ रेशम ।

धान रोप्ने असारमा साउन गोड मेल,
कात्तिकमा बाली काटी दाइँ हाली खेल ।

दशैँ आयो स्याउ पाक्यो कर्णालीको फल,
मङ्सिरको सुन्तला हो धनकुटाको बल ।

पुस लाग्यो चिसो बढ्यो, चैत लाग्दा हुरी,
माघ महिना झरी परे गहुँ फल्छ मुरी ।

मुख रसायो अमलाले, त्यस्तै मीठो चाक्सी,
अम्बा पाक्यो अर्चलेमा अचार मीठो लप्सी ।

माघ मास सखरखण्ड, पिँडालु र केशर,
उखु पेल्दा रस आउँछ बनाउँ मीठो सख्खर ।

फागुन मास बयर पाक्यो, पलाँसको फूल,
तराई फाँट होली खेलौँ बिर्सी सबै भूल ।

चैत महिना खरभुजाले लटरम्म बगर,
खान पाइने गाउँदेखि दोबाटो र शहर ।

नेपाल हो स्वर्ग देश, सारङ्गीको गीत,
मन भरी माया राखी गाँसौँ मीठो प्रीत ॥

२०७४ कार्तिक १४

निबन्ध

देशको माया

■ विष्णुप्रसाद शर्मा पराजुली

वर्षहरू बिते । नयाँ कार्यकारी अधिकृत आए, गए । कतिले त्यही पदलाई लिस्नो बनाएर पदको चरम दुरूपयोग गर्दै नैतिकतामा बिर्को कसेर चुनाब लडे । वर्ष बितेर गए, भूकम्प दिवस मनाइयो, अधिकृत र योजना नयाँ आए तापनि भूकम्पले जर्जर पारेको नेपाली आत्माको घाउमा खाटा बस्न सकेको छैन । त्यसैबेलाको क्रुर, हेपाहा, मानवता विहीन नाकाबन्दीले भूकम्पका घाउलाई झन् दर्दनाक बनाएको यथार्थ पीडा अहिलेसम्म पनि त्यस्तै छ । एउटा नेपाली दुःखमा छटपटाइरहेको बेला अर्को नेपाली नाचेको पनि देखियो । किन मानिसलाई देश दुख्दैन हँ ?

खडेरी, बाढी, पहिरो, आगलागी, शीतलहर, हिमपहिरो, सवारी दुर्घटना, अभाव र रोगबाट नेपाली नागरिकले जीवन गुमाएकै छन् । त्यसभन्दा बढी अधिकार प्राप्त अधिकारीको व्यवहारबाट नागरिक घुन जाँतोमा पिसिए झैँ पिसिएर धुलोपीठो भएकै छन् । आफूलाई प्रजातन्त्रकै लागि जन्मेको भन्न रत्तिभर लाज नमान्नेहरू शक्तिका किर्ना बनेर जनताका विभिन्न अङ्गमा डसेर वैरीलाई खुशी पार्न तल्लीन छन् । त्यसरी देशले आर्थिक खुड्किला चढ्छ र ? चढ्दैन ।

जिम्मेदारी र नैतिकता भन्ने कुरा सत्ता र शक्तिमा बस्नेसँग तिल जतिमात्र पनि बाँकी रहेन । घुम्ने कुर्चीमा बस्ने काम नगर्ने, सार्वजनिक पद लिएर राजनीति गर्ने, सरकारी सुविधा प्रचूरमात्रामा कसेर लिने भ्रष्टाचार गर्ने, निर्माण ठेक्का लिने काम अलपत्र छोड्ने, जनताले सजाय दिने तर नक्कली माला भिरेर विषालु दाँत देखाउने जस्ता काम अनैतिक हुन् कि होइनन् ? यस्ता मानिसहरू देशका वैरी हुन कि होइनन् ? यिनले देशलाई माया गर्ने भनेको देशको छातीमा विषालु नङ्ग्राले चिथोर्नु हो कि होइन ? सत्य यही हो कि यी वैरी हुन् । यिनले देशको माया गर्दैनन् । यस्तालाई अब नागरिकले एक-एक गरी पहिचान गर्ने समय भयो । हामीले पनि दक्षिण चीन, कोरिया, जापान, सिङ्गापुरले झैँ ३० देखि ४० वर्षका बीचमा नागरिकको जीवनस्तरलाई माथि उठाउन देशका त्यस्ता शत्रुलाई कानुनतः समाप्त पार्नुपर्छ । दण्डहीनताको अवस्थाको अन्त्य हुनुपर्छ । यो सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको अधिकार क्षेत्रभित्रको विषय हो ।

भूगोल सानो भएर के भो र ? प्रकृति, धर्म, संस्कृति, इतिहास, भौगोलिक बनोटमा नेपाल विश्वमा अब्बल छ । विश्वको सर्वोच्च शिखर सगरमाथा सहित आठहजार मिटरभन्दा माथिका थुप्रै हिमाल, अन्य हजारौं उच्च हिमाली चुचुराहरू, हिमनदी, हिमताल, ताल, झरना, नदी, खोला, पहाड, तराईका फाँट, वन र ती सँगसँगै गाँसिएर रहेका जीवजन्तु, जडिबुटी, खनिज आदिले नेपालको प्रचूर साधन र स्रोतको पुष्टि गर्छन् । यो कल्पना

होइन । यथार्थ कुरा हो । हाम्रो देश आर्थिक रूपमा बाहेक अन्य कुरामा विश्वमा धनी छ । सत्तामा बसेर शक्तिको चरम दुरुपयोग गर्ने र अनैतिक रूपमा लाचार छाँया भएर बस्ने केही मानिस बाहेक आम नेपाली इमानदार, मेहनती, साहसी, नैतिकवान् भनेर विश्वमा चिनिएका छन् । सत्य त्यही नै हो ।

धार्मिक इतिहासको कुरा गर्ने हो भने शिव-पार्वतीको कर्णाली -कैलास हुदै कन्चनजङ्गा, विष्णुको गंगादेखि त्रिवेणी, देवघाटहुँदै दामोदर कुण्डसम्मको वैकुण्ठ, देवगण र किराँतको समग्र हिमाली प्रदेश, हिमालदेखि तराईसम्मको ऋषिमुनिको तपस्यास्थल, सीता, गार्गी, बुद्ध, भृकुटीको जन्म र कर्मस्थल हो नेपाल । त्यसैले यो स्वर्ग हो । सिङ्गो नेपाल स्वर्ग हो । मैले माथि उल्लेख गरेका विषयलाई पुष्टि गर्न अनुसन्धान गर्नुपर्छ । त्यो पुष्टि हुन्छ । त्यसमा कसैले शङ्का गर्नुपर्दैन । यस्तो नेपाललाई कुरूप बनाउने को हुन् ? हामीले पहिचान गर्ने कि नगर्ने अब ? अब गतल गर्छन् भने आफ्नो भनेर माया गर्न हुदैन । किनभने, नेपालमा राजनीतिक क्रान्ति पूरा भइसकेको छ । अब देशको माया आर्थिक विकासबाट मात्र सम्भव छ । स्वर्ग हो भनेर पुष्टि गर्ने आधार पनि विकासले नै गर्छ ।

देश आज प्राकृतिक प्रकोपले भन्दा पनि मानव सिर्जित प्रशासन (सबै क्षेत्र र निकाय) र राजनीतिमा रहेका अधिकार प्राप्त अधिकारवालाको अनैतिकता, गैरजिम्मेदारी, दुराचार, अनाचार र भ्रष्ट मानसिकता र चरित्रले ग्रस्त हुनपुगेको छ । दुःख र भोक दनदनी मुश्लो निकालेर बलेको छ भने राष्ट्रोत्थानको जिम्मा लिएर बसेको नेतृत्ववर्ग देशलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा धुजाधुजा पार्ने खेलमा प्रत्यक्ष सक्रिय सहभागी भएको छ । यस्तो बेला देशको माया गर्नुपर्ने दायित्व सन्तानको हातमा आउँछ । हामी त्यो घुम्तीमा छौँ ।

एउटा पुरानो प्रसङ्ग उठाउन मन लाग्यो । ढुङ्गा, माटो, ज्यावल हातमा लिएर उभिएका नेपाली जनताले भूकम्पपछिको छैटौं महिनामा आफ्नो क्षमता अनुसारको बास बनाइसक्ने थिए– यदि सरकारमा बस्नेले सहयोगको पोको घरघर पुऱ्याइदिन्छौ नभनेको भए । जस्तोसुकै प्राकृतिक प्रलय नेपाल र नेपालीलाई परे पनि नेपाली जनताले तिलाठी बनेर देखाउन सक्षम छन्, देखाएका छन् र देखाउनुपर्छ । तर राजनीतिक अनिर्णयको प्रलय, राजनीतिक चलखेल र सुलसुलेपन, अर्काको धुनमा लम्पसार भएर नाच्ने प्रवृत्ति, हस्तक्षेप भित्र्याउने राष्ट्रघाती चरित्र, नेतृत्वको लुलो अडान, असक्षमता, अनैतिकता जस्ता मानव निर्मित प्रलय विरुद्ध उत्रन सङ्कोच मान्दै छन्– नेपाली जनता । किनभने, भूकम्प, शीतलहर, हिमपहिरो कतिखेर कताबाट आउँछ भन्ने बरू अनुमान नेपाली जनताले गर्न सक्लान् तर राजनीतिक आँधिबेहरी कहाँबाट आएर कसलाई कहाँ पुऱ्याउँछ भन्ने अनुमान गर्न सक्दैनन् । त्यसैले देश रुन्छ बारम्बार । देश रोएको जनताले मात्र देख्छन् । शक्तिको कुर्चीमा घुम्नेले त्यसलाई देख्दैन् । अब त्यो बुझ्न अत्यावश्यक छ ।

राजनीतिमा देखिएको पुरानो 'शरणवाद' एवं 'आशीर्वाद शक्ति' रोग तथा लम्पसारवाद आधुनिक राजनैतिक इतिहासको प्रारम्भकालदेखि नै नेपालमा जरा गाडेर बसेको छ । त्यो प्रवृत्तिगत एवं आयातित दुवै हो । सामन्तवाद जान सक्छ तर सामन्ती चरित्र निर्मूल हुन समय लाग्छ । त्यो शरणवाद एवं आशीर्वाद शक्ति रोग नेपाललाई खोक्रो

पार्नेगरी, नेपाललाई जर्जर पार्ने गरि हर महत्त्वपूर्ण घुम्ती र विन्दुमा गोमन सर्पले फणा उठाए झैँ गरी उठाएर बसेको छ। त्यसलाई आम नेपालीले देख्दैनन्। त्यसलाई देख्ने आँखा आधिकार प्राप्त व्यक्तिमा मात्र हुन्छ। तर तिनीहरू त्यसलाई नदेखेको बहाना गर्छन् र नेपाललाई नै डस्छन्। यो पुरानै कुष्टरोग हो। त्यस्ता कुरा आमजनताले ढिलो गरी चाल पाउँछन्। यसले थाहै नपाई नेपाललाई विकासको गतिमा पछाडि धकेलेको हुन्छ। नेपालको संविधान निर्माण, संविधान घोषणा, वर्तमान अवस्था, पूर्व पश्चिम राजमार्ग निर्माण, हुलाकी सडक निर्माण, मेलम्ची खानेपानी, पेट्रोल पाईप लाइन बिस्तार, सुख्खा बन्दरगाह निर्माण, कार्णाली परियोजना, पञ्चेश्वर परियोजना, द्रुतमार्ग, विमानस्थल निर्माण जस्ता राष्ट्रिय गौरवका भनिएका आयोजना किन लक्ष बमोजिम समयमै पूरा गरिँदैनन् ? यसको उत्तर धेरै नेपालीसँग छ। 'शरणवाद' एवं 'आशीर्वाद शक्ति' ले त्यसलाई डेग चल्न दिँदैन। आम नेपालीले थाहा पाएर त्यसको औषधी गर्दा कम्तिमा दुई दशक ढिलो भइसकेको हुन्छ।

नेपाली जनताको धर्म, कर्तव्य र जिम्मेदारी बारम्बारका प्रजातान्त्रिक आन्दोलनमा सहभागी भएर, रगत दिएर, तानाशाहलाई थर्काएर विश्वलाई चकित पार्ने गरी पूरा गरेका छन्। नेपाली जनताको धैर्य, मनोवल र अदम्य सासहको विश्लेषण नगरिकन शरणवादको सिद्धान्तलाई अवलम्बन गरेर आशीर्वाद लिइरहने रणनीति अवलम्बन गर्ने हो भने नेपाली जनता, जसले सयौँ केजीको माला गाँसेर नेतालाई पहिराइदिएका थिए, पहिराइरहेका छन्, उनै जनताले तिनै नेताको घाँटीमा सुर्के गाँठो पर्ने डोरीले स्वागत नगर्लान् भन्न सकिन्न। इतिहास र क्रान्तिकारिता देखाएर जनतालाई झुक्याउने, अर्काको स्वार्थका लागि, अर्कैको चाहना र आदेशमा अनिर्णयको नाटक मञ्चन गरेर दिन, रात, वर्षा र हिउँद बिताउने हो भने त्यस्ता नर्तकी इतिहासमा मात्र सिमित हुने कुरा निर्विवाद छ। इतिहास एउटा साक्षी हो। तर त्यसको बखान गरेर आम नागरिकको मत र भावनाको सम्मान नगरी अनैतिक रुममा देशलाई नै खाडलमा पुर्न खोज्नेलाई नागरिकले नै ब्यूँतन नसक्ने गरी सजाय दिन्छन्। जनताको निर्णय ढिलो होला तर सही हुन्छ। त्यसको प्रारम्भ भई पनि सकेको छ।

शरणवादबाट प्राप्त शक्ति दिगो र लामो समयका लागि हुँदैन। एउटा निहित आयोजना, निहित स्वार्थ पूरा भएपछि त्यसको उपयोगिता समाप्त हुन्छ। तिनलाई कवाडीको रूपमा फालिन्छ। लोभ र लालचको पोको दिएर अर्को पात्र तयार गरिन्छ। एउटा मानिसलाई बाँच्न कति रकम चाहिँदो रहेछ ? मैले बुझ्न सकेको छैन। खर्बौं रुपैया थुपार्ने ती कुर्चीका महालम्पट महानिर्देशकहरूले मृत्युलाई जित्न त सक्दैनन्। सक्छन् र ? हजार सत्य यही हो कि ती पनि मर्छन् र नाङ्गा हुन्छन्। फरक के भने एउटा नागरिक मृत्युपछि चितामा जल्ने बेलामा नाङ्गो हुन्छ भने अनैतिक रूपमा सत्ताको चरम दुरुपयोग गरी अर्बौं लुट्ने कलङ्कित मानिस र राष्ट्रघाती जिउँदै नाङ्गो हुन्छ। नागरिकको आँखामा ऊ जिउँदै चितामा जलेको हुन्छ। यो सत्यताबाट परिचित हुँदाहुँदै पनि हामीले आधुनिक राजनीतिक इतिहासका सत्तरी वर्ष शरणवादबाट आशीर्वाद लिएर, अर्काको हातबाट नाचेर बिताएका छौँ।

र, नयाँ पात्र पनि निर्मित भइरहेका छौँ– प्रजातन्त्रवादी र क्रान्तिकारीहरूको नामबाट । अब त्यो अध्याय समाप्त हुन्छ । यो समयको निर्णय हो ।

मैले माथि प्रसङ्ग उठाइसकेको छु, नेपालीहरू प्राकृतिक प्रलयबाट कदाचित् विचलित हुँदैनन् । स्वतन्त्र, सार्वभौम नेपालको सम्पूर्ण रक्षा गर्दै, देशलाई हृदयदेखिको साँचो माया दिएर विकास गर्नका लागि नेपाली जनता दक्षिण कोरियाली, जापानी, मलेसियाली, डेनिस जनताभन्दा कम परिश्रमी र इमानदार छैनन् । नेपाली जनताले प्रतीक्षा गरेको घढी भनेको अदूरदर्शिता, लुलोपन, भिखारी प्रवृत्ति, शरणवाद नभई चीन, जापान, कोरिया, मलेसिया, सिङ्गापुर, डेनमार्क र स्वीट्जरलैन्डले गरेजस्तै विकासको प्रतीक्षा हो । त्यसका लागि चार घण्टामात्र आराम गरेर पनि देशको विकासको लागि पसिना बगाउन आम नेपाली जनता तयार छन् । योजना, प्रतिवद्धता र इमानदारी जनताको अबको माग हो ।

भाषणले देश बन्ने भए कोरिया, सिङ्गापुर, चीनले चालीस वर्षमा विकास गरेर युरोप र अमेरिकालाई उछिन्दा हामी किन गरीबको पनि गरीब भयौं ? आजभन्दा धेरै वर्ष पहिले नारा र भाषणमा 'विकासको मूल' नेपालमा फुटेको थियो, धेरै वर्ष पहिले 'नेपाल एशियाली मापदण्ड'मा पुगेको थियो । के त्यस्तै कोष्ठभित्र सजिएको नारा हो प्रजातन्त्रको लडाईंमा नेतृत्व गरेका वर्तमान नेतृत्ववर्गले नेपाली जनतालाई दिन जाहेको आधुनिक नयाँ नेपालको विकासको फल ? नेपाल र नेपालीले खोजेको त्यस्तो फल होइन । अहिले नागरिकले खोजेको परिवर्तन हो । प्रत्येक सम्पादित कामको परिणाम देखियोस् । त्यस्ता कामको परिणाम प्रत्येक घण्टामा नाप्न सकियोस् । प्रत्येक घण्टामा देख्न सकियोस् र छोएर अनुभव गर्न सकियोस् ।

जनता आक्रान्त बनेका छन् । प्रताडित छन् । भूकम्पबाट सन्तान एवं सर्वस्व गुमाएको पीडा, खुला आकाशमुनि रात बिताउन परेको क्रन्दन एवं असह्य कष्टलाई पिएर बसेका नेपाली आज देशको राजनीतिक अवस्थाले गर्दा, देशलाई अस्थिर र अन्योल पार्ने रणनीति बलियो भएको देख्दा, जनमतको कदर र सम्मान नभएको देख्दा, लाचार छाँया र अनैतिक भ्रष्टहरूको बिगबिगी देख्दा नागरिकको मुटु र कलेजो छियाछिया परेको छ । मनोवैज्ञानिक रूपमा पनि समुदायको अपेक्षित आयु दिन प्रतिदिन घट्दै गएको छ । हिजोको त्यो दर्दनाक पीडामा आँसु नझारेका नागरिक आज जनमतको कदर नगरी अर्काको कठपुतली भएको देख्दा भक्कानो फुटाएर रुन थालेका छन् । त्यो कोणबाट हेर्दा आज हामी नेपाली आमाका देशभक्त सन्तान मात्र होइन, मैले देश रोएको देख्न थालेको छु । आज देश धरधरी बलिन्द्रधारा आँसु झार्दै रोएको छ । आफ्नै सन्तानले आफूलाई छुरीले चरचरती चिर्न खोज्दा कुन आमाको मन थामिन सक्छ र ?

नेपाललाई सार्वभौम बनाइराख्ने, नेपाललाई अक्षुण्ण राख्ने, नेपाललाई आर्थिक सम्पन्नतातिर लैजाने दायित्व नेपाल आमाका सन्तान नेपालीकै हो । नेपालको समग्र विकास गर्न नेपाली मन, नेपाली आत्मा, नेपाली माटोलाई माया गर्ने सिङ्गापुर, चीन, कोरिया र मलेसियामा नेतृत्व गरेका निस्वार्थी, इमानदार, प्रतिबद्ध र देशभक्त नेताजस्तै नेताको यो देशलाई खाँचो छ । म यो कुरा ठोकुवाका साथ भन्न सक्छु कि प्रतिबद्धता र

इमानदारी हुने हो भने अरू देशले बीस वर्षमा गरेको काम नेपालीले दश वर्षमा नै गर्न सक्छन्– हाम्रो जस्तोसुकै भौगोलिक कठिनाइ भए पनि । अमेरिका र युरोपले सय वर्षमा गरेको कामलाई दक्षिण कोरियाले ४० वर्षमा गरेर देखाइदिएको उदाहरण हाम्रो सामु छ ।

अब नेपालमा प्रवेश हुने विभिन्न नारा कसका लागि, किन र कुन कोणबाट आएका हुन् भन्नेबारे युवाहरू सचेतमात्र भएर पुग्दैन । त्यसबारे गहन अध्ययन र विश्लेषण हुनुपर्छ । किनभने, प्रजातन्त्र, राष्ट्रवादको संरक्षण र विस्तारवादको विरुद्ध त हामीले ठूलठूला क्रन्ति गरिसक्यौं । प्रजातन्त्रको खोल ओढेर प्रजातन्त्र, विकास र सार्वभौसत्तालाई कमजोर पारेर सत्ता सञ्चालन गर्न खेज्ने लाचार छायाँलाई त नेपालीले राम्रोसँग चिनेको कुरा उल्लेख भइसकेको छ । झुक्किएका रहेछन् अझ कोही भने पनि राम्रोसँग पहिचान गर्नेछन् । त्यसमा दुईमत छैन ।

'नेपाली जनताले नेपाललाई बनाउने थिए तर छिमेकीले बनाउन दिएनन्' भनेर हात बाँधेर बस्नु अर्को कायरपन हो । दोस्रो विश्व युद्धदेखि सन् १९६०को दशकसम्म युरोपको शक्तिशाली राष्ट्र जर्मनीले आफ्नो सानो छिमेकी राष्ट्र डेनमार्कलाई हेप्थ्यो । डेनिस नागरिकले ठूला र धनी छिमेकीको व्यवहार राम्रोसँग बुझेका छन् । उनीहरूले ठूला र धनी छिमेकीको व्यवहार राम्रोसँग केस्राकेस्रा गरी केलाएपछि आत्मनिर्णय गरे । उनीहरूको आत्म निर्णयको एउटै सूत्र थियो आर्थिक विकास । केवल आर्थिक सम्पन्नता । जर्मनीले डेनमार्कलाई थिचोमिचो, दवाब, दुख, कष्ट जति दिए पनि सहेर उनीहरू एक सुरमा आर्थिक विकासमा लागे र सन् २००० सम्म आइपुग्दा उनीहरू संसारको सबैभन्दा धनी देशमा गनिन पुगे । सन् १९६० मा डेनमार्कको प्रतिव्यक्ति आय १ हजार ३६० थियो भने त्यो बढेर अहिले अर्थात् सन् २०१४ मा ६२ हजार ६०६ डलर पुग्यो । विश्वका गरिब मुलुकलाई सहयोग गर्ने मुलुकमा जर्मनीले भन्दा बढी रकम खर्चन थाल्यो– त्यो सानो देश डेनमार्कले ।

सामाजिक सुरक्षाको सुविधामा जर्मनीलाई धेरै पछाडि धकेलेको छ– डेनमार्कले । अनि अब जर्मनीले के गर्ने ? अहिले जर्मनीले डेनमार्कलाई दबाएको कुरा इतिहासमा राम्रोसँग सम्झिइन्छ । भूगोलको आकारले देश सानो र ठूलो होला तर उनीहरूको आर्थिक स्तर सानो देशको बढी भैसकेकाले अहिले उनीहरूको काँध पनि बराबर भएको छ । आर्थिक विकास र आर्थिक सम्पन्नताले देशलाई एउटै आकारमा ल्याइदिँदो रहेछ । देशलाई बचाउने र माया गर्ने पनि आर्थिक विकासले नै रहेछ । आमालाई माया गर्छु भन्दैमा भोकै र नाङ्गै राखेर माया हुन्छ र ?

मलाई लाग्छ हामी विक्षिप्त हुन पर्दैन । हामी त्रसित, भयभीत र आक्रान्त हुन कसैसँग पर्दैन । हाम्रा दुई ठूला छिमेकी देश भारत र चीन हुन् । ती हामीभन्दा ठूला, र धनी छन् । भारत र चीनसँग हाम्रो ऐतिहासिक, सांस्कृतिक, भाषा, धार्मिक सम्बन्ध गहिरो रूपमा गाँसिएको छ । यी दुवै देशले नेपाललाई नीतिगत रूपमा, नाममा, काममा र व्यवहारमा कस्तो सहयोग आदान प्रदान गर्छन्, गर्ने गरेका छन् भन्ने पनि सबै नेपालीलाई घामजत्तिकै छर्लङ्ग छ । हामीले हाम्रा धनी र शक्तिशाली छिमेकीलाई अवसरको रूपमा लिनुपर्दछ । मर्का परेका अप्ठ्यारा केही विषय छन् भने स्वतन्त्र एवं

सार्वभौमसत्ता सम्पन्न देशका हैसियतले निडर भएर राख्नुपर्छ । सत्यलाई मान्न कर लाग्छ ।

जुन देश आफू जन्मदै दासताको पहरो टाउको माथि बोकेर जन्मेको हुन्छ । त्यस्ता देशका शासकमा दास प्रवृत्ति र दास मानसिकताका जरा सजिलै छिन्दा रहेनछन् । आफूले भोगेको दासता त्यस्तै प्रकारले छिमेकी मुलुक माथि थोपर्न खोज्दा रहेछन् । साना देश, ठूला देशको छाता मुनि बसिरहुन् भन्ने उनीहरू चाहन्छन् । सानो देशका नेताहरू पनि उनीहरूको आशीर्वाद थापेर सत्तामा टिकिरहन जतिसुकै र जस्तो सुकै रूपमा लम्पसार पर्छन् । उदाहरणको लागि पछिल्लो समय नेपालका प्रधानमन्त्री शेरबहादुर देउवा छिमेकी देश भारत भ्रमणमा जाँदा बिनाप्रसङ्ग 'संविधान संशोधन गर्छु' भने । त्यो शरणवादको एउटा नमुना हो । सत्तामा झुलिरहने एउटा खेल हो ।

छिमेकीको हामीप्रति कस्तो नीति छ र कसरी हामीलाई हेर्छन् भन्ने कुरो सामान्य रूपमा बुझ्न संविधान निर्माणको कुरा सम्झे पुग्छ । इतिहास खोतल्न जरुरी छैन । नेपालको संविधान सभाको निर्वाचन, संविधान निर्माणमा भएको ढिलाइ, संविधान निर्माण, संविधानको घोषणा र घोषणा पछिको नाकाबन्दीका साथसाथै त्यसपछिका गतिविधिबाट छर्लङ्ग हुन्छ । छिमेकी सहित पश्चिमाबाट पनि सहयोगको ठूलो खोल ओढेर नेपाललाई धार्मिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक, पुरातात्विक, भौगोलिक आदि विभिन्न क्षेत्रमा छिरेर दीर्घकालीन योजना अनुसार आक्रमण भइ नै रहेको छ । त्यसलाई कम ठान्न पनि हुँदैन ।

तिलाठी, वाल्मीकि, सुस्ता, बुद्धको जन्मस्थान बारे के भइरहेको छ मात्र उदाहरण हुन् । त्यसको मूल लक्ष्य भनेको नेपाललाई आर्थिक रूपमा कमजोर पार्ने, हजारौं वर्षदेखि बलियो भएर बसेको धार्मिक, जातीय र सांस्कृतिक सौहार्दतालाई खलबल्याउने र संघीयताको नाममा नेपाललाई अस्थिर बनाउनु हो । यस प्रकारको एउटा स्वतन्त्र राष्ट्रमाथि भएको हस्तक्षेपलाई विपन्न भएर पनि देशभक्त नेपालीले रोकेका छन् । शरणवादीहरू एकपछि अर्को गर्दै हार खादै छन् । आजको पूर्ण स्वतन्त्रता एवं जागृत युगमा मिचाहा प्रवृत्तिले दुख दिन सक्ला तर टिक्न सम्भव छैन । इमानदार, देशभक्त एवं पूर्ण सचेत नागरिकको ठूलो शक्ति आज हिमालदेखि तराईसम्म एकजुट भएर बसेको छ । इतिहासले त्यस्तै देखाएको छ । लगभग ७० वर्ष पहिले बेलायतको राज्यमा सूर्यास्त हुँदैनथ्यो । आज त्यो अबस्था छैन । हिजो शक्तिमा रहेकाहरूलाई सचेत नागरिकले सडकमा पछारिदिएका छन् । कुनै पनि देश सधैँका लागि शक्तिशाली भइरहँदैनन् । यो चक्र चलिरहन्छ । नेपाल पनि सधैँ गरीब हुने छैन ।

मैले दोहऱ्याएर फेरि पनि के भन्छु भने ठूला छिमेकीको व्यवहार हामी सानाप्रतिको माया हो । त्यसलाई राम्रोसँग बुझ्न र छाम्न त नेपालमा राजनीति गर्ने नेता र उच्च निर्णय तहमा आसिन राष्ट्रसेवकले सक्न पऱ्यो होइन र ? हजार वर्षदेखि भुटानमा बसोवास गर्ने नेपाली भाषी भुटानीलाई मेचीको पुल तारेर नेपाल भित्र छिराउने रणनीति कसको थियो ? त्यसबेलाका नेतालाई त पक्कै थाहा थियो होला ? त्यसबेला नेपाल भित्र छिर्न

दिन संयुक्त राष्टसंघले पनि नेपाललाई किन दवाव दियो ? तर जब भुटानी नागरिकले 'आफ्नो मातृभूमि फर्कन्छौ' भन्दा फर्कन किन दिइएन ? संयुक्त राष्ट्रसंघले त्यसबेला कानमा तेल हालेर किन बस्यो ? अहिले नेपाली भाषी भुटानीको के अवस्था भयो ? दुःख नलागोस्, अब एकाध दशकमा ती नेपाली भाषी 'भुटानी को हुन्' भन्ने कुरा अध्ययन गर्ने विद्यार्थीको सोधग्रन्थमा सीमित रहने छ। त्यसरी नै हालै बर्माबाट वंगलादेश, भारत हुदै नेपाल प्रवेश गरेका रोहिङ्गा शरणर्थीलाई फिर्ता पठाउन पर्छ कि पर्दैन ?

आम नेपाली जनताले नेपाली भाषी भुटानी एवं सिक्किमेली जनताको पीडालाई जहिले पनि गम्भीरतापूर्वक मनन गर्नुपर्छ। सियोले घोचिरहन्छ। होशियार र सचेत आफू हुनुपर्छ। अरूको कुरा काटेर देश बन्दैन। नागरिकले तलव र भत्ता त पाउँदैनन् तर देशलाई माया गर्ने र निर्णायक तहमा पुऱ्याइएका नेता एवं कर्मचारीलाई खवरदारी गर्ने कर्तव्य पनि जनताकै हो। नेतृत्ववर्ग र कर्मचारीतन्त्रले अँध्यारोमा राख्न सक्छन् तर जनता सजग र सचेत हुन पर्छ।

नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय स्वाधीनतालाई बचाउँदै आर्थिकरूपमा देशलाई सम्पन्न बनाउन अग्रणी भूमिका उच्च तहमा रहेका राष्ट्रसेवकले खेल्नुपर्छ। प्रशासनयन्त्र बलियो भयो भने राष्ट्र बलियो हुन्छ। कर्मचारी, विज्ञ र योजनाविद् राजनीतिक छाँयाबाट तर्सन हुँदैन। अब सिक्किम हिजोको जस्तो स्वतन्त्र देश हुनै सक्दैन। त्यसकारण, विकसित देशसँग काँधमा काँध मिलाउन, विशाल छिमेकी मित्रराष्ट्रसँग समान सम्बन्ध कायम राख्न र निर्धक्क भएर बाँच्न सक्ने अचुक औषधी भनेको डेनमार्कले गरेको जस्तै आर्थिक विकास नै हो। हामीले हाम्रो आफ्नो थैली भरिलो र बलियो बनाउन सकेमा देशको लागि त्योभन्दा उत्कट माया अरू हुन सक्दैन। नेपाल स्थिर र आर्थिक रूपमा समुन्नत भएको हेर्न हाम्रा छिमेकी पनि लालयित नै छन्। ॐ

ईमेलः bishnu.nmdc@gmail.com

दायित्व बोल्छ !

- दायित्वमा रचना पठाउँदा ईमेल मार्फत् प्रीति फन्टमा टाइप गरी पठाइदिनुहुन,
- दायित्वमा प्रेषित रचनाहरू सूचना नगरी अन्यत्र दिएमा त्यस्ता लेखकको नाम कालोसूचीमा राखिने व्यहोरा अवगत गर्नुहुन,
- दायित्वका लागि फोटो नपठाएका स्रष्टाहरूले एक प्रति अटोसाइजको फोटो समेत पठाउनु हुन,
- कृति परिचय गराउन चाहने महानुभावहरूले परिचयात्मक लेख र एक प्रति किताब वा दुई/दुई प्रति कृति उपलब्ध गराउनु हुन,
- दायित्वलाई सुपाठ्य एवं सर्वप्रिय बनाउनका लागि विविध विधाहरूका लेख रचनाहरू पठाई सहयोग गर्नुहुन,
- दायित्वमा अत्यधिक मात्रामा लामा र बहुसङ्ख्यक समीक्षाहरू आउने गरेकाले हामीले स्थान दिन सकिरहेका छैनौँ। यसतर्फ समीक्षकहरूको ध्यानाकर्षण हुन,
- लेख रचनामा प्रकाशित विषयवस्तु तथा तथ्याङ्कहरूको सम्पूर्ण उत्तरदायित्व सम्पादक एवं प्रकाशकमा नरही स्वयं लेखकमा रहने व्यहोरा समेत अवगत गर्नुहुन अनुरोध छ।

लेख

समकालीन नेपाली कविताको एक प्रवृत्ति : रुढिवैचित्र्य वक्रता

■ डा. ऋषिराम शर्मा

समकालीन नेपाली कवितामा रुढिवैचित्र्य वक्रता एक मुख्य प्रवृत्तिका रूपमा रहेको छ भन्ने विषयमा यो लेख तयार पारिएको छ। वक्रोक्ति सिद्धान्तमा कृतिविश्लेषणका लागि निर्धारित गरिएका विभिन्न भेदमध्येको एक भेद पदवक्रता अन्तर्गतको एक उपभेद रुढिवैचित्र्य वक्रता हो। समकालीन कवितामा कविद्वारा आफ्ना कवितालाई कलात्मक उचाइ प्रदान गर्नका लागि अँगालिएको यो प्रविधि रुढिवैचित्र्य वक्रता हो। रुढिवैचित्र्य वक्रतामा रुढ कोशीय, लोकव्यवहारका प्रचलित शब्दार्थका सट्टा अर्कै असम्भव अर्थको आरोप गरिन्छ। यसरी आरोपित गरिएको अर्थ अत्यन्त प्रशंसा वा अत्यन्त तिरस्कारसँग सम्बद्ध हुन्छ। यस लेखमा संस्कृत साहित्य शास्त्रका वक्रोक्तिको रुढिवैचित्र्य वक्रताका आधारमा समकालीन नेपाली कविता अत्यन्त उत्कृष्ट र कलात्मक छन् भनी पुष्टि गरिएको छ।

विशेष शब्द : समकालीन, रुढिवैचित्र्य, अतिशय प्रशंसा, अतिशय तिरस्कार वक्रोक्ति, वक्रता, वैचित्र्य।

१. विषय परिचय

प्रस्तुत लेख समकालीन नेपाली कविताको मूल प्रवृत्ति रुढिवैचित्र्य वक्रता हो भन्ने शीर्षकसँग सम्बद्ध छ। समकालीन नेपाली कविता भन्नाले प्रस्तुत लेखका सन्दर्भमा गरिमा (पूर्णाङ्क ३६३, २०६९ फागुन, अङ्क) को नेपाली कविताको समकालीन अनुहार-१ विशेषाङ्कमा प्रकाशित ३१ ओटा कविताभित्रका कविताहरूलाई लिइएको छ भने मूल प्रवृत्ति भन्नाले ती कवितामा देखा परेको मूल लेखन कला एवं विषयगत प्रवृत्तिलाई रुढिवैचित्र्य वक्रताका रूपमा प्रस्तुत गरिएको छ। ती ३१ ओटा कवितामा कविहरूले जुन विचार, भाव, विषयवस्तुको प्रयोग जुन शैली वा ढाँचाका माध्यमबाट प्रस्तुत गरेका छन् त्यसको प्रवृत्तिगत समीक्षा वक्रोक्तिवादका प्रवर्तक कुन्तक प्रतिपादित वक्रोक्तिको पदपूर्वार्द्धवक्रता अन्तर्गतको रुढिवैचित्र्य वक्रतासँग सम्बद्ध देखा पर्दछ। त्यसैले प्रस्तुत लेखमा समकालीन नेपाली कविताको मूल प्रवृत्तिका रूपमा रुढिवैचित्र्य वक्रतालाई प्रस्तुत गर्न सकिने आधार पर्याप्त भेटिने तथ्यसमेत प्रस्तुत गरिएको छ। यस तथ्यको पुष्टिका लागि यहाँ रुढिवैचित्र्य वक्रताको सैद्धान्तिक आधार प्रस्तुत गरी सोही सैद्धान्तिक आधारका सापेक्षतामा समकालीन नेपाली कविताको विश्लेषण गरी नेपाली कविताको समकालीन लेखन कला रुढिवैचित्र्य वक्रतायुक्त रहेको पुष्टि गरिएको छ।

२. सैद्धान्तिक आधार

रुढिवैचित्र्य वक्रता भनेको साहित्यिक कृतिका पद एवं पदावली स्तरमा निहित त्यस्तो सौन्दर्य वा विच्छित्ति हो जसमा कुनै लोकोत्तर चमत्कार उत्पन्न गर्नका लागि कुनै रूप र अर्थलाई कुनै अन्य अर्थमा आरोप गरिन्छ। रुढि भनेको परम्परागत, कोशीय,

लोकव्यवहारमा प्रचलित र प्रसिद्ध वाच्य अर्थ हो भने सोही रुढिमा विशिष्ट चमत्कार पैदा गर्नका लागि उक्त रुढिको अर्थलाई अन्य लोकोत्तर तिरस्कार वा प्रशंसा अर्थमा आरोप गरी चमत्कार पैदा गर्ने वक्रता रुढिवैचित्र्य वक्रता हो । रुढिवैचित्र्य वक्रतामा रुढ (परम्परागत, कोशीय, लोकव्यवहारमा प्रचलित, प्रसिद्ध) अर्थमा असम्भव एवं वक्रतायुक्त अर्थको आरोप गरिन्छ, यसरी आरोप गर्दा मुख्य दुई प्रक्रिया अवलम्बन गरिन्छ : १. रुढि अर्थमा लोकोत्तर तिरस्कारयुक्त अर्थको आरोप र २. रुढि अर्थमा लोकोत्तर श्लाध्य उत्कर्षको आरोप । रुढ अर्थमा आरोप गरिने यी दुवै अर्थ असम्भव (त्यसैले चमत्कारयुक्त) अर्थ हुन् । रुढिवैचित्र्य वक्रता नामपदमा निहित वक्रता हो र यो कुन्तकका भनाइमा दुई प्रकारको हुन्छ, १. व्यक्तिवाचक संज्ञामा हुने रुढिवैचित्र्य र २. व्यक्तिवाचक संज्ञाइतर शब्दमा हुने रुढिवैचित्र्य । व्यक्तिवाचक संज्ञामा हुने वक्रतामा रुढ अर्थले आफ्नो अतिवैयक्तिकता त्यागेर निर्वैयक्तिक जगतमा प्रवेश गर्दछ भने व्यक्तिवाचक बाहेकका अन्य नाम शब्दमा हुने रुढि अर्थले विस्तार प्राप्त गरी वक्रता सिर्जना गर्दछ ।

३. विश्लेषणको प्रारूप

समकालीन नेपाली कवितामा रुढिवैचित्र्य वक्रताको सुन्दर प्रयोग पाइन्छ । रुढिवैचित्र्य वक्रतामा व्यक्तिवाचक संज्ञाको अतिवैयक्तिकतालाई त्यागेर लोकोत्तर तिरस्कार युक्त असम्भव धर्मको आरोप गरी वैचित्र्य सिर्जना गर्नाका साथै व्यक्तिवाचक संज्ञादेखि बाहेकका अन्य संज्ञाको पनि लोकोत्तर तिरस्कार युक्त असम्भव धर्मको आरोपद्वारा अर्थविस्तार गरी वक्रता पैदा गरिएको छ । समकालीन नेपाली कवितामा यसरी वक्रता सिर्जना गर्नका लागि समकालीन कविले आफूले प्रयोग गरेका नाम पद पदावलीका धर्म, कार्य र व्यवहारमाथि असम्भव चमत्कारयुक्त, लोकोत्तर अर्थको सङ्क्रमण गरिदिएका छन्, जसका कारण समकालीन कविता विशिष्ट एवं कलात्मक बन्न पुगेका छन् । समकालीन कवितामा रुढिवैचित्र्य वक्रताको अवस्थाको विश्लेषणको लागि निम्न बुँदाहरू विश्लेषणको प्रारूपका रूपमा अघि सारिएको छ ।

(क) धर्म, ईश्वर, देवीदेवता
(ख) गरिबी, वर्गीय विषमता
(ग) सुन्दर, स्वतन्त्र, स्वस्थ समाजको सुन्दर सपना
(घ) सिद्धान्तहीनता र नृशंस सत्ता
(ङ) राजनीति र लोकतन्त्रप्रति निशाना

४. समकालीन नेपाली कविताको रुढिवैचित्र्य वक्रताको विश्लेषण

समकालीन नेपाली कवितामा रुढिवैचित्र्य वक्रता अन्तर्गत व्यक्तिवाचक नाम र व्यक्तिवाचकेतर नामका रुढ अर्थभन्दा अर्को लोकोत्तर तिरस्कारको माध्यमबाट नाम शब्दका कार्य र व्यवहारमा अवमानना, अपमान, तिरस्कार अर्थ सङ्क्रमित गरी वक्रता सिर्जना गरिएको छ । समकालीन नेपाली कविता रुढिवैचित्र्य वक्रताकै कारण तीक्ष्ण, संवेदनायुक्त एवं चोटिल बनेका छन् । समकालीन नेपाली कवितामा देखा पर्ने त्यस्तो वक्रता यस प्रकार रहेको छ ।

४.१ धर्म, ईश्वर र देवीदेवता

समकालीन कविका कवितामा धर्म, ईश्वर र देवीदेवता सम्बद्ध शब्दका रुढ अर्थमा अत्यन्त तिरस्कारमूलक नवीन अर्थको आरोप गरी वक्रता पैदा गर्ने प्रवृत्ति पनि पाइन्छ । समकालीन कवितामा बहुङ्ख्यक मानवले दुःख र कष्ट भोग्नुपरेको तथा धर्म र ईश्वरले यस्ता

दारुण दुःख र कष्ट निवारण गर्न नसकेको स्वर मुखर भएको पाइन्छ 'धर्म' र 'ईश्वर' शब्दको रुढ परम्परागत अर्थमा तिरस्कारयुक्त असम्भव धर्मको आरोप गरी समकालीन कविहरूले आफ्ना कवितामा लोकातिक्रान्त तिरस्कारमूलक अर्थगत जुन सौन्दर्य सिर्जना गरेका छन्, त्यसको मूलतत्त्व नै रुढिवैचित्र्य वक्रता हो भन्न सकिन्छ । जस्तै :

(क) के नै नयाँ छ र मसँग
मनाउन सक्दिनँ म छोनाम
मनाउँदिन सङ्क्रान्ति पनि
न मान्छु अब यो कुलदेवता
जसले कुलको नाशमात्र गराउँछ
गर्दिनँ भूमिपूजा पनि
जुन तिमीले लुटेका छौ
(केशव सिलवाल, डा चेपाङ, पृ. १४)

(ख) गुम्बाभित्र
ध्यान हल्ला गरिरहेछ
हल्लाहरू ध्यान गरिरहेछन्
'ओम माने पद्मे हुँ' को वाक्यमा बीच
गृहकार्य गर्न असमर्थ छ एउटा बालक
(श्रवण मुकारुङ, शान्ति सम्बन्धी कविता, पृ. ८३)

यी दिइएका पङ्क्तिपुञ्जका शब्दहरूमा रुढिवैचित्र्य वक्रता विद्यमान छ । यहाँ 'क' मा दिइएको (डा. चेपाङ) कविताको कवितांशमा 'छोनाम', 'सङ्क्रान्ति' र 'भूमिपूजा' धर्म र पूजासँग सम्बद्ध व्यक्तिवाचक इतर पवित्र नाम पद हुन् । यी नामपदको रुढ र वाच्य पवित्र अर्थमा असम्भव र तिरस्कारयुक्त विरोधमूलक अर्थको सङ्क्रमण वा आरोप गरी वक्रता पैदा गरिएको छ । 'छोनाम' मनाउँदिन भन्नु 'सङ्क्रान्ति' मनाउँदिन भन्नु, कुलको नाश गर्ने 'कुलदेवता' भन्नु लुटिएको भूमिको पूजा गर्दिन भन्ने भनाइहरूमा 'छोनाम', 'सङ्क्रान्ति', 'कुलदेवता' र 'भूमिपूजा' जस्ता रुढ परम्परागत पवित्र अर्थयुक्त शब्दको अर्थलाई तिरस्कृत गरी नवीन व्यङ्ग्य वा तिरस्कारकै अर्थ सङ्क्रमण गरिएको छ, जसका कारण यी पङ्क्तिमा चेपाङ जस्ता गरीब, विपन्न, दुःखी, दमित एवं पीडितहरूका लागि धर्म, देवी, देवता, ईश्वर सबै अर्थहीन छन् भन्ने अर्थ अत्यन्तै मर्मस्पर्शी ढङ्गले प्रस्तुत गरिएको छ ।

यहाँ 'ख' मा दिइएको 'शान्ति सम्बन्धी कविता' को पङ्क्तिपुञ्जमा 'गुम्बा' (बौद्ध मन्दिर) भन्ने रुढ अर्थमा ध्यानले हल्ला गरेको भन्ने विरोधमूलक तिरस्कारयुक्त चमत्कारयुक्त अर्थको सविस्तार आरोप गरिएको छ । जसमा शान्तिको प्रतीक मानिने गुम्बाभित्र ध्यानका नाममा हुने हल्लाले बाहिर गृहकार्य गर्न असमर्थ भएको बालकको चित्र मार्फत शान्तिका नाममा हुने अशान्ति, होहल्लाजस्ता वास्तविक अर्थलाई अतिशय तिरस्कारमूलक आरोपका रूपमा उद्घाटित गरेको छ ।

४.२ गरिबी र वर्गीय विषमता

समकालीन कविका कवितामा प्रयुक्त पदहरूमा रुढ अर्थमा तिरस्कारयुक्त धर्मको आरोप गरी गरिबी र वर्गीय विषमताका विरुद्ध आक्रोशको अर्थ आरोप गरी चमत्कार पैदा गरिएको पाइन्छ । समकालीन कविका कवितामा एक्काइसौँ शताब्दीको आधुनिक युगमा अझै पनि समाज गरिबी, वर्गीय विषमताजस्ता रोगले ग्रसित छ भन्ने कुरालाई संज्ञा शब्दको रुढ अर्थमा लोकातिक्रान्त तिरस्कारयुक्त असम्भाव्य धर्मको आरोप मार्फत कलात्मक रूपमा यसरी प्रस्तुत गरिएको छ, जस्तै :

(क) लगाइदिउँला म आफ्ना छोराछोरीलाई पनि
स्याउलाकै लुगा
तर मेरो छालाको
दौरा सुरुवाल लगाउने अधिकार

कसैलाई छैन

ooo

मलाई लाज लाग्छ
कि हामी एउटै देशमा छौँ

र तिमी हाम्रो करङको भऱ्याङ चढेर
अरू माथि माथि जादैछौँ
तिमीले कुल्चिए पछि बेस्सरी
दुखेको मेरो ढाड
अझै ठीक भएको छैन ।

(केशव सिलवाल, 'डा चेपाङ', पृ. १०)

(ख) काका

अब त राखिदेऊ कतै यो अङ्गुछिया

ooo

यो त तिम्रा सन्ततिहरूको
पुरातात्विक सम्पत्ति हो
यसलाई राखिदेऊ कुनै सङ्ग्रहालयमा
कि देखून् प्रष्टसित
देशका इतिहासकारहरूले
देखून् तिम्रै पैताला नाप्दै हुर्किएका
सहस्र नयाँ पैतालाहरूले
गरून् यसभित्र
तिम्रा असङ्ख्य गन्ध र कहरहरूको शल्यक्रिया
र तिम्रो पसिनाको आदिम अवशेषबाट
निकालून् तिम्रो साँचो इतिहास ।

(सरिता तिवारी, 'अङ्गुछिया', पृ. ९६)

दिइएका पङ्क्तिपुञ्जका निश्चित पदहरू रुढिवैचित्र्य वक्रताद्वारा चमत्कृत छन् । (क) मा दिइएका 'डा चेपाङ' कविताका पङ्क्तिपुञ्जमा 'स्याउला', 'छाला' र 'करङ' व्यक्तिवाचेतर नाम शब्द हुन्, यी नामपदको रुढ (कोशीय) अर्थले जे अर्थ बुझाउँछ । त्यस अर्थमा यहाँ ती शब्द प्रयुक्त भएका छैनन्, यी शब्दमा त त्यस अर्थको तिरस्कार भई 'स्याउला' शब्दले लगाउने वस्त्र, 'छाला' शब्दले पनि लगाउने वस्त्रजस्ता अर्को अर्थ आरोप गरिएको छ । यही आरोपित अर्थले गर्दा यस कविताको जातिभेद रूप विषयको कथ्य अत्यन्त सशक्त बनेको छ । त्यस्तै 'करङ' शब्दको मानिसको ढाडमा रहेको हड्डी भन्ने कोशीय अर्थ तिरस्कार गरेर भऱ्याङ वा सिँढीजस्तो चमत्कारपूर्ण अर्थद्वारा वक्रता पैदा गरिएको छ । (ख) मा दिइएको सरिता तिवारीद्वारा रचित कवितामा पुस्तौंदेखि श्रम गरिरहेको एउटा मधेशवासी वृद्धको 'अङ्गुछिया' गम्छा वा रुमाल भन्ने सामान्य अर्थलाई अतिशय प्रशंसाका माध्यमबाट पुरातात्विक सम्पत्ति, असङ्ख्य गन्ध र कहर हरूको मिश्रण, पसिनाको आदिम अवशेष जस्ता नवीन अर्थ आरोपित गरी सौन्दर्य सिर्जना गरिएको छ । यही वर्णनवैचित्र्यका कारण एउटा सामान्य 'अङ्गुछिया' मा असामान्य एवं अतिशय प्रशंसामूलक आरोपित गरी किसानले भोग्नुपरेका अनन्त दुःख, कष्ट र पीडालाई जीवन्त रूपमा उतारिएको छ ।

४.३ सुन्दर, स्वतन्त्र र स्वस्थ समाज

समकालीन कविका कवितामा सुन्दर स्वतन्त्र स्वस्थ एवं सुखी समाजको चाहनाको अभिव्यक्तिका लागि विभिन्न रुढ अर्थमा असम्भव अर्थको आरोपद्वारा नवीन अर्थ उद्भव गरी कथ्यलाई सशक्त तुल्याउने रुढिवैचित्र्य वक्रताको प्रयोग पाइन्छ । समकालीन (सहरिया होस वा ग्रामीण सबै) पुस्ता सुन्दर, स्वतन्त्र र स्वस्थ्य समाजको निर्माणको लागि कैयौं पटक आन्दोलनमा होमिएको छ । यिनै सपना पूरा गर्ने इच्छाले उसले द्वन्द्व, युद्ध र पीडा भोगेको छ । जतिसुकै आन्दोलन, युद्ध र लडाइँ भए पनि युवाहरूका सपना पटक पटक ढलेका छन् । समकालीन कविले यही स्वरलाई शब्दमा निहित रुढ अर्थको अतिवैयक्तिकतालाई त्यागेर निर्वैयक्तिक रूपमा र अर्थविस्तारका रूपमा रुढ

अर्थमा तिरस्कारयुक्त असम्भाव्य धर्मको आरोप गरी रुढिवैचित्र्य वक्रतायुक्त सुन्दर कविताको रचना गरेका छन्, जस्तै :

(क) गाउँमा पूर्णिमा आउँदैन कहिल्यै पूर्ण भएर
आउना साथ त्यसको एउटा टुक्रा खस्छ–
कालीनदीमा ।
एउटा टुक्रा खस्छ– सती पोखरीमा ।
एउटा टुक्रा रूखको हाँगामा गएर अल्झिन्छ ।
अझै अर्को कुनै टुक्रा त
एक्लो मानिसको ऐनामा गएर पनि बस्छ ।
जूनको हल्का, हो कि जस्तो सानो उज्यालो टुक्रा
खस्तछ– नानीहरूको खाली पन्नामा ।
र भोलिपल्ट होमवर्क सकेर मुस्कुराउँदै
नानीहरू स्कुल जान्छन् ।
गाउँमा पूर्णिमा आउँदैन कहिल्यै पूर्ण भएर
तर त्यो गाउँबाट जाँदा सम्पूर्ण भएर फर्कन्छ ।

(मनु मञ्जिल, 'गाउँमा पूर्णिमा', पृ. ४८)

(ख) तपाईं मेरो बस्तीमा प्रमिथस झैं आइदिनुभो
र, जगाइदिनुभो उज्यालोको तिर्खा
मेरो जुठो खाइदिनुभो
र, लगाइदिनुभो समानताको भोक
आज क्यै छैन मेरो छाप्रोमा
न अनाज छ, न पानी
अब कतिवटा भोक बोकेर हिँडूँ म
अब कति थरी तिर्खा बोकेर हिँडूँ म
जीवन भोक तिर्खामात्रै बन्यो भने
मान्छे पशु हुँदैन र ?

(विनोद विक्रम के.सी., 'चिन्ता:एक मुद्रा', पृ. ७५)

(ग) चौरासी लाख जुनीपछि
आज फेरि जन्मिए भानुभक्त मानिस भएर
मानिसको जीवनको कुनै भर छैन
र हिँडे भानु –
अमरावती कान्तिपुरी नगरी ।
०००
खल्तीमा छ रु. सात सय पचास
लच्छिनकी रहिछन् घरबूढी
दिइन् स्नेहले दालभात
ढल्किए कविजी चुरोट तान्दै
सम्झे उनले चुँदी रम्घा
झऱ्यो आँसु दुई कानमा
ताने सिरक र छोपे मुख
०००
किनकि
भोलि त उड्नुछ मलेसिया
लेख्नु छ – रामायण

(श्रवण मुकारुङ, भानुभक्त, पृ. ८६)

दिइएका पङ्क्तिपुञ्जका निश्चित पदहरू रुढिवैचित्र्य वक्रताद्वारा अलङ्कृत छन् जसका कारण सिङ्गो पङ्क्तिपुञ्जको अर्थमा चमत्कार सिर्जना भएको छ । माथि 'क' को उदाहरणमा 'पूर्णिमा' र 'जून' शब्दको कोशीय अर्थमा 'खुसी' र 'सुख' जस्ता असम्भाव्य अर्थको आरोप गरी सिङ्गो पङ्क्तिपुञ्जलाई चमत्कृत तुल्याइएको छ । जसका कारण प्रस्तुत पङ्क्तिपुञ्जका गाउँमा दु:खै दु:ख छ, सुख कहिल्यै आउँदैन आए पनि आंशिक र नजानिँदो रूपमा मात्र आउँछ भनी गाउँको कष्टकर जीवनको चित्रण गर्ने जुन कथ्य छ त्यो यी वक्रताका माध्यमबाट निकै सशक्त एवं प्रभावकारी बनेको छ । 'गाउँमा कहिल्यै पूर्ण भएर पूर्णिमा आउँदैन' भन्ने कथनमा र 'जूनको हल्का हो कि जस्तो सानो उज्यालो टुक्रा' भन्ने कथनमा प्रयुक्त 'पूर्णिमा' र 'जून' शब्दमा अतिशय (पूर्णिमा र जूनको उत्कृष्ट कोशीय अर्थमा) तिरस्कार (पूर्णिमा र जूनले पनि गाउँमा भेदभाव गरेको भन्ने रिस्कार) अर्थको आरोपबाट सौन्दर्य सिर्जना गरिएकोले नै प्रस्तुत पङ्क्तिपुञ्जको कथ्य अत्यन्त सशक्त बनेको देखिन्छ । कवि विनोद विक्रम के.सी.को पङ्क्तिपुञ्ज (ख)

को वाक्यमा 'प्रमिथस' प्राचीन ग्रीक चरित्र भन्ने कोशीय अर्थलाई क्रान्तिको प्रतीक र सुन्दर सुखी समाजको द्रष्टा भन्ने विशिष्ट एवं अतिशय प्रशंसामूलक (तर व्यङ्ग्य) अर्थ आरोपित गरी सौन्दर्य सिर्जना गरिएको छ। सिङ्गो पङ्क्तिपुञ्ज 'प्रमिथस' का लागि आरोपित नवीन (समानताको भोक जगाइदिने, मुक्तिदाता जस्तो देखिने तर धोकेबाज) भन्ने तिरस्कारमूलक अर्थको आरोप गरी वक्रता पैदा गरिएको छ।

कवि श्रवण मुकारुङ विरचित 'भानुभक्त' कविताबाट लिइएका (ग) क. पङ्क्तिमा 'भानुभक्त', 'घरबूढी' र 'रामायण' शब्दको प्रयोग भएको छ। यस कवितामा कविले भानुभक्त भन्नाले चुँदी रम्घामा १८७१ मा जन्मेका श्रीकृष्ण आचार्यका नाति र धनञ्जयका छोरा आदिकवि भन्ने अर्थ, भानुभक्तले बास मागन गएको घरकी बूढी र रामायण भन्नाले उनै भानुभक्तले रचेको रामायण भन्ने कोशीय अर्थलाई तिरस्कार गरी क्रमशः नवीन अर्थ अध्यारोप गरेर रुढिवैचित्र्य वक्रता सिर्जना गरेका छन्। यसमा 'भानुभक्त' शब्दमा वैदेशिक रोजगारमा जाने युवा, 'घरबूढी' शब्दमा होटलमा भात खान दिने र बास दिने घरकी साहुनी बूढी तथा 'रामायण' शब्दमा वैदेशिक रोजगारीमा भोग्नुपर्ने पीडाको आख्यानात्मक काव्य भन्ने नवीन-नवीन अर्थ आरोपित गरी कवितालाई सघन एवं संवेद्य तुल्याइएको छ। कविले प्रयोग गरेका यी नवीन अर्थयुक्त शब्दले नेपाली युवाले वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता जस्तो विषयवस्तुलाई अत्यन्तै सम्प्रेष्य तुल्याइएको छ। यसरी समकालीन कविका यी सबै कवितामा सुन्दर, स्वतन्त्र र स्वस्थ समाजको सपनामा भएको तुषारापातरूप कथ्य रुढिवैचित्र्य वक्रताको माध्यमबाट प्रस्तुत भएको देखिन्छ।

४.४ सत्ताको क्रूरता र निरङ्कुता

समकालीन कविका कवितामा सत्ता वा शासकको क्रूरता र निरङ्कुशताको अभिव्यक्ति पनि रूढ अर्थमा असम्भाव्य धर्मको आरोपका रूपमा र अतिशय तिरस्कार वा आक्रोशका रूपमा वक्रतापूर्ण ढङ्गले प्रस्तुत भएको छ। कविले प्रस्तुत गरेको सत्ताको क्रूरता र निरङ्कुशता चित्रण पनि रुढ अर्थमाथि नवीन अर्थ चमत्कारपूर्ण तरिकाले आरुढ भएर यसरी प्रस्तुत भएको छ, जस्तै :

(क) यो देशको सरकार
कुकुर पाल्छ, कवि पाल्दैन
कुकुरलाई माला लगाउँछ
कविलाई हथकडी
उसका शब्दहरूलाई थुनुवापुर्जी ?
ooo
ए मेरो देशको सरकार
कविलाई हथकडी लगाएर
रमाउन त सक्छौ
रमाऊ
एक दिन कवि रोयो भने
देश रुनेछ
तिम्रा कुकुरहरू भुक्न छाड्ने छन्।
(महेश रेग्मी, कवि र हत्कडी, पृ. ५१-५२)

(ख) यो वर्ष पनि
चिसोको ज्वालामुखी फुटेर
खेतमा मर्नेछ गहुँ छरिरहेको किसान
कारखानामा मर्नेछ, मेसिन पुछिरहेको मजदूर
सडकमा मर्नेछ
तरकारी बेचिरहेको अर्घेलो मानिस
र, सडक बालकहरू
खुशीको कुरा
देहातमा पहिलो पटक
हेलिकोप्टर चढेर आउने छन् प्रधानमन्त्री
र, दलदलेमा फसेको कुर्सी सम्झिँदै

गर्ने छन् एकमिनट अफिसियल मौनधारण
तर बिर्सने छैनन् उनले दोहोऱ्याउन

आगामी चुनावका लागि
दश रिल लामो
स्वर्गको आगो चोर्ने प्रमिथसको भाषण ।

(भूपिन, 'देहातमा हेलिकप्टर', पृ. ४६)

दिइएका पङ्क्तिपुञ्जका निश्चित पदहरूमा रुढिवैचित्र्य वक्रता विद्यमान छ । माथि उदाहरण (क) मा दिइएको महेश रेग्मीको 'कवि र हत्कडी' कविताका पङ्क्तिपुञ्जमा 'कुकुर', 'माला', 'देश' र 'भुक्न' शब्द आ-आफ्नो कोशीय अर्थमा प्रयुक्त भएका छैनन् । यी शब्दको कोशीय अर्थमा कविले अत्यन्त प्रशंसा र तिरस्कारमूलक अर्थको आरोप मार्फत प्रस्तुत पङ्क्तिपुञ्जको कथ्यलाई निकै मर्मस्पर्शी एवं संवेद्य तुल्याएका छन् । सत्ताको क्रूरता र निरङ्कुशतालाई व्यक्त गर्ने अभिप्रायले कविले यी शब्दहरूको आफ्नो अर्थको सट्टा अर्को अर्थको आरोप गरेको देखिन्छ । यहाँ 'कुकुर' शब्दलाई डन, गुन्डा, भ्रष्ट भन्ने अर्थमा अध्यारोप गरेका छन्, कुकुरलाई माला लगाउने भन्ने कथनमा सरकारले गुन्डाको सम्मान गर्छ भन्ने अर्थ आरोपित गरेका छन् र 'माला' शब्दको रुढ कोशीय अर्थमा 'सम्मान' शब्द आरोपित भएको छ । 'देश रुनेछ' भन्ने कथनमा 'देश' भन्ने निर्जीव वस्तुलाई सजीव मानवीय अर्थ अर्थात् अत्यन्त प्रशंसामूलक अर्थमा आरोपित गरेका छन् । 'भुक्न' भन्ने शब्दको अर्थ तिरस्कार गरी 'स्तुतिगान' भन्ने नवीन अर्थ आरोपित गरेका छन् । कविले कविताको यो सिङ्गो कथनमा रुढिवैचित्र्य वक्रताका माध्यमबाट नृशंस एवं क्रूर सरकारले कविको अपमान र भ्रष्टको सम्मान गरेको कथ्यलाई घनीभूत तुल्याएका छन् ।

उदाहरण (ख) को कवि भूपिनद्वारा लिखित पङ्क्तिपुञ्जमा 'प्रमिथसको भाषण' भन्ने शब्दावलीको पर्यायार्थ वा रुढ अर्थभन्दा पृथक् 'वर्तमानका नेताहरूको भाषण' भन्ने नवीन अर्थ अध्यारोप गर्न रुढि अर्थमा वैचित्र्यपूर्ण वक्रता पैदा गरिएको छ । यस पङ्क्तिपुञ्जमा जनताको कहालीलाग्दो मृत्युप्रति संवेदनहीन र सत्ताको आयु लम्ब्याउन उद्यत नेताको चरित्र उजागर गर्न कविले स्वर्गको आगो चोर्ने प्रमिथसको भाषणको रुढ अर्थयुक्त शब्द चयन गरी त्यसमा नवीन सत्ता लिप्सामा आसक्त भन्ने अर्थको आरोपद्वारा कथ्यमा विशिष्टता पैदा गरेका छन् । चिसाले कठ्याङ्ग्रिएर मरेका जनताको शोकसभामा आएका नेताहरूमा जनताको करुण अवस्थाप्रति शोक होइन, सत्ताको भोक सवार रहेको कथ्यलाई सशक्त तुल्याउन यो रुढिवैचित्र्य वक्रता प्रभावकारी बनेको देखिन्छ ।

४.५ नेता, राजनीति र लोकतन्त्रप्रति आक्रोश

समकालीन कविका कवितामा नेता, राजनीति र लोकतन्त्रका विकृतिसँग सम्बद्ध विविध अर्थलाई विभिन्न रुढ अर्थयुक्त शब्दमा अध्यारोप गरी वक्रता पैदा गर्ने प्रवृत्ति पनि पाइन्छ । त्यसैकारण समकालीन कविता अत्यन्तै सशक्त एवं प्रभावकारी बनेको देखिन्छ । समकालीन कविले नेताका दुश्चरित्र, राजनीतिका विकृत-विसङ्गत पक्ष एवं लोकतन्त्रका नाममा गरिने अलोकतान्त्रिक आचरणलाई सघन रूपमा व्यक्त गर्न रुढिवैचित्र्य वक्रताको प्रचुर उपयोग गरेका छन्, जस्तै :

(क) असङ्ख्य दरबारका बुर्जाबाट
तोप पड्किए जसरी आउँछन्
डकारका आवाजहरू
क्रूरहरू
मान्छेका आँसु, रगत र पसिनाका
चौरासी व्यञ्जन खाइरहेछन्
सडक पेटीमा भोकभोकै हिँडिरहेछन्
भोका नानी बोकेर

आला सुत्केरीहरू
क्रुद्ध छ उनीहरूको हिँडाइ
भोजनको होइन,
सायद बन्दुकको खोजीमा छन् उनीहरू ।
(विनोद विक्रम के.सी., 'पेट', पृ. ७३)

(ख) भनिन्छ, सीतादेवी नेपाली
मात्र नेपाली हुन्
ठमेलको मसाज सेन्टरमा होस् या
लोकतन्त्र चोकको अर्को कुनै नयाँ हवेलीमा
नाङ्गो घोप्टो लम्पसार लोकतन्त्रलाई
घोडा चढेर तेल घसिरहेकी हुन्छिन्
लोकतन्त्रको लागि
जुनसुकै बेला नाङ्गो हुन तयार छिन् ।
(स्वप्निल स्मृति, 'सीतादेवी नेपाली...', पृ. १११)

समकालीन नेपाली कवितामा नेता, राजनीति र लोकतन्त्रप्रति आक्रोशको अभिव्यक्तिका लागि कविले रुढिवैचित्र्य वक्रताको भरपूर प्रयोग गरेका छन् । उदाहरण 'क' मा दिइएको पङ्क्तिपुञ्जमा 'दरवारका बुर्जा' पदावलीमा बुर्जा शब्दको अर्थ सामान्य भ्याल हो र त्यो निर्जीव वस्तु हो, कविले दरबारका वुर्जाबाट तोप पड्किए जसरी डकारका आवाजहरू आउँछन् भनी ती बुर्जाको रुढ कोशीय अर्थमा दरबारभित्र बस्ने शासकहरूको मुख भन्ने अर्थ आरोपित गरेका छन् । यसै उदाहरणमा आएको 'मान्छेका आँसु रगत र पसिनाका चौरासी व्यञ्जनहरू खाइरहेछन्' भन्ने कथनमा चौरासी व्यञ्जन भनेको अन्न वा मिष्ठान्न जस्ता खाद्य पदार्थ भन्ने रुढ अर्थमा मान्छेका आसु, रगत र पसिना भन्ने नवीन अर्थ आरोपित गरी वक्रता पैदा गरेका छन् र क्रूर शासकहरूको क्रूरताको धज्जी उडाउने कथ्यलाई घनीभूत पारेका छन् । उदाहरण 'ख' मा प्रस्तुत गरिएकी 'सीतादेवी नेपाली' एउटी व्यक्ति विशेषको नाम हो तर यस नामबाट कविले मसाज सेन्टरमा बन्धक बनाइएकी व्यक्ति, लोकतन्त्र चोकको नयाँ हवेलीमा नाङ्गीन विवश युवतीको अर्थ आरोपित गरेका छन् । त्यस्तै 'नाङ्गो, घोप्टो, लम्पसार परेको लोकतन्त्र' भनी लोकतन्त्र नामक लोक (जनता) ले गर्ने शासन भन्ने रुढ अमूर्त अर्थमा लोकतन्त्र आगमन पश्चात् बनेका नवधनाढ्य क्रूर भ्रष्ट नेताहरू भन्ने मूर्त र मानव अर्थ अध्यारोप गरी वक्रता पैदा गरेका छन् । यसरी समकालीन कवितामा कविले रुढिवैचित्र्य वक्रताको प्रयोगद्वारा नेता, राजनीति र लोकतन्त्रप्रतिको आक्रोशलाई घनीभूत तुल्याएका छन् ।

४.६ पहिचान, रङ्भेद र जातिभेद विरुद्धको आवाज

समकालीन नेपाली कवितामा पहिचान रङ्गभेद र जातिभेद जस्तो कथ्यलाई प्रभावकारी तुल्याउन रुढिवैचित्र्य वक्रताको प्रयोग गरिएको छ । देशमा बसोबास गर्ने जातिमाथि भेदभाव गर्ने प्रवृत्तिका विरुद्ध समकालीन कविताले चर्को आवाज उठाएको पाइन्छ, जस्तै :

सुनकै पिँजडामा थुनिए पनि
गाउँदिन म तिम्रो लागि,
गोपीकृष्ण कहुँ
म होइन, तिम्रो शान्तिको प्रतीक परेवा
म होइन,
तिम्रो भ्यालेन्टाइनको प्रतीक जोडी चखेवा
म केही पनि होइन तिम्रो लागि
तर कालो र लामो पुच्छर भएको
कुरूप नै सही
म यो देशको एउटा चरा हुँ
मेरो पनि दावी छ,
म यो देशको राष्ट्रिय चरा हुँ ।
(केशव सिलवाल, 'चिवेचरा', पृ. १३)

यस कवितांशमा जातिवशेष र रङ्गका आधारमा गरिने र गरिएको भेदभावप्रतिको

आवाज वक्रतापूर्ण ढङ्गले प्रकट भएको छ। 'गोपीकृष्ण कहूँ' भनेको सुगाले बोल्ने आवाज भनी अनुकरण गरिएको मानवीय आवाज हो तर 'गोपीकृष्ण कहूँ' गाउँदिन भनी उक्त 'गोपीकृष्ण कहूँ' शब्दको रुढि अर्थ माथि स्तुतिगान, चाकरी र चाप्लुसी गर्दिनँ भन्ने नवीन अर्थ आरोपित गरिएको छ। यहाँ 'सुनको पिजडा' भन्ने शब्दको रुढ अर्थ सुनजस्तो महँगो धातुबाट बनाएको पिँजडा हो तर यहाँ कविले 'सुनको पिँजडा' शब्दमा बन्धन, शोषण र दमनजस्ता अर्थ आरोपित गरी वक्रता पैदा गरेका छन्। यहाँ प्रयोग भएको 'परेवा' र 'चखेवा' दुवै चराका एक जाति हुन् तर यस्तो रुढ अर्थमा कविले 'शासकका इसारामा नाच्ने, उनकै चाकरी गर्ने व्यक्ति' भन्ने अर्थ अत्यन्त रमणीय ढङ्गले आरोपित गरेका छन्। 'म यो देशको राष्ट्रिय चरा हुँ' भन्ने पङ्क्तिमा 'राष्ट्रिय चरा' भन्ने पदावलीको अर्थ माथि 'राष्ट्रको नागरिक' भन्ने अतिशय प्रशंसामूलक अर्थको आरोप गरी वक्रता पैदा गरेका छन्। यसरी समकालीन कविका कवितामा जातीय भेदभाव विरुद्धको आवाज रुढिवैचित्र्य वक्रताका माध्यमबाट सशक्त रूपमा प्रकट भएको छ।

५. निष्कर्ष

रुढिवैचित्र्य वक्रताको प्रयोग गर्ने प्रवृत्ति समकालीन नेपाली कविताको मुख्य विशेषता देखा पर्दछ। समकालीन कविले धर्म, ईश्वर, देवीदेवता, गरीब, गरिबी, विषमता, सिद्धान्तहीनता, नृशंस सत्ता, राजनीति र लोकतन्त्रप्रतिको निसाना र जातीय भेदभाव जस्ता विषयवस्तुलाई कलात्मक रूपमा अभिव्यक्त गर्न अङ्गीकार गरेको एक महत्त्वपूर्ण प्रवृत्ति रुढिवैचित्र्य वक्रता हो भन्ने प्रस्ट हुन्छ। जसमा शब्दको रुढ अर्थमा अनेक असम्भाव्य अर्थ आरोप गरी वक्रता पैदा गरी कविता कृतिलाई कलात्मकताको शिखरमा पुऱ्याउने विशिष्ट माध्यम रुढिवैचित्र्य वक्रता हो भन्ने छर्लङ्ग हुन्छ।

सन्दर्भग्रन्थ सूची

कुन्तक (सन् १९९५), हिन्दी वक्रोक्तिजीवित, सम्पा. डा. नगेन्द्र, दिल्ली : हिन्दी माध्यम निर्देशनालय, दिल्ली विश्वविद्यालय।

के.सी., विनोद विक्रम (२०६२), 'चिन्ता : एक मुद्रा', गरिमा, (पूर्णाङ्क ३६३), ललितपुर : साझा प्रकाशन।

---, (२०६२), 'पेट', गरिमा, (पूर्णाङ्क ३६३), ललितपुर : साझा प्रकाशन।

तिवारी, सरिता, (२०६३), 'अङ्गुछिया', गरिमा, (पूर्णाङ्क ३६३), ललितपुर : साझा प्रकाशन।

त्रिपाठी, राममूर्ति. भारतीय काव्य विमर्श. दिल्ली : वाणी प्रकाशन. सन् २००९।

द्विवेदी, दशरथ. रसाभिव्यक्ति. वाराणसी : विश्वविद्यालय प्रकाशन. २००७ इ.।

भूपिन (२०६२), 'देहातमा हेलिकप्टर', गरिमा, (पूर्णाङ्क ३६३), ललितपुर : साझा प्रकाशन।

मञ्जिल, मनु (२०६२), गाउँमा पूर्णिमा, (पूर्णाङ्क ३६३), ललितपुर : साझा प्रकाशन।

मुकारुङ, श्रवण (२०६२), 'शान्ति सम्बन्धी कविता', गरिमा, (पूर्णाङ्क ३६३), ललितपुर : साझा प्रकाशन।

---, (२०६२), 'भानुभक्त', गरिमा, (पूर्णाङ्क ३६३), ललितपुर : साझा प्रकाशन।

रेग्मी, महेश (२०६२), 'कवि र हत्कडी', गरिमा, (पूर्णाङ्क ३६३), ललितपुर : साझा प्रकाशन।

शर्मा, ऋषिराम. नेपाली वक्रोक्ति परिचय. भक्तपुर : इन्दिरा अर्याल. २०७०।

सिलवाल, केशव (२०६२), 'डा. चेपाङ', गरिमा, (पूर्णाङ्क ३६३), ललितपुर : साझा प्रकाशन।

---, (२०६२), 'चिवेचरा', गरिमा, (पूर्णाङ्क ३६३), ललितपुर : साझा प्रकाशन।

स्मृति, स्वप्निल (२०६२), 'सीतादेवी नेपाली...', गरिमा, (पूर्णाङ्क ३६३), ललितपुर : साझा प्रकाशन।

❖❖❖

म नदी

■ केशवराज पन्त

जमिनभित्रको मूलबाट बाहिर आएदेखि नै
कहिले नरोकिएर निरन्तर बहिरहेँछु बहिरहेँछु
सानो छँदा कहिलेकाहीँ कुवा, पोखरीमा
फोहोर मैला बनाउँदा पनि धैर्य गरी सहिरहेँ
बाढी मिसिँदा पहिरोले छेक्दा धमिलो भए पनि
आखिर पछि सङ्लिएर निरन्तर बहिरहेँ
बेलाबखत दायाँबायाँ गरे पनि हरेश खाइनँ
कसैसँग दुःख पोखिनँ, कहीँ कतै बिन्ती गरिनँ
प्राकृतिक नियम छोडिनँ, मौलिकता बिर्सिनँ
आफ्नो धर्म, कर्ममा सधैँ अडिग रहेँ, बहिरहेँ ।

हिमाल, पहाडका पाखा पखेरा, चट्टान, पत्थर
र, भित्ताहरुमा ठोक्किदै
लड्दै भिड्दै बहँदा पनि
मलाई कतै केही भएन,
बरू ती कडा चट्टान,
पत्थर नै नासिँदै खिइँदै गए,
राम्रा चिल्ला बन्दै गए,
कुँदिएर मूर्तिको रूप लिए
मन्दिर प्रवेश गरिए,
चन्दन फूल, माला र अबिरले
सजिने अवसर पाए,
उल्टै मान सम्मान पाए ।

माथिबाट लड्दै भिड्दै र पछारिँदै तल झर्दा
कहीँ छाँगा झरना, कहिले पोखरी, ताल त
कहिले जमिनमुनि भासिँदै भूमिगत भएर
लुक्दै, छिप्दै पनि निरन्तर बहिरहेँ बहिरहेँ

अनेकौँ बाधा अड्चन, व्यवधान आए पनि
जतिसुकै हन्डरहरू खाए पनि
बाँध बाँधेर रोक्ने प्रयास गरे पनि बिचलित भइनँ
कहिले रोकिइनँ निरन्तर बहिरहेँ बहिरहेँ ।

जोसुकैले जतिसुकै प्रयास गरे पनि
फोहोर मैला भएर रहिनँ
बरू अरूको मैला हटाउनमा लागिरहेँ
सफा सङ्लो भएरै सधैँ बहिरहेँ, बहिरहेँ ।
धर्तीलाई सिञ्चन गरेर उर्वर बनाएँ
सबै प्राणी, वनस्पतिलाई जीवन दिएँ
हरियाली दिँदै वातावरण स्वच्छ बनाएँ
उत्पादन बढाएँ, सबैलाई आहार दिएँ
बिजुली बत्ती दिएँ, उद्योग कारखाना बढाएँ
विकास निर्माण कार्यमा सहभागी बन्दै गएँ
सबै क्षेत्रमा समाहित बन्दै गएर पनि
घट्नुभन्दा पनि झनै बढ्दै गइरहेँ
सानो एउटा मुहानबाट निस्केर खोलानाला हुँदै
जतिजति बहँदै टाढा टाढा हुँदै गएँ
थपिँदै बढ्दै एउटा शान्त ठूलो नदी बनेँ
अहिले त,
मेरो रङ र स्वरूप पनि बदलिएछ
सानोमा देख्नेलाई त चिन्न पनि गाह्रो भएछ
तर पनि म बग्न छोडेको छैन
निरन्तर बगिरहेको छु र बहि नै रहने छु
बहन छाड्ने छैन,
आफ्नो पहिचान समाप्त पार्ने छैन ।

❖❖❖

लेख

'आँधीखोले लोकसाहित्य : प्रस्तुति र विश्लेषण'को विवेचनात्मक अध्ययन

■ सहप्रा. थानेश्वर अर्याल

१. लोकसाहित्यको परिचय

• लोकसाहित्य शब्द 'लोक' र 'साहित्य' दुई शब्दको समास भएर बनेको हो। 'लोक' शब्द लोक दर्शने धातुमा घञ् (अ) प्रत्यय लागेर बन्दछ भने 'साहित्य' शब्द सहित (सह्+इतच्, सह+क्त) मा ष्यञ् (य) प्रत्यय लागेर बन्दछ। संस्कृत वाङ्मयमा लोक शब्दको प्रयोग वैदिक कालदेखि नै स्थानबोधक अर्थका रूपमा र सामान्य जनबोधक अर्थका रूपमा प्रयोग हुँदै आएको पाइन्छ।

ऋग्वेद, उपनिषद् र पुराणहरूमा लोकको अर्थ क्रमशः जीव, स्थान, जीवन, इहलोक, स्वर्ग, मर्त्य र पाताल आदि लगाइएको छ। निरुक्तमा पृथ्वी र अन्य अन्तर्आदिलोक लगाइएको छ। स्वस्थानी व्रतकथामा माथिका भूर्लोक, भुवर्लोक, स्वर्लोक, महर्लोक, जनलोक, तपलोक र सत्यलोक, तलका अतल, वितल, सुतल, तलातल, रसातल, महाताल र पाताल (शर्मा बाबू माधवप्रसाद.....:४१) को उल्लेख गरिएको छ। नेपाली बृहत् शब्दकोशमा चौध भुवनका नामसहित ग्रहमण्डलका स्थान : सूर्यलोक, चन्द्रलोक आदि र देवताहरूका वासस्थान : शिवलोक, विष्णुलोक, ब्रह्मलोक आदि भनेर लगाइएको पाइन्छ। पोखरेल (र अरू, २०४०:११८८)। श्रीमद्भगवद् गीतामा 'अतोऽस्मि लोके वेदे च प्रथितः पुरुषोत्तम :' (गीता, १५/१८) भनेर जनता र स्थानलाई लिइएको छ भने लोकसंग्रहमेवापि संपश्यन्कर्तुमर्हसि (गीता, ३/२०) भनेर जनताका आदर्श व्यवहार र आचरणलाई अर्थ्याइएको पाइन्छ। भाषिक सन्दर्भमा पाणिनि कात्यायन र पतञ्जलिले पनि लोक र वेद शब्दको अस्तित्व स्वीकारेको पाइन्छ। यिनै अर्थप्रदायक लोकशब्दलाई समयान्तरमा हिन्दीमा प्रयोगमा ल्याइएको र नेपालीमा पनि अनुसरण वा स्वीकार गरिएको पाइन्छ।

अँग्रेजी भाषाको यस्तो अर्थ बुझाउने शब्द FOLK हो। FOLK (फोक्को) अर्थ People, race, Nation, lore, traditional, believes अथवा साधारण व्यक्ति, जनसाधारण, जाति, मानिस, राष्ट्र, कौम, कथा, कहावत, कथानक, पारस्परिक विश्वास भनेर दिइएको छ। तर अङ्ग्रेजी भाषामा फोक शब्दले एकातिर साधारण जनसमुदाय वा जातिलाई बुझाएको पाइन्छ भने अर्कातिर 'सर्वसाधारण एवं राष्ट्रका सम्पूर्ण मानिसहरूलाई बुझाएको पाइन्छ। यसरी यसको अर्थ सङ्कुचित र व्यापक दुवै रूपमा लिइएको पाइन्छ। यसरी अँग्रेजीको फोक र नेपालीको लोक शब्द समानार्थी शब्दका रूपमा देखिन्छन्। अतः यही अँग्रेजी फोक शब्दलाई नेपालीमा लोक शब्दका रूपमा ग्रहण गरेको पाइन्छ। लोक शब्दले पूर्वीय जगत्मा (पश्चिमी जगत्मा फोकको समानार्थी) जनसामान्य भन्ने अर्थ दिन्छ भने जनसामान्यको साहित्य बुझाउन लोकमा साहित्य (हितेन सहितम् साहित्यम् अथवा सहितस्य भाव साहित्य) शब्द जोडेर लोकसाहित्य शब्द बनेको पाइन्छ।

समयान्तरमा यसै लोकसाहित्य शब्दले जनसामान्य वा जनताको भावना भन्ने अर्थ बुझाउन थालेको पाइन्छ ।

२. लोकसाहित्यका विधाहरू

लोकसाहित्य सिङ्गो लोक संस्कृतिको एउटा महत्वपूर्ण अङ्ग हो । यो कलाकार र रचनाकारका अनुभूतिमा रचिन्छ । रचनाकारको नियमबद्ध तरिका हुँदैन । रचयिताको रचना, रचनाकार र कलाकारको यथार्थ जानकारी पनि पाइँदैन । रचनाकार वा कलाकारले जतिखेर जस्तो किसिमको अनुभूति गर्छन् त्यसैलाई ठीक पारी आफ्नो कलात्मक सीपमा समेट्छन् र लयात्मक रूपमा अभिव्यक्त गर्छन् । यसै अलापद्वारा उनीहरू सन्तुष्टि लिन्छन् र चित्तशान्ति गर्छन् । अनुकूल समय र अवस्थामा गीत, गाथा र कथाहरू भनेर, सुनेर प्रतिक्रिया जनाएर ती वक्ता श्रोताहरूले मन बहलाउने काम गर्छन् भने त्यसरी नै बालबालिका, प्रौढ-प्रौढा, बाजेबज्यै र केटाकेटीहरूसमेत समयसमयमा कथा, गाउँखाने कथा, टुक्का, चुट्किला आदि सुन्ने, सुनाउने र गीत गाउने, नाच्ने गरी मनोरञ्जन लिन्छन् । यसरी हाम्रो संस्कृतिको प्रत्येक पलपलमा लोकसाहित्यका सबै विधाहरू घुलमिल भएको पाइन्छ । यथार्थमा लोकजीवनका विभिन्न स्थिति र मानसिक अवस्थालाई सजिलैसँग लोकसमक्ष वाणीका रूपमा अभिव्यक्त गर्ने जेजति प्रकारहरू अँगालिन्छन्, ती नै लोकसाहित्यका विधाहरू मानिन्छन् । मुख्य रूपमा प्रचलित लोकसाहित्यका विधाहरू १. लोकगीत २. लोकगाथा ३. लोककथा ४. लोकनाटक ५. लोककविता र ६. उखान टुक्का गरी छ किसिमका देखिन्छन् ।

३. नेपालीमा लोकसाहित्यको उठान र अध्ययनको आरम्भ

नेपालीमा लोकसाहित्यको आरम्भको उल्लेख गर्दा नेपाली भाषासँग नाता जोडिन्छ । नेपाली भाषाको आरम्भ भुपाल दामुपालको समयको दुल्लु शिलालेख सं.१०३८ (नेपाल २०३९ : १२२) लाई मानिने हुनाले नेपाली लोकसाहित्यको आरम्भ पनि सं. १०३८ कै सेरोफेरोबाट भएको मान्ने गरिन्छ तापनि यसको विकास भने वि.सं. १९४२ मा वीर शमशेरले सङ्गीत दरबारको निर्माण गरेर गायक र वाद्यवादकलाई जमघट गराएपछि र यिनैले वि.सं.१९५६ सङ्गीत समारोह गराएपछि हुन थालेको देखिन्छ (पौड्याल, ई.२०१४:१८) ।

यसपछि सरकारी संस्था र गैरसरकारी संस्था तथा सामूहिक र व्यक्तिगत रूपमा नेपाली लोकसाहित्यको सोधखोज र अध्ययन हुन थाल्यो । त्यसमा पनि २००७ पछि र त्रिभुवन विश्वविद्यालयको स्थापना (वि.सं. २०१६) र नेपाली विषयमा एम.ए.को पढाइ सञ्चालन भएपछि त लोकसाहित्यको सोधखोज, सङ्कलन र अध्ययन विश्लेषण व्यापक रूपमा भयो र यस विधाको विकास हुन थाल्यो । यस क्रममा दर्जनौँका सङ्ख्यामा देखिएका लोकसाहित्यका विशिष्ट अध्येताहरूले नेपाली लोकसाहित्यको अध्ययन परम्परालाई वर्तमानको फुल्दो-फल्दो अवस्थामा पुऱ्याएका छन् । तिनै अध्येताहरूमध्येका एक जना अध्येता हुन्– विश्वप्रेम अधिकारी । यस लेखमा अधिकारीको 'आँधीखोले लोकसाहित्यः प्रस्तुति र विश्लेषण' नामक लोकसाहित्यिक कृतिको व्याख्या, विश्लेषण र विवेचना गरिएको छ ।

विश्वप्रेम अधिकारीद्वारा सङ्कलन, सम्पादन र विश्लेषण गरिएको 'आँधीखोले लोकसाहित्यः प्रस्तुति र विश्लेषण' ८९ पृष्ठमा

संरचित छ। २०५९ को रामनवमीका दिन प्रथम संस्करण प्रकाशन भएको र २०७१ फागुन ७ गते दोस्रो संस्करण प्रकाशन भएको प्रस्तुत कृतिमा हुमकान्त पाण्डेको 'अग्रजका लागि श्रद्धा-सम्मति', देवीप्रसाद वनवासीको 'सफलताको कामना' र स्वयम् अधिकारीको रामनवमी २०५९ (प्र.सं) को आभार र कृतज्ञता' र २०७१ फागुन ७ गतेको 'दोस्रो संस्करणका सम्बन्धमा' शीर्षक अन्तर्गतका कथनहरू छन्। त्यसपछि विषयसूचि अन्तर्गत खोजअनुसन्धान, सङ्कलन-विश्लेषण र मौलिक लेखन समेत भएका बाइसवटा शीर्षकका सामग्रीहरू छन्। यी सामग्रीहरू माथि उल्लेख गरिए झैँ लोकसाहित्यका प्रायः सबै (लोककविता विधा छोडेर) विधाका छन्। अनि पृष्ठ १ मा लोकसाहित्य र लोकसंस्कृतिका ४ जना विद्वान्हरूका सङ्कलित रचनाहरूलाई परिचय र विश्लेषणसहित प्रस्तुत गरिएको छ। यहाँ तिनको अध्ययन, विश्लेषण र विवेचना वा समीक्षा गर्ने प्रयास गरिएको छ।

४. 'आँधीखोले लोकसाहित्य

प्रस्तुति र विश्लेषण' कृति अन्तर्गतका विषयहरूको क्रमिक अध्ययन

४.१. ठाडो भाका र पृष्ठभूमि

'ठाडो भाका र यसको पृष्ठभूमि' शीर्षक लेखमा ठाडो भाकालाई भदौरे भाका पनि भनिन्छ भन्दै ठाडो भाकाका गीत पनि कृषि कर्ममा लाग्ने किशोरकिशोरीदेखि युवायुवती वा प्रौढप्रौढासम्मकाले पनि गाउँछन्। विशषतः कोदो रोप्ने, गोडमेल गर्ने सन्दर्भमा र अन्य खेती लगाउने, काट्ने आदि सन्दर्भमा यी गीत गाइन्छ भन्दै विभिन्न गीतहरू प्रस्तुत गरिएका छन्।

पहिलो गीतमा तरुनीतन्नेरीहरूले कोदो रोप्दा र मकै खोइलाउँदाको गीत गाउने प्रचलनको चित्रण छ। यो दोहोरी गीत शैलीको छ। दोस्रो गीतमा प्रेमीले प्रेमीकाको अवस्था बुझेपछि भूलमा परेको कुरा उल्लेख छ। त्यसपछि ठाडो भाकालाई 'आर्थर भाका' पनि भनिन्छ भन्दै आर्थरे क्षेत्रको परिचय दिई त्यस भाकाका गीत गाउने ठाउँहरू छाङछाङ्दी (आँधी खोलाको उत्तरी क्षेत्र), विरुवा बजार (पूर्व, बाँस्तरा खोलाको पुछार) र ज्याग्दीघाट (दक्षिणतर्फ-कालीगण्डकी किनार)को उल्लेख गर्दै छाङछाङ्दीमा (महाशिवरात्रीमा), विरुवा बजारमा (फागू पूर्णिमामा) र ज्याग्दी घाटमा (कार्तिक ठूली एकादशीमा) मेला लाग्ने र तरुनी तन्नेरीहरूले गीत गाउने कुरा उल्लेख छ। अनि तेस्रो गीतमा आर्थरे भाका पनि ठाडो भाकाजस्तै हो भनिएको छ र ठाडो भाका 'सालैजो'सँग मिल्दोजुल्दो छ र त्यसलाई 'आर्थरे भाका' र 'भदौरे भाका' समेत भनिने कुरा उल्लेख छ। अनि यस तेस्रो गीतमा घरबारको चिन्ता गरिएको छ। चौथो गीतमा बाघमुखे, गाइमुखे बाला बनाई लगाउने सन्दर्भ उल्लेख गर्दै चित्रकलाको छनक दिने र ठाडो भाकाले चित्रकलाको समेत जानकारी दिने कुरा उल्लेख गरिएको छ। पाँचौ गीतमा मन परेका कन्या माग्ने चलनको पनि उल्लेख छ। छैटौँ गीतमा सन्चो बिसन्चो र स्वास्थ्यको सन्दर्भ छ। यस गीतमा बढी सुत्न वा जुनसुकै समयमा सुत्न नहुने कुरा उल्लेख गरिएको छ। (अधिकारी, २०७१ : २-५)

४.२. बारुलै गीतको भाका र यसको पृष्ठभूमि

'बारुलै गीतको भाका र यसको पृष्ठभूमि' भन्ने शीर्षकमा बारुलै जोडिएको रोइला गीतमा मादलको ध्वनि पनि गीतको भाका अनुरूप हुन्छ भनिएको छ। यो गीत गाउँदा रोधीघर, पूजाघर वा हाटबजारमा पुरुषहरू देखिएर र महिलाहरू केही छेकिएरर वा विभिन्न खाले पछ्यौराहरू ओढेर बस्छन्। कहीँ

पुरुषहरूलाई छेउछाउ पारेर पनि बस्दछन् । यिनीहरूको बसाइ, यसोउसो हात चलाउँदा छोइने सम्मको हुन्थ्यो । यी गीत बढी शृङ्गार, केही करुणा र शान्त रसको भाव व्यक्तिने खालका हुन्छन् भन्दै गीत र गीत गायनको परिवेश चित्रण गरेका छन् । केही गीतकै टुक्रा उदाहरणका रूपमा प्रस्तुत गरिएका पनि छन् । पहिलो गीतमा लोकगीत विद्वान्को विद्वत्तापूर्ण भाषण भन्दा उत्तम हुन्छ भन्ने भाव छ । लोकगीतका माध्यमले पनि शिक्षाको प्रचार, सामाजिक आन्दोलन र राजनीतिक उथलपुथल हुन्छ । मनवीर खत्री (बाग्लुङ) माक्रुम गुरुङ (लमजुङ), मित्रसेन (पाल्पा) र चन्द्रबहादुर सेन (स्याङ्जा) का गीतले ल्याएको जागरणको प्रशंसा गरिएको छ । गीतले क्रियाशीलता र विनोदप्रियता पनि ल्याउँछ भन्ने कुरा उल्लेख छ । अनि दोस्रो गीतमा प्रेमी प्रेमीकाका बीच विश्वासका निम्ति आउँछु, जान्छु र लान्छु भन्दा औंला टोक्ने-टोकाउने चलनको उल्लेख छ । यसले विश्वासमा पर्ने वा औंठी लिने दिने पौराणिक कालदेखिको प्रसङ्गलाई सम्झाउँछ । अनि यहींनेर सूक्तिमय छोटा गीत चुड्का हुन्, तिनको विकसित ख्यालठट्टायुक्त ख्याली र यी दुवैको विकसित रूप रोइला हो भन्दै तिनमा तरुनी तन्नेरीका बीचमा परस्पर आकर्षण र रागात्मक सम्बन्धको चाहना हुन्छ भन्ने गीतका टुक्रा यहाँ प्रस्तुत गरिएका छन् । त्यस्ता गीतका टुक्राहरूमध्ये केही मायाप्रेमसँग सम्बन्धित छन् भने केही जीवनका कष्टमय चीत्कार चित्रहरूसँग सम्बन्धित छन् ।

ती केही हुन् :

'औंलो टोकी बारुलै.....विश्वास देऊ न त'
'मायाँ काँ छ बारुलै.....कलेजी छेउमा छ'
'मनमा के छ बारुलै.....भन्नेलाई सम्मै छ'
'माया तिम्लाई बारुलै.....सम्झन्छु झल्झली'
'माछीलाई बारुलै.....जाल पनि ताल पनि'
'म दुःखीलाई बारुलै.....आउँदैन काल पनि'

४.३. गाउँखाने कथा र यसको पृष्ठभूमि

'गाउँखाने कथा र यसको पृष्ठभूमि' शीर्षकमा नेपालमा गाउँखाने कथाको आरम्भ कहिलेदेखि भयो भन्ने कुरामा किटान गरेर भन्न सकिन्न । तर यसको पृष्ठभूमि चाहिँ संस्कृत हो भन्दै त्यहाँदेखिको पृष्ठभूमि अगाडि सारिएको छ । नेपालीमा गाउँखाने कथा भनिने रचना विशेषलाई संस्कृतमा प्रहेलिका भनिन्छ । आज संस्कृतमा प्रहेलिका भनिने शब्दलाई पहिले 'प्रवल्हिका/प्रबल्हिका' भनिन्थ्यो । हिन्दीमा 'पहेली वा बुझौबल' र नेपालीमा 'गाउँखाने कथा' भनिन्छ भन्ने व्याख्यान अगाडि सारेका छन् । अनि यसै गाउँखाने कथालाई रत्नाकर देवकोटाले पनि पहिले साइतर र पछि मात्रै प्रहेलिका भनिएको हो भन्दै फेरि शास्त्र, शास्तर हुँदै साइतर भएको हो भन्छन् । बालकृष्ण पोखरेलले यही शास्त्र, शास्तर र साइतरलाई स्वीकार गर्छन् र कर्णालीतिर 'साइतर' वा 'हाइथर' पनि भनिन्छ भन्छन् । त्यस्तै चूडामणि बन्धुले- पहेली, साइतर झाँगा, झिट्टा, घाउटा र अड्का सबै भाषिकाका रूप हुन् । केन्द्रीय भाषिकामा 'पहेली'लाई गाउँ खाने कथा भनिन्छ भन्दै पहेलीलाई स्वीकार गरेका छन् भनिएको छ ।

विद्वच्छिरोमणि कुलचन्द्र गौतमले प्रहेलिका सम्बन्धी दृष्टिकोणका निम्ति निम्न श्लोक अगाडि सार्नुभएको छ –

'आलिङ्गन गरी स्त्रीले चढाएको नितम्बमा ।
को मन्द शब्द गर्ला लौ गुरुजनका समीपमा ।'

४.४ लोककथा

'लोककथा' शीर्षकको लेखमा लोककथालाई दन्त्यकथा र परीकथा पनि भनिन्छ । नृविज्ञान पनि भनिन्छ । यसमा यथार्थ र कल्पना दुवै पाइन्छ । लोक- परम्परा, लोकव्यवहार, लोकाचार र लोकपरिपाटीहरू पाइन्छन् ।

बोधविक्रम अधिकारीले दन्त्यकथा वा दन्तेकथा भनेका छन् पनि भनिएको छ र विभिन्न विद्वान्हरूले 'जनसाहित्य, जनगीत र लोकवार्ता' भनेको पाइन्छ भनेर उल्लेख गरिएको पनि छ र जनसाहित्यले लोकसाहित्यलाई समेट्न सक्दैन पनि यहीँ भनिएको छ । स्पष्टतः लोकसाहित्य र जनसाहित्यको फरकचाहिँ देखाइएको छैन । अनि लोकसाहित्यमा पशुकथा, प्राणी मात्रका कथा र लोककथाहरू इतिवृत्तका रूपमा हुन्छन् । तर हाल प्रविधिका कारण पुरानो कथा सुन्ने परिपाटी छाडिएको सन्दर्भप्रति दुःख प्रकट गर्दै लोककथाका अनुसन्धाताहरू : लीलासिंह कर्मा, बोधविक्रम अधिकारी, सत्यमोहन जोशी, तुलसी दिवस, केशरजङ्ग बराल, केहरसिंह गुरुङ र चूडामणि बन्धुको नाम लिएर जजसले जेजे नाम दिए पनि यी लोककथाहरू दन्त्यकथा नै हुन् भन्ने निष्कर्ष निकालिएको छ । यसरी लोककथाको सामान्य चिनारी दिइएको छ (ऐ.ऐ.,२२-२३) ।

४.५. साइतको फल

'साइतको फल' नेपाली संस्कृतिसँग सम्बन्धित छ । यसमा एक जना गरिब छिमेकी परदेशमा काम गर्न जानका निम्ति नाम चलेका पाखा जैसीकहाँ साइत हेराउन गयो । जैसीले साइत हेऱ्यो । सो साइतअनुसार छिमेकी परदेशतिर हिँड्यो । पहिलो दिन हिँड्नेबित्तिकै बाटामा कालो सर्प फणा फुलाएर ठिङ्ग उभिएको देख्दा यात्रु डरायो । त्यही वेला 'तँ गुरुमुखी होस् कि मनमुखी ?' भन्ने आकाशवाणी भयो । यात्रुले 'जैसीकहाँ गएर आएको हुँ' भन्यो । अनि सर्प फर्कियो र तीन टुक्रा भयो । बीचको टुक्रा सुन भयो, टाउको र पुच्छर फेरि जोडिएर सुलुलु भाग्यो; अदृश्य भयो । आश्चर्य र त्रासमा अलमलिएको यात्री थचक्क भुइँमा बस्यो । 'धन देख्दा महादेवका सय नेत्र' (अन्यत्र धन देखेपछि महादेवका तीन नेत्र भन्ने पाइन्छ) भने झैँ लोभ पनि लाग्यो । अनि जैसीको कीर्ति पनि सम्झ्यो र सुनको लाप्सो उठाई झोलामा राखेर घर फर्क्यो । धेरै दिनका निम्ति हिँडेको यात्री यति चाँडै फर्कंदा गाउँमा चर्चा भयो । 'एक कान, दुई कान मैदान' हुँदै सबैलाई थाहा भयो । यात्री पनि धन्यवाद दिन वा कृतज्ञता ज्ञापन गर्न जैसीकहाँ पुग्यो । जैसीलाई सबै कुरा बतायो जैसी दङ्ग पऱ्यो । 'मृत्युजोग, कालवेला, कालै चन्द्रमा समाप्तै हुनुपर्नेमा ठूलो प्राप्ति' ले छक्क पऱ्यो । कति राम्रा साइतमा अरूले र आफूले पनि केही नपाएको कुरा सम्झ्यो तर नराम्रै नराम्राको फल राम्रो हुने कुरा बिर्स्यो, सम्झेन । अब जैसीमा पनि लोभ जाग्यो । उसले उस्तै नक्षत्र, वेला, चन्द्रमा, करण जुराएर त्यतैतिर हिँड्यो । उसै गरी सर्प देखिँदा खुसी भयो । फेरि उसलाई पनि आकाशवाणीले 'मन्मुखी कि गुरुमुखी होस्' भन्दा 'मन्मुखी हुँ' भन्यो अनि सर्प झन् ठडियो – 'जैसीले म जान्दछु भने कसलाई सोध्ने ?' भन्दा जैसी त सर्पको आहारा बन्यो, मऱ्यो । छिमेकीको रिस गर्दा र 'आनो र मानो' को लोभ गर्दा जैसी आफू मऱ्यो । यसरी यस कथाले–

१. आफै जान्ने भए पनि जान्ने छु भन्नुहुँदैन ।

२. अर्काले केही पाउँदा उसको रीस गर्नुहुँदैन ।

३. कुनै एक जना सफल भएको माध्यमले अर्को पनि सफल भइन्छ भन्ने पनि ठान्नुहुँदैन ।

जस्ता यिनै तीन किसिमका शिक्षा दिन्छ । लेखनशैली निकै रुचीपूर्ण र सरल छ । विषय सांस्कृतिक व्यवहारिक र सन्देश शिक्षाप्रद छ । (ऐ.ऐ., २४ : २५)

४.६. जाँगरिया गरिखा-आहारिसे मरिजा

'जाँगरिया गरिखा-आहारिसे मरिजा' शीर्षकको कथा सामाजिक विषयवस्तुको छ । कथाअनुसार एउटा किसानकी दुईटी दुलही

थिए । जेठी सोझी र जाँगरिली थिई । कान्छी डाहाडे र अल्छी थिई । दिनदिनैको झगडाले बाहुन दिक्क थियो । छिमेकी भन्थे- 'जेठी त्यति खराब होइन, कान्छी त बिलछिनी रहिछ । लोग्नेलाई झिरको मासु नै बनाएकी छ ।' दसैं तिहारपछि नुनतेल लिन थाकखोला वा बुटवल जाने चलनअनुसार त्यो बाहुन गाउँलेहरूसँगै बटौली गयो । बटौलीमा उसलाई झाडाबान्ताले समात्यो । गाउँलेहरूले छाडेर हिँडे र बाहुन उतै मऱ्यो । पत्नीहरू विधुवा भए । केही समयपछि अंशबण्डा गरेर एक्लाएक्लै खानबस्न थाले । जेठी जाँगरिली हुनाले खेतीपाती फलाउँथी भने कान्छी अल्छी हुनाले फलाउँदिनथी । जेठी कामकाजले रसिली र फुर्तिली पनि देखिन्थी तर कान्छी गोज्याङ्ग्री देखिन्थी अल्छ्याइँले गर्दा । जेठी समयमै जाँगरसित खनजोत, गोडमेल गर्ने हुनाले राम्रो खेती बनाउँथी, कान्छीले जाँगरसित काम नगर्ने हुनाले खेती बनाउँदिनथी । मलजल राखेर विधि पुऱ्याई खेती गर्नाले दिदीले डोकाभरि मकै ल्याई तर कान्छीले चाहिँ खोस्मेरा मात्रै ल्याई । यस किसिमको विषयवस्तु भएको यस कथानुसार जाँगर गरेर बेलैमा काम गरे भोकमा खान पाइन्छ, अल्छी गरेर, काम नगरे कहिल्यै केही खान पाइँदैन भन्ने अभिप्राय वा सन्देश व्यक्त भएको छ । (ऐ.ऐ., २६-२८)

४.७. लाटो दाइ बाठो भाइ

'लाटो दाइ बाठो भाइ' लोककथामा पात्रहरूमध्ये दाजु लठेब्रो थियो र भाइ बाठो थियो । दाजु घरका काममा लाग्थ्यो र भाइ बाठो हुनाले भलाद्मी भई बाहिर हिँड्थ्यो । एक दिन दाजु भलाद्मी हुन सभामा गयो । सभाका कुराले लट्ठ परेको दाजु बेलुकी घर पनि आएन, बीचैमा बास बस्यो । बास बसेका ठाउँमा बूढाबूढी मात्रै थिए । एउटा छोरो थियो र गोठमा बस्थ्यो । खाना खान बोलाउँदा बूढीले नाक काटेर भात खान भनी लाटाले त्यसै गऱ्यो । नाककान काटिएको लठेब्रो रातभर नाककान समातेर बस्यो । बिहान भएपछि घर गयो । बाबुआमाले पीर माने । भाइले ओखती गऱ्यो । अनि भाइले दाजुलाई लिएर गई त्यो घर चिन्यो र सँगसँगै आफ्ना घर फर्के । अर्को दिन भाइ त्यही घर बास बस्न गयो । बूढीले स्वभावअनुसार 'उपकथा लाइद्यौ दालभात खाइद्यौ' भनी । भाइ चाहिँले खानापछि भनुँला भन्यो । खाना खाइसकेपछि भोलि बिहान भनुँला भन्यो । बिहान भएपछि आफ्ना घरतिर हिँड्यो । एक छिनमा 'तपाईंको छोरो रूखबाट लोटेर मरेकाले उसलाई सबैले सागर लगे, म दूध लिएर आएको हुँ' भन्यो । बूढाबूढी छोराको मुख देख्न सागर गए । केही बेरमा छोरो घर आउँदा उही बाठो मान्छे देखिन्छ । फेरि उसले बाबाआमा मरेर घाट लगेका छन् । म कुर्न बसेको छु । तिमी किरिया बस भन्यो । छोरो किरिया बस्यो । फेरि बाबुआमा आए । बाबुआमा र छोराले बाठालाई झपारे । त्यही वेला उसले भन्यो, 'यही हो उपकथा' । त्यसपछि बूढाबूढीले उसलाई घरको सदस्य बनाउन खोजे । अर्को दिन एक मुरी तीलको बीउ, हलो, जुवा, गोरु दिएर पाखो बारी देखाई जोतेर तील छर्न भने । घर फर्कंदा घाँस, दाउरा र सिकार ल्याउन भने । उसले चार सियामै त्यत्रो तील छऱ्यो । बाँस काटी घाँस, हलोजुवा काटी दाउरा र कुकुर काटी मासु बनायो । अनि घर फर्क्यो र सबै खुसी भए । मासु पकाए, खाए तर बाठाले सन्चो छैन भनि खाएन । बूढाले कलो लिई बाहिर आएर चे-चे पाटे भन्दा बाठाले 'पाटेको मासु आफैँ चाटे' भन्यो । बूढालाई पीर पर्छ । बूढाले कुकुरको मासु खाएँछु भन्ने जानेर गंगा स्नान जाने निधो गरे । अर्को दिन रोटी, अर्सा, चिनीझर पकाई उसैलाई बोकाई गगांस्नानका निम्ति हिँडे । बूढाले जुत्ता बिर्सेकाले अली पर

पुगेपछि बाठो जुत्ता लिन घर आयो । उसले जुत्ता गादोमा (एक किसिमको बाहिरी पहिरन) राखी बूढीको नाककान माग्यो । बूढीले दिन्न भन्दा बाठाले बाबुलाई चिच्याएर – 'ए बा ! आमाले त दिइनन् दिइनन्' भन्यो । बूढाले उताबाट 'द्याल द्याल मैले पठाएको हो' भने । त्यसपछि बुढीले नाककान काटेर दिइन् । बाठो पनि बदला लिएँ भनेर खुसी हुँदै गंगामा पुग्यो । बूढो थाकेर निदायो, बाठाले सबै कुरा खायो । बूढा बिउँझेर लात्ताले बाठोलाई हानेँ भन्दा त सोलीलाई हानेछ । बाठो भने जस्ताको त्यस्तै । अनि बाठाले बूढालाई मैले तिम्रा कुरा हिजै सुनेको थिएँ भन्छ । बरू बूढो निद्रा र थकाइले धोकामा परेको थियो । बाठाले बूढालाई त्यहीँ छाडी आफ्ना घरतिर लाग्यो । पातमा बूढी आमाका नाककान पनि राखिदियो । यसरी कथा सकिन्छ । यस कथाबाट 'जस्तालाई त्यस्तै, ढिँडालाई निस्तै' भन्ने अर्थ निस्कन्छ । (ऐ.ऐ.,२९-३३)

४.८. कमारी र बज्यै

'कमारी र बज्यै' कथामा प्रस्तुत बाहुन-बाहुनी र कमारा-कमारी छन् । बाहुनबाहुनीकी एउटी छोरी छ र कमाराकमारीको एउटा छोरो छ । कमारा-कमारीको छोरो निकै राम्रो छ । धान कुट्ने वेलामा कमारीले बाहुनीकी छोरी माग्ने प्रसङ्गलाई लख काटेर बाहुनले मध्यरातमा ढिकी उखेलेर खन्दा पाएको तामाको गाग्री र चाँदीका मोहरको प्राप्तिले बाङ्गो आँखाले हेरिएकी कमारीलाई सोझो आँखाले हेर्न थालिएको प्रसङ्ग र गाग्री र रुपैयाँ निकालेपछि कमारीले त्यस्तो भन्न छोडेको कुरा निकै चाखलाग्दो पठनीय, मननीय र मनोवैज्ञानिक प्रकृतिको छ । धनपैसाले सबैलाई माया लाग्ने बनाउँछ भन्ने अभिप्राय छ । लोककथाकै शैलीमा संरचित छ । (ऐ.ऐ., ३४-३५)

४.९. सिमलचरीको कथा

'सिमलचरीको कथा'मा एउटा किसानको धानको कुनिउँमा सिमलचरी ले गुँड लगाएको थियो । किसानले बेफुर्सदीका कारण सबैले सकिकेपछि मात्र दाइ लगायो । दाइँ लगाएरै सकिएन । परालको रास देखियो । धानले भकारी, भाँडाकुँडा सबै भरिए तर कुनियो ज्योँका त्योँ देखियो । केही वर्ष खडेरी परे पनि अनिकाल नपर्ने जानेर र दयँरा खेतारा पनि श्रमभन्दा धेरै अन्न पाएकाले खुसी थिए । अन्ततः किसान, दयँरा, खेतारा आदि सबैको बैठक बसी गरेको निर्णयअनुसार कुनिउँमा आगो लगाइयो । सिमलचरीका बचरा मरे । आफू सिमलचरीका पखेटा जले । स्थिति नाजुक भयो । अब सबै चराहरू त्यहाँ पुगी सहानुभूति दिए । एउटा एउटा पखेटा र प्वाँख दिएर सिमलचरीको प्राण भरिदिएर उड्न सक्ने बनाए । समय बित्दै गयो । उसका सहयोगी चराहरू पनि कहाँ-कहाँ पुगे । सिमलचरी भने फरक रङको र उदेक लाग्दो देखिन थाल्यो । अरू चराले उसलाई शत्रु ठानेर ठुड्न थाले । ऊ अरू चराहरूभन्दा टाढा बस्न थाल्यो । दिनभरि लुकेर बस्ने हुनाले उसलाई आजसम्म पनि कसैले देख्न सकेको छैन । निस्पट्ट रातमा सुमधुर स्वर 'गोलसिमल' छोड्छ । अहिले पनि किसानहरू खेतीपातीको काम सकिएन भने 'सिमलचरी बास्यो' भन्छन् । यस लोककथाबाट सिमलचरीको कथाव्यथा र कोही कसैले कहिल्यै पनि अति गर्नु अतिचार नगर्नु भन्ने शिक्षा पाइन्छ ।

४.१० पापकटनी

'पापकटनी' शीर्षकको लोककथा अनुसार एउटा गाउँमा निकै सिपालु पण्डित थिए । छोरो पनि पढ्नमा लगनशील थियो । तैपनि बाबुआमा पढ् पढ् भनिरहन्थे । छोरो भने 'जेजे

पढ्नुपर्थ्यो, त्यो पढेको छु र जेजे जान्नुपर्थ्यो जानेको छु' भन्थ्यो । बाबुआमाको पढ्पढ्को टोकसाले अलिक बिच्किएकाले एक दिन बाबुलाई सिध्याउने मनसायले लौरो लिएर द्वारकुनामा बस्छ । तर बाबु घर आएपछि आमाबाबुका कुराकानी हुँदा बाबुले– त्यही छोरो असल होला, सबैको मान्य होला भनेर पो त ? भनेको वाक्य सुनेपछि दुर्घटना हुन पाएन । छोरामा ज्ञानोदय भई बाहिर निस्केर बाबुसँग क्षमा माग्दै प्रणाम गरेर पापकटनीको कुरा सोध्यो । बाबुले ससुराली जान लगाए । ससुरालीमा कामै नगरी मीठा मीठा खानेकुरा खाएर महिनौं बिते । अनि त 'पहिलो पटक ससुराली जानु दूध घिउ कति खानु । दोस्रो पटक ससुराली जानु दुनु अलि सानु' भने झैं हुन थाल्यो । अपमान बढ्न थाल्यो । एक दिन आँगनमा कोदाका बाला सुकाइएको थियो । ज्वाईं त्यहीँ थियो । कालिज आएर खाँदा पनि उसले धपाएन । यो अवस्था देखेका ससुराले भने– 'कुमानिस ! कुमानिस !! कुचराले कुअन्न खायो, कुलौराले धपाइदे ।' यो सुनेपछि अपमान बोध गरेर आफू कुमानिस भएको जानेर घरतिर हिँड्यो । सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला । यसरी पापकटनी गर्नु छ भने ससुराली जानुपर्छ भन्ने शिक्षा यस लोककथाबाट पाइन्छ, (ऐ.ऐ., ३८-४०)

४.११. विधवाको छोरो र राजा

'विधवाको छोरो र राजा' कथामा कुनै एक देशका राजा प्रजाको दुःख बुझ्ने मनसायले हात्तीमा चढेर राज्य भ्रमणमा निस्के । कुनै एक किशोरले हात्तीको पुच्छर समाती हात्ती रोक्यो । राजाले किन रोकेको होला भनेर बुझ्न लगाए । बुझ्दा त्यो किशोर लोग्ने मरेकी विधवाले पुल्पुल्याएर पालेको चिन्ताहीन र बेसुरको बज्रस्वाँठ रहेछ । यो कुरा बुझेपछि राजाले विधवालाई लिन पठाए । राजाको सोधनी पूछनीपछि विधवाले छोरो पाँच वर्षको हुँदा बाउ बितेको, कुटो कोदालो गरी छोरालाई पालनपोषण गरेको, कनिका, खँड्यौला, आटोपिठो खाने/खुवाउने गरेको कुरा सुनाई छोरालाई कुनै पनि काम नअह्राएको पनि सुनाई । अनि राजाले, छोराले देख्ने गरी सहयोगार्थ भनेर पैसा दिए । विधवाले आभार प्रकट गरिन् । राजाले, 'पछि त्यसैले पाल्नुपर्ने हुनाले केही कामको जिम्मेवारी दिनुपर्छ । अरू केही नभए पनि भोटमा गई नुन ल्याउन भन्नु' भने । घरसल्लाह अनुसार छोरालाई नुन लिन त पठाइन् तर छोरो त्यही पीरले दुब्लाउन थाल्यो । यता राजाले दिएको बक्सिस सकियो । 'जस्ता थिए पुसैं, उस्ताको उस्तै' भने झैं समस्या ज्योंका त्यों रहिरह्यो । किशोरले नुन पनि ल्याएन अरू केही काम पनि गरेन र पनि आमाका निम्ति भने 'नानी' 'बाबु' नै रह्यो । यस्तैमा राजा फेरि भ्रमणमा निस्के । ठिटाले रोक्न प्रयत्न गऱ्यो हात्ती रोकिएन । ठिटो नै घिसारियो । अनि किशोर थचक्क बसेर हात्ती र राजालाई टाढा पुगुन्जेल हेरिरह्यो । कथाले अरूको सहयोग त एक पटकलाई मात्रै हो । आफैले काम नगरी खान पाइन्न भन्ने सन्देश दिन्छ । (ऐ.ऐ., ४१-४३)

४.१२. साजी कि बासी

'साजी कि बासी' कथाअन्तर्गत एकादेशमा दुई जना बाहुन थिए । एक जना धर्मात्मा थिए । दिनदिनै एउटा गाई र एक तोला सुन दान गरेर मात्रै खाना खान्थे । दोस्रा चाहिँ महाकन्जुस थियो । दान दिने त कुरै नगरौं झन् कमिलाले मकैका ठेला बोकेको देखे पनि खोसेर खान्थ्यो । दान दिनेकी एउटी छोरी थिई र दान नदिनेको एउटा छोरो थियो । जातभात मिल्ने हुनाले दुवैका बीच विवाह भयो ।

दानीकी छोरी कन्जुसकी बुहारी भई । एक दिन जोगी घरमा आएर अलख भन्यो । बुहारीले चामल, नून, मसला, भुटुन मिलाएर दिई । जोगीले 'साजी कि बासी' भन्यो । बुहारीले त्यो कुरा पछि भनुँला भनी । लोग्नेले सोद्धा पनि जवाफै दिइन । ससुरा बुहारीको संस्कार-व्यवहार मिलेन । अंशबण्डा गरेर बसे । छोराबुहारीले दान गरेरै सम्पत्ति सके । एक दिन दुवै ससुराली गए । जाँदा बाटामा उही जोगी भेटिएर केही माग्यो । केही छैन भन्दा 'चाँडै दे नत्र मार्छु' भन्यो । दुलही गाउँका सेठकहाँ गई गोठालो बस्ने भनेरै भए पनि दुई सय सुनका सिक्का मागेर ल्याई र दिई । जोगी खुसी भयो । दुलाहालाई धन खोज्न लगाएर आफू गोठालो बस्न गई । त्यहाँ कालो सर्पले टोकेर ऊ मरी । मालिकले सतिगति गऱ्यो । पछि लोग्ने आएर पैसा तिऱ्यो । फर्कंदा बाटामा ब्रह्माजीको मन्दिर देख्यो । ब्रह्माजीले उसलाई फूल दिए । त्यही लगेर ऊ घरमा सन्तोषपूर्वक बस्यो । रोग, भोक, शोक केही लागेन । यो कुरा जनता हुँदै राजासम्मले थाहा पाए । राजाले बाहुनलाई बोलाए । कुरा सुनेपछि त्यो फूल मागे । फूलले गर्दा राजा तन्नेरी भए । रानीहरू पनि त्यस्तै हुन चाहे । उता बाहुन भने ख्याउटे भइसकेको थियो । राजाले अर्को फूल मागेकोले बाहुन ब्रह्माकहाँ गई फूल माग्यो । ब्रह्माले पहिला दिएको फूल मागे । बाहुनले फेरि राजाकहाँ गएर फूल मागेर ल्याए । अनि राजा उस्तै ख्याउटे भए । अब फूल लिन ब्रह्माजीले बाहुनलाई वैकुण्ठमा पुऱ्याए । बिष्णुले मसँग फूल छैन भन्दै इन्द्रकहाँ पुऱ्याए । इन्द्रले कुनै घरमा पुऱ्याए । त्यहाँ एकातिर सासूससुरा भोक-रोग र शोकसहित देखिए भने अर्कातिर बाबुआमा रगत र पिपको पोखरीमा देखिए । अझ अर्कातिर दुलही थिइन् । लोग्नेलाई देखेर सुनको झारी लिई जल खान आइन् । त्यही वेला लोग्नेले सोधे 'साजी कि बासी' दुलहीले भनिन्, 'यो स्वर्ग हो । म मरेर आएकी हुनाले बासी हुँ । तपाईं जिउँदै आउनुभएकाले साजी हुनुहुन्छ ।' कथा सकिन्छ । कथाले सबैभन्दा ठूलो धर्म दान हो । दानका धर्मले स्वर्ग जान पाइन्छ र अझ कहीँ कतै इमानजमानमा चुकिएन भने र आफूले नखाएर पनि अरूलाई खुवाइयो भने त जिउँदै स्वर्ग पनि सम्भव छ भन्ने शिक्षा दिन्छ । (ऐ.ऐ.,४४-४६)

४.१३. दुई सौताको कथा

'दुई सौताको कथा' अनुसार एकादेशमा एक जना बाहुन परिवार थियो । सन्तान थिएनन् । घर नरमाइलो भइरहेको थियो । दुलहीकै सल्लाहले दोस्रो विवाह गरे र दुलहीले आफ्नै कान्छाबाकी छोरी मागेकी थिई । ऊ आफूभन्दा राम्री थिई । लोग्नेले बिस्तारै जेठी प्रति फरक व्यवहार देखाउन थाले तापनि जेठीले भने बहिनी र लोग्ने दुवैलाई माया गर्थी । लोग्ने पैसा कमाउन गएर हिउँदभर आएन । घरमा दिदी बहिनीले सबै काम गर्थे । एक दिन आँगनमा बसेर दिदीले बहिनीका जुम्रा मार्दै गर्दा लोग्ने आएको देखी जुरुक्क उठेर हातमा चिरपट लिएर रुन-चिच्याउन थाली, लोग्ने आएको थाहा नपाएझैँ गरेर । लोग्ने आएर सोद्धा मलाई लुछी, पिटी, अझ हजुर नभएको भए त मार्थी कि ? सम्म भनी । लोग्नेले जेठीलाई पिट्यो र ऊ पनि रोई कुरै नबुझी आफूले पिटाई खान परेकाले रिसाउँदै र धिक्कार्दै सिकुवामा गएर सुती । दुलाहा र कान्छी भित्र पसेर खानपान गरे । जेठीलाई सोधेनन् । भोलिपल्ट जेठी हिँडेर जाँदाजाँदै नदी किनारमा, ऋषिगुफा नजिकै पुगेर पटुकाले घाँटीमा बाँधेर झुन्डिन थाल्दा डाँको छोडेर रोई । ऋषिले सुनेर यसो गर्नुको कारण सोधे ।

ऋषिले कुरो बुझेर 'नमर' बरू त्यो पोखरीमा डुबुल्की मारेर आऊ सबै समस्या समाधान हुन्छ भने । उसले त्यसै गरी । त्यसपछि घर जाऊ भने । उसले त्यसै गरी । लोग्नेले र सौताले माया गर्नेछन् भने, त्यस्तै भयो पनि । जेठी अत्यन्तै राम्री भएकीले सौता बहिनीले राम्री हुनाको कारण सोधी । दिदीले सबै कुरा भनी । राम्री हुन भनेर बैनी घरबाट रिसाएर हिँडी । रूखमा झुन्डिई । ऋषिले जेठीलाई झैँ पोखरीमा डुबुल्की मार्न लगाए । पहिलो डुबुल्कीमा दिदीजस्तै भएँछु भनी, दोस्रो पटक काला रौँ देखिए र तेस्रो पटकमा त काला रौँ भरिएर बाँदरको अनुहारकी भइछ ।

त्यसपछि ऊ रुँदै ऋषिकहाँ गई । मेरो भलो गर्नुहोस् भनी । तिमी त अर्काको कुभलो मात्रै सोच्दी रहिछयौ । मैले एकपटक मात्रै डुबुल्की मार्न भनेको किन पटकपटक डुबुल्की मार्‍यौ । जे भयो, भयो । अब घर जाऊ भनेर भित्र पसे । ऊ घर गई दुलाहा र सौता दिदीले चिनेनन्, डराए । गाउँलेहरू जम्मा भए । उनीहरूले राक्षस सम्झेर घोचासाठाले पिटेर मारे । यसरी अर्कालाई हुँदै नभएको आरोप लगाउनुहुँदैन । अर्काको रिस गर्नुहुँदैन र धोका दिनुहुँदैन भन्ने शिक्षा यस लोककथाबाट पाइन्छ ।

४.१४. श्लील र अश्लीलको माझमा 'फाउ' परम्परा

'श्लील र अश्लीलको माझमा 'फाउ परम्परा' शीर्षकमा शुरुमा २०१५ सालताका स्याङ्जाका गाउँहरूमा हुने गरेका विवाह, बालविवाह र बहुविवाह आदि सांस्कृतिक पक्ष, गुरुसँग सन्था लिएर पढ्ने शैक्षिक अवस्था, घाँस, दाउरा, मेलापात र लाहुर मौलान (मुग्लान) गई पैसा कमाई 'अच्छालेकिन' जस्ता थेगा बोकेर आउने आर्थिक अवस्थाको चिनारी दिँदै मुख्यतः 'फाउ'लाई अर्थ्याइएको छ । फाउलाई लेखकले यो 'फाउ' शब्द आँधीखोले जनजिब्रोमा बडो सहज रूपमा झुन्डिएको छ । नेपाली शब्दकोशमा फाउ (फागु) फागु वा होली सम्बन्धी गीत, नाच आदि । फागु (नेपाली बृ.को ९०९) भन्ने अर्थ दिइएको छ भन्दै पुनः फाउ को मूल फागु हो । आँधीखोले परम्पराको यही 'फाउ' परम्परालाई 'जुहारी' 'ठुवाँ' 'ठुआ' पनि भनिन्छ तर जनजिब्रोमा 'ठुवाँ' सुनिन्छ । (अधिकारी, २०७१: फागु) भनेर फागुलाई अर्थ्याएका छन् । साँच्चिकै नेपाली बृहत् शब्दकोशमा फाउको अर्थ १. मा फागु वा होली सम्बन्धी गीत, नाच, आदि र 'फागु' दिइएको छ (पोखरेल र अरू, २०४० : ९०९) । लेखको बीच भागमा उक्त फागुको परिचय र विभिन्न उदाहरणहरू दिएर फाउलाई पुष्टि गरिएको छ । अनि यो फाउ आँधीखोलामा नै गाइन्छ, खेलिन्छ भन्दै दोस्रो पुरुषमा सर्वनामहरूद्वारा - 'आमा, दिदी, बहिनी र स्वास्नी' जस्ता स्त्रीलिङ्गी पात्रलाई तारो बनाएर रागात्मक अभिव्यक्ति दिइन्छ भन्दै तिनका केही उदाहरणहरू प्रस्तुत गरिएका छन् । ती केही उदाहरणहरू यस्ता छन् ।

-सानो सानो पाठीको सिरुपाते सुत
पारितिर बोल्ने को हो मान्छे हो कि भूत ।
ओ ! है ओ ! है
तेरो बाबु कहाँ छ गोठ पठाइदे
तेरी आमालाई पोइ चाहिए यता पठाइदे ।
ओ ! है ओ ! है
वारिबाट (पहिलो पटक)
पानी पर्दा ओढ्ने घुम स्याखू
पारितिर घुम्दै छ बूढो लाखु
ओ ! है ओ ! है
पारिबाट (दोस्रो पटक)
तेरो बाउले बुन्दै छ घुम स्याखू
देखेँ मैले रूखमा बूढो लाखु
ओ ! है ओ ! है (ऐ.ऐ., ५३-५४)

यस्ता उदाहरणहरू प्रस्तुत गरेर लेखको अन्त्यतिर आँधीखोले फागुमा झैँ संस्कृत साहित्यमा कालिदास, जगन्नाथ आदिले 'भगाङ्कुर, जीवि, योन्ति', शिश्न' आदि अनेकौँ अश्लीलताजन्य शब्दलाई सजिलै र श्लीलतुल्य बनाएर प्रयोग गरेका छन् । नेपाली साहित्यको माध्यमिक कालमा पनि 'सूक्तिसिन्धु'मा सङ्गृहित :

१. 'प्यारी उठौँ कि अब ता कुखुरा कराए'

२. 'छि बैनी भन्दिनँ म ता पछि कुन्नि के भो'

३. 'लिन्न नोट रुपियाँ पनि लिन्न
ओठ दागन मरे पनि दिन्न ।'
(अधिकारी, २०७१ : ५४)

४.१५. गाउँले परम्परामा बालसंसार

यो 'गाउँले परम्परामा बालसंसार' भन्ने लेखमा बालबालिकाहरूका मनोरञ्जनका कैयौँ तरिकामध्ये खेल खेल्ने र खेलद्वारा मनोरञ्जन लिने तरिकालाई प्रस्तुत गरिएको छ । यस लेखमा प्रस्तुत गरिएका मध्ये एउटा खेलमा केही बालबालिका हात भुइँमा घोप्टो पारेर बस्छन् । नाइकेले -

एकर्लिङ, दुकर्लिङ, त्रिसिङ, नारिन्, गोरिन्
ऐठन बैठन आँच काँच पाँच ।

भनेर गीत गाउँछ । गीतमा पाँचभन्दा दश पुग्छ । त्यही वेला फेरि केटाकेटीहरूमध्ये बाट पदुवा छुट्याउने खेल पनि खेलिन्छ । ती केटाकेटीहरूले पादेको मैले हो भनेर नस्वीकार्ने हुनाले पाद्नेलाई पत्ता लगाउन यो खेल खेलेको पाइन्छ । नाइकेले गीत गाउँदै हिँड्छ । हाँस्न खेल्न पाइँदैन । हाँस्ने पदुवा ठहरिन्छ र मुड्की खान्छ । नपाद्ने पहिला बसेकै अवस्थामा रहनुपर्ने हुनाले पाद्नेवाला दण्डमुक्त र नपाद्ने चाहिँ दण्डित भइरहेको देखिन्छन् । त्यस्तै डण्डिबियो खेल र गीतको सन्दर्भ ज्ञानवर्धक देखिन्छन् । यी गीतहरूमा भएका शब्द नेपाली शब्दकोशहरूमा समावेश गर्ने वा छुट्टै बालशब्दकोश तयार गर्ने प्रयत्न नेपाली भाषासेवी निकाय कहीँ कतैबाट देखिए हुन्थ्यो भन्ने अनुसन्धाता अधिकारीको गुनासो र सल्लाह छ ।

४.१६. लोकगीतका फाँकीहरू र भावगाम्भीर्य :-

'प्रस्तुत लोकगीतका फाँकीहरू र भावगाम्भीर्य' लेखमा शुरुमा वर्णाश्रम व्यवस्थामा रहेको मर्यादित र सदाशयपूर्ण सामाजिक व्यवस्थाको चर्चा छ । त्यसपछि त्यस अवस्थाअन्तर्गत यज्ञयागादिमा आएका जातीय विभेद र आर्थिक असमानताले गर्दा समाज टुक्रिन परेको कुराप्रति दुःख प्रकट गरिएको छ । अनि एक्कासि भावगाम्भीर्ययुक्त लोकगीत प्रस्तुत गरेर तिनको विश्लेषण गरिएको छ । यहाँ प्रस्तुत गरिएका लोकगीतहरूको भावगाम्भीर्य संस्कृतका महाकवि भारविका कवितामा पाइने अर्थ गाम्भीर्यतुल्य रहेको उल्लेख छ । तर तुलनाका निम्ति भारविका कविता राखिएको छैन । अनि यहाँ प्रस्तुत लोकगीतहरू भावगाम्भीर्यका दृष्टिले उच्चतः छन् तर अर्थ्याउन कठिन छैनन् सरल छन् । सजिलै अर्थिन्छन् । यस्ता गम्भीर भावयुक्त गीत खोज्नु, सङ्कलन गर्नु र विश्लेषण गर्नु लेखको उद्देश्य देखिन्छ ।

'गाइले होइन आगोले खायो वन
रेलको पाङ्ग्रा घुम्दा झैँ घुम्छ मन ।'

४.१७ बिर्सिएका लोकगाथा

गाथ शब्दको प्रर्यावाची गात्र हुन्छ र गात्रको अर्थ शरीर हुन्छ भन्दै पुष्टिका लागि शाहकालमा चेतनालाई स्वतन्त्र उपभोग गर्न दिनुपर्छ भन्नेहरूलाई गाथगादि ताक्ने

आरोप लगाएर ज्यान सजाय दिएको कुराबाट यो गाथा शुरु गरिएको छ। ज्यानसजाय पाउनेमा लखन थापादेखि (=लखन थापालाई राज्यले २०७२ मा शहीद घोषणा गरेको छ।) शुरु गरेर शुक्रराज शास्त्री, दुर्गानन्द झा हुँदै ठगी दाहालसम्मका नामहरू राखिएका छन्। फेरि वामन शिवराम आप्टेको 'संस्कृत हिन्दीकोश'अनुसार गाथ शब्द 'गै+थन् = गाथ' तथा गाथ + टाप् (आ.)= गाथा बन्छ। गाथाको अर्थ गीत, भजन जसको सम्बन्ध वेदसँग छैन पनि भनिएको छ र गाथाका अध्येताहरूले, गाथाको पहिलो प्रयोग ऋग्वेदमा नै भएको उल्लेख गर्छन् भन्दै ऋग्वेदको अष्टम मण्डलको ३२ औँ सूक्तलाई अगाडि सारिएको छ। तिलकप्रसाद लुइँटेलद्वारा अनूदित 'ऋग्वेदसंहिता' पृ.६७२ र कृष्णप्रसाद पराजुलीद्वारा लिखित 'नेपाली लोकगीतको आलोक' पृ.२७८ मा दिइएका 'प्रकृतानृजीषिण: कन्वा इन्द्रस्य गाथया'। 'प्रकृत्यान्य जीषिण: कव्वा इन्द्रसा गाथया'लाई उल्लेख गरिएको छ। यिनको फरक वाक्यसंरचनालाई औँल्याइएको छैन। तर गाथा भनेको आख्यानयुक्त गेयात्मक इतिवृत्तान्त हो जुन वाद्यवादन र नृत्यका साथ प्रस्तुत गरिन्छ भनिएको छ। फेरि लोक र गाथा शब्दको निर्माणप्रक्रिया र तिनका अर्थ प्रस्तुत गरेर लोकगाथाहरूको चिनारी र तिनका सङ्कलक तथा कतिपय अरूले सङ्कलन गर्न नसकेको नाम कटकबहादुर गन्धर्व (कट्टे गाइने) को नाम पनि खोजी गरेर उल्लेख गरिएको छ। त्यस्तै २०१४ सालतिर वालिङ कटुन्जेमा ज्योतिषी चण्डीप्रसाद तिवारीका घरमा उनकै नाति ईश्वरीप्रसाद तिवारीले सेतीबेनीको पुल चुँडिएर मान्छे मरेको घटना र सतौँ गैरीजाँगर ढुङ्गो उचालेका सिल्ली पौडेलले अम्बोट करादीका गैरेको छोरीपट्टिकी नातिनी (गेजा पण्डितकी छोरी- ९-१० वर्षकी) अपहरण गरी लगेको कुरा उल्लेख छ।

४.१८. मीठा लोकोक्तिहरू

'मीठा लोकोक्तिहरू' शीर्षकमा लोक र लोकोक्तिको अर्थ दिएर अपठित मानिसहरूले देखे सुनेका र भोगेका सद्वाणी लोकोक्ति हुन्। सामाजिक एकता जुटाउने कुराहरू नै लोकोक्ति हुन्। लोकोक्तिलाई उपाख्यानको एउटा पाटो भएर पनि यिनमा अश्लीलता र असभ्यता प्रकट नभई समाजमा सुधारमुखी चिन्तन प्रकट भएको पाइन्छ भन्ने लेखक वा सङ्कलनकर्ता अधिकारीको अभिव्यक्ति छ। यस शीर्षक अन्तर्गत तेह्रवटा लोकोक्तिहरू छन्। तिनमा क्रमश:

- 'आरु फूलेपछि बर्खा लाग्ने र पैयुँ फूलेपछि हिउँद लाग्ने।'
- 'घरबासदेखि उत्तरतिर केराघारी र दक्षिणतिर बाँसघारी फलदायी नहुने।'
- 'जीवन निर्वाहका निम्ति उत्तम खेती, मध्यम व्यापार र अधम चाकरी मानिने चलन।'
- 'उखुको टुप्पो र मूलाको फेदको मिठास नभएजस्तै भतुवा वा मूर्ख वा अज्ञानी मानिस पाल्नाले घरकै बेइज्जत हुने।'
- 'दृष्टि नपुऱ्याउँदा खेती बिग्रे झैँ सानासाना कुरामा ध्यान नदिँदा मानिस बिग्रने।'
- 'धेरै भैँसी हुनेको वन भए झैँ धेरै छोरा हुनेको धन हुने।'
- 'खेती लगाउँदा बीउ पातलो लगाउनु, रोप्नुपर्ने।'
- 'अतिथिलाई पहिले तमाखुले स्वागत गर्नु असभ्यता ठानिने।'
- 'पुसको खेलो ले (व्यवसाय) - धन दिए झैँ बैँशको छोराले भरोसा दिने।'
- 'मीठो खाएपछि जुठो हराउने।'

- 'टाढा गएर पनि धन कमाउन पर्ने र कृषकहरूका निम्ति लामो पाटोले स्थायी र बढी आम्दानी दिने, बाखाका पाठाले छिट्टै र फुटकर आम्दानी दिने प्रसङ्ग ।'
- 'अप्रासङ्गिक पाहुना र उमेर नमिल्दो प्रणय फलदायी नहुने ।'
- 'हल्लने खाट, अडाहा घोडा र रुन्चे वा कचकचे दुलहीले विपत्ति निम्त्याइदिने हुनाले र बलियो खाट, बलियो घोडा र मीठो बोल्ने दुलहीले सुखसम्पत्ति दिन्छन् भन्ने सन्दर्भ र प्रसङ्गहरू यी लोकोक्तिहरूमा छन् । तेह्रवटा लोकोक्तिमध्ये बाह्रवटा नेपाली भाषाका छन् र एउटा हिन्दी भाषाको छ । यी लोकोक्ति कृषि, वास्तु, सामाजिक विधिव्यवहार, सामाजिक, आर्थिक र सांस्कृतिक पक्षका छन् । यी लोकोक्तिहरू मानवजातिका निम्ति निकै घतलाग्दा र काम लाग्दा छन् । यस्ता लोकोक्तिको सङ्कलन र व्याख्याले समाजलाई गुन लगाउने, लोकसाहित्यको सोध खोज र रक्षा गर्ने काम यी लोकोक्तिका सङ्कलक व्याख्याताले गरेका छन् । यस्ता लोकसाहित्यिक सामग्रीको सोधखोज, व्याख्या र पुनर्व्याख्याद्वारा लोकसाहित्यको रक्षा र समाजसेवा गर्ने उद्देश्य यो लेख र लेखकको देखिन्छ । (ऐ.ऐ., ६८-७३)

४.१९ वैकुण्ठे

'वैकुण्ठे'का बारेमा लेखकले २०१३ मा साथी रमाकान्त अधिकारी र ऋषिकेश शर्मा पौडेलसँग पञ्चमूल सिरुबारीमा चिरञ्जीवी ढकालकहाँ पढ्न बस्दा यो विषय बोध भएको तर विस्मृतिले 'आँधीखोले लोकसंस्कृति र लोकगीत' (२०५७) र पश्चिमाञ्चलका लोकगीत र परम्परा (२०५८) मा समावेश गर्न नसकेको तर अहिले सम्झेर लेखेको उल्लेख गरेका छन् । (ऐ.ऐ., ७४)

यसपछि 'वैकुण्ठे'को परिचय दिँदै भनेका छन् । वैकुण्ठे खेल कार्तिक शुक्ल पूर्णिमामा खेलिन्छ । कार्तिक शुक्ल पूर्णिमालाई वैकुण्ठे खेल खेलिने हुनाले वैकुण्ठे पूर्णिमा पनि भनिन्छ । तिहारमा देउसी-भैलो खेले झैँ यस पूर्णिमामा वैकुण्ठे खेल्ने चलन छ - स्याङ्जाको 'पञ्चमूल' भन्ने ठाउँमा । यस खेलमा बाहुन क्षेत्री र दलितहरू समेत रहने गर्छन् । ती सबैका आआफ्ना समूहहरू हुन्छन् । ती समूह कसैका घर गएपछि पहिला परिवारको भलोको कुरा गर्छन् । बीचमा त्यस परिवारको उन्नति र ऐश्वर्यको कुरा गर्छन र अन्त्यमा बिदाबादी (तुलसीको मठ, आकासे बत्ती, बाँसको लिङ्गो आदिको कुरा गरेर) हुने कुरा गर्छन् । मूख्यत: स्याङ्जाका 'दरौँ', 'पञ्चमूल', 'आरुचौर', 'चिलाउनेबास', 'बिचारी चौतारा' हुँदै वालिङसम्म पनि खेल्ने चलन थियो । तर अहिले भने खेलिँदैन । यसमा परम्परागत खैँजरी, मुजुराजस्ता बाजा बजाइन्छन् । यसका सामग्री रामायण-महाभारत आदि पौराणिक ग्रन्थहरूबाट लिइन्छ ।

४.२० आँधीखोले रोइला गीतबारे केही कुरा

'आँधीखोले रोइला गीतबारे केही कुरा' मा रोइला र चुड्का एकै हुन् (मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल, २०६१:९४) । रोइला गुल्मीमा जन्मेर स्याङ्जाको आँधीखोलामा विशेष प्रचलित हुनाले यसलाई आँधीखोले रोइला भनिने (ऐ.ऐ.) र मध्यपहाडी क्षेत्र पाल्पा, गुल्मी र स्याङ्जाका बाहुन, क्षेत्री र मगरहरूका समाजमा रोइला निकै लोकप्रिय छ । रोइलामा स्थायी र अन्तराको भेद नहुने र ठाउँअनुसार यसका भेद हुने कुरा उल्लेख छ । अनि स्याङ्जामा रोइला भनिने गीतलाई

पाल्पामा कहींकतै चुड्का भनिन्छ (चूडामणि बन्धु, २०५८: १३६)। यिनै रोइलालाई आँधीखोले गीत पनि भनिन्छ भन्ने अभिव्यक्ति पनि यहाँ पाइन्छ (पराजुली, २०५७: १६२) भन्ने कुरा उल्लेख गरिएको छ। यसपछि माथि उद्धृत रोइला र चुड्काका वक्ता तथा लेखकहरू मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, चूडामणि बन्धु, कृष्णप्रसाद पराजुली, कालीभक्त पन्त (हाम्रो सांस्कृतिक इतिहास) धर्मराज थापा र हंसपुरे सुवेदी तथा शम्भुप्रसाद कोइरालाहरूको लोकसाहित्यिक योगदानको उल्लेख गरेर लोकसाहित्यको मार्मिक चिनारी प्रस्तुत गरिएको छ। त्यसपछि यसका महत्त्वपूर्ण उदाहरणहरू दिइएको छ। ती उदाहरणहरू हुन् –

पहिलो- कि मलाई भरती गर
कि मेरो जुलपी तयार (एकल गायन)
प्रस्तुत गरिएको छ।

फेरि चुड्का, रोइला वा सेलो टुङ्ना जे हुन् ती सबै तत्कालीन समाजका प्रतिविम्ब हुन् भन्दै पुनः अर्को गीत प्रस्तुत गरिएको छ –

फर्कम् भो भन्छ्यौ कि
सुइँसुइँ रेल सुइँकँदा
बर्मातिर घुइँकिँदा।

यस गीतलाई दोहारीका रूपमा गाइने रोइला गीत भनिएको छ। उक्त दुवै गीतमध्ये पहिलोमा जीविकाका निम्ति कामको छनोट सफलताको आशा र असफलताको चित्रण गरिएको छ भने दोस्रोमा प्रेमसहितको जीविका, पेसा र निर्वासनको बाध्यताको चित्रण छ। यसपछि ख्याली र रोइला चुड्काकै विकसित रूप हुन् भन्दै फेरि चुड्का दुई चरणे हुन्छन् भन्दै उदाहरण दिइएको छ –

काँ हो तिम्रो घर
काँ हो माइती मावल।
(अधिकारी, २०७१ : ८० चुड्का)

फेरि यसैको दोस्रो चरण दोहोऱ्याउँदा ख्याली बन्छ। भन्दै उदाहरण दिइएको छ –

काँ हो तिम्रो घर
काँ हो माइती-मावल
काँ हो माइती मावल। (ख्याली, ऐ.ऐ.,८०)

फेरि रोइलाको तेस्रो चरणले कथ्य र भावलाई पूर्णता दिन्छ। भन्दै त्यसको उदाहरण दिइएको छ –

चार तोलाको बाला
चार दिन लाग्यो कमाउन
नयाँ माया जमाउन।
(तीन टुक्रे रोइला, ऐ.ऐ.,)

यस्ता गीतहरू प्रस्तुत गरिसकेर अन्त्यमा रोइला, ख्याली र चुड्का एउटै जातकुलका सन्तान हुन् भन्ने विश्लेषकहरूको ठहर छ भन्ने कुरा अघि सार्दै दुई चरण भए चुड्का, त्यसै चुड्काको दोस्रो चरण दोहोऱ्याएर तीन चरण बनाए ख्याली र तीन भिन्न भिन्न चरण भए रोइला हुन्छ भन्न थालेको शताब्दी बितिसकेको छ भन्ने निष्कर्ष दिइएको छ। वस्तुतः चुड्का, ख्याली र रोइलामा भिन्नभिन्न अध्येताहरूका भिन्न भिन्न मत भए तापनि यो भनाइ र निष्कर्ष चाहिँ स्वाभाविक र विश्लेषणपरक छ। यही नै यस लेखको र चुड्का, ख्याली र रोइलाको निचोड देखिन्छ (ऐ.ऐ., ७८-८१) 'भेषजराज शर्मालाई चिठी' मा १५ जेठ, २०५८मा चिठी लेखक चिन्तु गिरी सहित बिरामी भेषजराजलाई भेट्न जानु, भेषजराज उपाचारार्थ काठमाडौँ जानु भएकाले भेट नहुनु, सगुन भनेर लागिएका वस्तु फिर्ता हुनु, लेखकीय सामर्थ्य सम्झेर

भेट्न गएको कुरा उल्लेख छ । अनि उहाँसँग विद्यार्थी जीवनदेखि (बनारसमा) नै परिचित रहेको, दुवैका राजनीतिक विचार भिन्न रहेको तर छात्रदूत, छात्रवाणी, छात्रप्रभा र उजेलीमा प्रकाशित वहाँका रचना पढेर आफूखुसी भएको कुरा उल्लेख छ । पत्रलेखक राजनीतिक कारणले २०३१ को स्याङ्जा बमकाण्डको प्रकरणमा र अन्यसमेत गरी (स्याङ्जा, नुवाकोट र दमौलीमा) २ वर्ष, २ महिना जेलमा बस्न परेको उल्लेख गर्दै शर्मालाई पनि त्यस्ता अवस्था आएनआएको कुरा उल्लेख गर्छन् । अनि आफू पहिले जेल बसाइ र पुलिसका कुटाइपिटाइले आहत भएको, हाल साथीहरूले नै प्रतिस्पर्धामा आउला कि भनेर गाली गरेको, वक्रदृष्टिले हेरेको, तर आफू सत्तामा जानका निम्ति लालायित नभएको कुरा उल्लेख छ । आफ्नो यस किसिमको विडम्बनाको उल्लेख गरेर शर्माजीको अवस्थाप्रति प्रश्न गरिएको छ । साथै गुरु बरू सुब्बा, शिक्षक भएर निवृत्तिभरणमा बसेको तर आफू त १६-१७ वर्ष शिक्षण कार्यमा रहे पनि पञ्चायत विरोधी भएकाले स्थायी नै नभएको, अन्य कुनै पेशा वा व्यवसाय नअँगालेको, वेलावेलामा मर्माहत हुने गरी खचक्क खचक्क भई छ दशकको उमेरमा पुगेको तथा १. मेरी छोरी २. बन्दीको मनस्थिति ३. सङ्कल्प ४. आँधीखोले लोकसंस्कृति र लोकगीत गरी चारवटा किताब प्रकाशन गरेको उल्लेख गरेका छन् ।

सन्दर्भग्रन्थ सूची :

१. अधिकारी, विश्वप्रेम, आँधीखोले लोकसाहित्य : प्रस्तुति र विश्लेषण, २०७१ (दो.सं.), प्रकाशक : विजयकुमार अधिकारी ।

२. आप्टे, वामन शिवराम, संस्कृत हिन्दी शब्दकोश (पुनर्मुद्रण ई.२००७), दिल्ली : मोतीलाल बनारसीदास पब्लिसर्स, प्राइभेट लिमिटेड ।

३. नेपाल, यात्री पूर्णप्रकाश, राजा गगनिराजको यात्रा, (२०३९), काठमाडौँ, नेपाल : नेपाल रिसर्च एसोसिएट्स ।

४. पौड्याल, कृष्णविलास, नेपाली लोकसाहित्य पूर्व आधुनिक साहित्य तथा आधुनिक नेपाली निबन्ध, (ई.२०१४), भोटाहिटी, काठमाण्डू : नवीन प्रकाशन ।

५ .....,....., अँग्रेजी- नेपाली शब्दकोश ..... पृ. ५३१ ।

नेपाली विभाग

बुटबल बहुमुखी क्याम्पस, बुटबल

उपत्यका बाहिर 'दायित्व' उपलब्ध हुने पुस्तक पसलहरू

१ श्रेष्ठ बुक एन्ड न्यूज सेन्टर– दमक, झापा	- ०२३-५८४१२५
२ भट्टराई पुस्तक पसल – विराटनगर, मोरङ	- ०२१-५२४२४३
३ मुनाल पुस्तक भण्डार– गाईघाट, उदयपुर	- ०३५-४२०१२५
४ न्यू परजुना स्टेशनरी– सिन्धुली	- ०४७-५२००२५
५ नारायणी पुस्तक सदन– नारायणगढ, चितवन	- ०५६-५२१२८०
६ सुनगाभा बुक्स एण्ड स्टेसनरी– भरतपुर, चितवन	- ०५६-५३१४७०
७ कन्चन पुस्तक पसल– पोखरा, कास्की	- ०६१-५२४४६६
८ सिटी बुक एन्ड न्युज सेन्टर– बुटवल, रूपन्देही	-०७१-५४५२३६
९ न्यू प्रभात पुस्तक पसल– सुर्खेत	- ०८३-५२००७५
१० विपिन पुस्तक पसल– महेन्द्रनगर, कन्चनपुर	- ०९९-५२०१४८

सच्चा सपूत

■ श्यामबहादुर भावुक

यो देशको सच्चा व्यक्ति रवि लामिछाने
उसलाई देखी गर्व गर्न मैले उचित ठानें
सीधा कुरा जनतासँग चलाएर देशमा
राष्ट्रभक्ति बनेका छन् सञ्चारको भेषमा ।
देशभक्ति भावना राखी, कर्म गर्ने जनताको अगाडि ।

आपतमा परेकाको मर्का फुकाएर
धेरै जना नेपालीको उद्धार गऱ्यौ हेर
फटाहाको खोजी गर्ने गऱ्यौ ठूलो आँट
आएका छौ यो राज्यलाई सिकाएर पाठ ।
अन्यायको विरोधी बनी, सचेतना बाँडेर आयौं नि ।

विशेषतः पीडितको पक्ष लिइकन
नडराई बोल्न सक्ने तिम्रो चोखो मन
तिमी जस्ता रविहरू धेरै छ नि खाँचो
बोलीजस्तै व्यावहारमा बनेका छौ साँचो ।
फटाहालाई लाउँदै पाखा, पीडितमा लगायौ दिमाग ।

अक्षरले सम्मान गरे लामिछाने रवि
नबिग्रियोस् कैले पनि अब तिम्रो छवि
कतिले त तिमीलाई देखाउलान् डर
तिमी आफू कर्तव्यमा नहुनू है पर ।
रवि तिम्रो लिएर नाम, अक्षरले गर्दै छु सलाम ।

आएका छौ धेरैलाई सिकाएर पाठ
घुस खाने र फटाहाको गर्दै पर्दाफास
घुस लिने व्यक्तिहरू डरा'का छन् देशमा
धन्यवाद दिएका छन् नेपालीले यसमा ।
असल कर्म गरेर आयौ नि, घुस खानेलाई ठेगाना लायौ नि ।

पीडितले जब न्याय पाउँदैन नि देशमा
पूरा विश्वास गरेका छन् रविलाई यसमा
अन्यायमा परेकाले आफ्नै ठानेका छन्
ज्यूँदो भगवान भन्दै आज मानेका छन् ।
काम गर्दै आ'का छौ हेर, पहरेदार राष्ट्रकै बनेर ।

तिम्रो आँट र हिम्मतलाई सलाम गर्छु पैले
तिम्रो प्रयास सफल हुँदै आएको छ ऐले
न्यूज ट्वान्टीफोर यसका परिवार सबै
देशमा सुधार हुँदै गा'छ लागि राख्नुस् अझै ।
असल कर्म गरेर आयौ, यो देशको अस्मिता जोगायौ ।

जनताले साथ दिन्छन् रवि ढुक्क बन
जोश जाँगर छरि सधैँ खुशी पार मन
चन्द्रसूर्य रहेसम्म तिमी बाँची राख
धर्तीलाई साक्षी राखी इमानदारी साँच ।
खुशी पाऱ्यौ जनताको मन, यसै गरी बितोस् त्यो जीवन ।

तिम्ले गर्दा कतिले त नयाँ जीवन पाए
कतिले त तिम्रो गीत बनाएर गाए
मनचिन्ते बिरामीको बिसेक पाऱ्यौ व्यथा
पीडा हुनेलाई दुख्छ नदुख्नेलाई के था ।
आफ्नो अर्को नभनीकन, राखेका छौं सेवाको भावना ।

कति जना चेलीको त उद्धार गरी आयौ
यो राज्यले नगर्ने गुन रवि तिम्ले लायौ
आँसु पुछ्यौ नेपालीको धन्यवाद हाम्रो
जनतासँग सीधा कुरा कार्यक्रम छ राम्रो ।
सके दैनिक कार्यक्रम चलाऊ बिग्रिसक्यो राष्ट्रलाई बचाऊ ।

नेपालीले चिनिसके लामिछाने रवि
बनिसक्यो तिम्रो अब यो देशमा छवि
यो राज्यले नसक्ने काम गरेका छौ देशमा
शब्दबाट वर्णन गर्ने ठाउँ छैन यसमा
रवि तिम्रो मूल्याङ्कन भा'छैन, यो राज्यले केही मेसो पा'छैन ।

❖❖❖

कथा

त्रास

■ सरस्वती शर्मा सुवेदी

स्कुल नजिकैको स्वामीको रूख उस्तै छ। चउरमा रोपिएको दूबो हरियो लहराउँदो सधैँजसो उस्तै देखिन्छ। वरपर फुलिरहेका फूल र तिनका पात डाँठ उस्तै देखिन्छन्– एकै ठाउँमा बसेर मुस्कुराइरहे झैँ। स्कुल अगाडिको सरस्वतीको मूर्ति उत्रै छ। बढे झैँ लाग्दैन। म किन यसरी बढेकी हुँला ? जति ठूलो भयो, त्यति नै पढाइको बोझ थपिँदो रहेछ क्यारे !

मलाई पटक्कै स्कुल जान मन लाग्दैन। मन नलागेको ठाउँमा जान कति गाह्रो हुन्छ ? ठूला मानिसहरूले शायद यस्तो कुरा बुझ्दैनन् किन ? शिशु कक्षा हाँस्दै खेल्दै बित्यो। त्यसताका मलाई स्कुलमा जान औंधी मन लाग्यो। तर अचानक के भयो ? आफैलाई थाहा छैन। कक्षाभित्र त छिर्नै मन लाग्दैन। 'एक कक्षा पास गरिदिनू जसरी भए पनि'– हजुरआमाले स्कुलमा आएर भन्नुभएको रहेछ। मिसले पास गरिदिनुभयो। म पास भएर दुई कक्षामा गएँ। दुई कक्षामा गएपछि अलि धेरै पढ्नुपर्दो रहेछ। मलाई केही आउँदैन। मिस भन्नुहुन्छ – 'तँलाई केही नै आउँदैन। कस्ता कस्ता जन्मिन्छन् यो संसारमा।' पास हुँदाको पीडा पनि कम छैन। सबै स्कुल जान्छन् रमाइलो मान्दै। अब त झनै दुई कक्षामा टेक्न पनि मन लाग्न छाड्यो। दाइ चार कक्षामा पुगिसकेको छ। दिदी पाँच कक्षामा पढ्छिन्।

घरबाट स्कुल नगए पिटाइ खाइने। स्कुल गए केही पढ्न नआउने। पढ्न नआए मिसको चड्कनले गाला रातो हुने। म स्कुल त जान्छु तर कक्षाभित्र पस्दिनँ।

म कहिले स्कुल पछाडिको झाडीमा लुकेर दिन बिताउँछु। कहिले स्कुल नजिकैका कुनाकाप्चामा लुक्छु। भेटेपछिको चड्कनको डरले स्कुलबाटै टाप कस्छु।

मलाई बुझ्ने को छ र यहाँ ! सबका सब उस्तै। घरमा बा आमा मेरै कुरा काट्छन्। मलाई नै गाली गर्छन्। बाबा भन्नुहुन्छ – 'पटक्कै भनेको टेर्दैन सुवास। अचेल साह्रै बिग्रँदै गयो। किन यसरी छाडा भएको होला।' घरका सबले रिसको भावले मतिर हेरेझैँ लाग्छ। अर्को दिन स्कुलमुनिको झाडीमा दिनभरि लुकेर छुट्टीको घण्टी बजेपछि घरतिर लागेँ।

भोलिपल्ट हजुरबाले स्कुल डोऱ्याएर लैजानुभयो– यसको छाडापनले सीमा नाघ्यो भन्दै। अफिसकोठामा सरमिसको अगाडि ठिङ्ग उभिनुपऱ्यो। गाला चढ्काउँछन् कि भन्ने डरले रातो पिरो भएँ। त्यस दिन कसैले पिटेनन्। हामीलाई पढाउने मिस त्यहाँ छैनन् आज। म ढुक्क भएँ। आज पिटाइ चाहिँ पक्कै खाइन्न। तर पनि डरले थरथर कामिरहेँ। 'अबदेखि कहिल्यै नभाग है' एक जना सरले भन्नुभयो। सहमति जनाउँदै मैले टाउको हल्लाएँ। कक्षाभित्र त पसेँ। तर मेरो मन, मुटु झनै कामिरह्यो। मिसको बोलीले नै काम्दथेँ म थरथर। अरू मजस्तै पढ्न नआउने

साथीलाई पिटेको देखेर पनि मन झनै त्रसित हुन्छु म बारम्बार ।

हिसाब गर्न नआउँदा मिसको चड्कनले गाला रातिँदा कयौं पटक त मेरो कट्टु भिजेको छ । डरले थरथर कामेपछि यस्तो हुन्छ । अनि दुई हातले सुरुवाल समाएर बस्छु ।

शिशुकक्षामा पढ्दा धेरै रमाइलो हुन्थ्यो । सम्झिन्छु ती दिनहरू । एक दिनको कुरा हो । एउटी मिस आएर 'मइ' लेऊ त भन्नुभयो । सबै जना हाँसिमात्र रह्यौं । साँच्चि भनेको मइ लेऊ न । कोसँग छ मइ ? हात उठाऊ त मिसले भन्नुभयो । कसैले हात उठाएनन् । हाम्रो घरमा गाई बेचेको छ – ईशाले भनी । मैले भने हाम्रो घरमा छ मइ । गाई पनि छ । रोजिनाले भनी– 'हाम्रो गाई थाकेको छ । ब्याउने छ । मिस ! भोलिपर्सि गाई ब्याएपछि आउछु है !' मिसले हाँस्दै भन्नुभयो – 'सबैसँग छ मइ त । कसले दिने, हात उठाएमात्र पुग्छ ।' हामीले हात उठाएपछि एक एक गरी सबका गालामा चुप्पा खानुभयो मिसले । हामी सबै खुशी भयौं । मरीमरी हाँस्यौं पनि ।

त्यही स्कुल । त्यहीँ ठाउँ । तर किन पछिल्ला कक्षाहरूमा मभित्र एक प्रकारको तनाब बढ्दै छ । किन पिट्छन् ती मिसले ? पढ्न नआए के हुन्छ ? कहिलेकाहीँ त यस्तो लाग्छ । किताब पढ्न नआउनु ठूलै गल्ती पो रहेछ क्यारे ! अपराध पो गरेँछु मैले पढ्न नजानेर ।

म साह्रै खराब पो रहेँछु । त्यसैले मिसको हातको डाम मेरा गालामा परेको । पढ्न नआएपछि लुक्नु नै वेश भनेर म पटक पटक लुक्छु ।

अर्को दिन स्कुलको छतको पालमा गएर लुकेँ दिनभरिजसो । चारपाँच दिन अगाडि स्कुलको वार्षिक महोत्सव भएको थियो । धेरै मानिसहरू आएका थिए । विद्यालय झकिझकाउ थियो । त्यस दिन म धेरै रमाएको थिएँ । नाचगान हेरियो । खाजा पनि खाइयो । पुलाउ, तरकारी र अचार पनि । छुट्टी भएपछि रमाउँदै घर गइयो । त्यस्ता दिन सधैँ आऊन् झैं लागिरह्यो । मलाई सबभन्दा सकस कक्षाभित्र पढ्न मात्र हुन्छ ।

माटोको धुलो समाएर हावामा उडाउन मन लाग्छ । माटो हातले समाउन हुन्न भन्छन् ठूला मान्छेहरू । माटोमा के बिष हुन्छ र ? छोए मरिने त्यही माटोमा तरकारी रोपेर खान हुने । त्यो माटोभित्र के छ ? छुन नहुने ।

घाँस, पतिङ्गर बटुलेर चुङ्गी बनाएर खेल्न मन लाग्छ । झारपातसँग भुल्न मन छ मलाई । खुला आकाशमुनि चरा भएर उड्न मन छ । तर यसो नगर, त्यसो नगर भनिरहन्छन् ठूला मानिसहरूले । सुन्दा पनि झर्को लाग्छ मलाई ।

तीनचार कक्षामा पुगेपछि पिटाइ खान अलि कम हुँदै गयो । पास हुँदै, फेल हुँदै सात कक्षामा पुगेँछु । बल्ल बुझेँ किन पढ्नुपर्दो रहेछ ! राम्रो पढेपछि ठूलो मान्छे भइन्छ रे ! ठूलो जागिर पाइन्छ रे ! भन्नुहुन्छ बाबाआमा पनि । पढ्न कोशिस गर्छु । अझै राम्रो पढ्न आउँदैन ।

किताबका अक्षर पनि काला भैंसीजस्तै देखिने । एकदुई कक्षामा त अक्षर पनि मोटै हुन्थे । अचेल किताबका अक्षर दुब्लाएर मसिना भएछन् । मजस्तै साना पातला । अक्षर पनि नबुझिने झर्किने भएछन् ठूला मान्छेहरू जस्तै ।

समयको गतिले तीव्रता लिँदै गयो । मेरो मन पनि हावासरि बहकिँदै गयो । म अचानक

स्कुल छोडेर भागेँ । बनेपाबाट गाडी चढेर हुँइकिएँ इटहरीतर्फ ।

तराईका होचा सम्म परेका फाँटहरू भासिए झैँ लाग्यो पहिलो पटक देख्दा । पहाडका डाँडा दिनहुँ बढ्दै आकाश छुन लागेजस्तो लाग्थ्यो मलाई । अनेक कुरा मनमा खेलाउँदै म इटहरी बजार पुगेँछु ।

बिहानै उठ्दा घरमै छुजस्तो लाग्यो । आँखा उघारी हेर्दा म आफूलाई हल्लाखोर ठाउँ, फोहोर र तिनका थुप्रा नजिकै सुतिरहेको पाएँ । एक प्रकारले त खुशी पनि लाग्यो । अब पढाइको बोझ र स्कुलको तनावबाट सदाका लागि मुक्त भएँ ।

पेटमा मुसा कुद्न थाले । म एउटा होटलभित्र पसेँ । दुईवटा सेल र चिया खाएँ । पैसा छैन तिर्न साहुजी ! मलाई यहीँ काम गर्न राख्नुस् भनेँ । साहुजी असल रहेछन् । राखे । तीनचार दिन काम गरेपछि मलाई त्यहाँ पनि बस्न मन लागेन । त्यहाँबाट पनि भागेँ ।

वीरगन्ज जाने ट्रकमा चढेँ । वीरगन्जबाट रक्सौलतिर हानिएँ । होटलमा काम गर्ने । दुईचार दिन बस्ने अनि भाग्ने मेरो नियति बनिसक्यो । एउटा होटलमा त एउटा म जत्रै केटोले झकार्नुसम्म झकाऱ्यो । अर्को दिन एक जना मान्छेले राम्रो होटलमा काम लगाइदिन्छु भन्यो । म त्यसकै पछि गएँ ।

ठूलो कम्पाउन्डले घेरिएको । राम्रो राम्रो फूलले सजिएको । धेरै कामदार रहेछन् त्यहाँ । कामदार भन्दा पनि पहरेदार धेरै ।

कडा अनुशासनमा बाँधिनुपर्ने । रातिको बाह्र बजेसम्म काम । बिहान तीन नबज्दै उठ्नुपर्ने । नउठे फलामे डन्डी खाइने । त्यहाँ मलाई धेरै डर लाग्यो । भाग्ने ठाउँ छैन कतैबाट । दिनभरि मरीमरी काम गर्नुपर्छ । मध्यरातमा आधा पेट खाएर सुत्नुपर्छ ।

गेटमा चौकिदार । ठूलाठूला फलामे डन्डीहरूको बार । यहाँ तनावमात्र छ । तिनै स्कुले दिन सम्झेर धेरै बेरसम्म रोएँ । अन्धकार छिपिँदैछ । मनको बह पोख्ने कोही छैनन् यहाँ । व्यर्थै घर, स्कुल छोडेर भागेको । सम्झेँ ती माया गर्ने बाआमा । कुकुरलाई घिउ नपचेको उखान । आमा भन्नुहुन्थ्यो– 'कुकुरलाई घिउ पच्दैन । धेरै नमात् है छोरा ।' आज ती दुःख मानेका दिनहरू पनि खुशी बनेर आँखाबाट बर्सिन थाले ।

म यहाँबाट जसरी पनि भाग्नुछ । कसरी भाग्नु ? असल विद्यार्थी बन्छु । राम्रो पढ्छु । लेख्छु । हे भगवान् ! मलाई यहाँबाट पार लगाइदेऊ । भगवान्को शरणमा गएँ । राति अबेरसम्म रोएरै निदाएँछु ।

यहाँका मानिसहरू काला छन् । अग्ला छन् । हेर्दै डर लाग्ने । ठूला ठूला आँखा । रावणको पुतना जलाएको देखेको थिएँ टिभीमा । अनि हाम्रो गाउँमा । यस्तै देखिन्छन् यिनीहरू ।

सुर्पणखा जस्ता देखिन्छन् आइमाई । सीता अपहरणको जाल बुन्ने । कृष्णलाई मार्न खोज्ने पुतनाजस्ता । नारी ममताकी खानी हुन् भन्ने कुरामा कति विश्वास गरूँ ?

मन, मुटु दिनरात क ामिरहन्छ । सम्झिन्छु । ती स्कुले दिन र झाडी पालमा लुकेका समयहरू । आजका भन्दा धेरै सहज थिए ।

ठूलो पीडाको अगाडि ससाना पीडा पनि खुशी बन्दा रहेछन् । सम्झेँ आमालाई । डोऱ्याउँदै लाग्ने हजुरबा र बुवालाई । धेरै माया गर्ने हजुरआमालाई । मेरो प्यारो वनपाखा अनि तिनका सम्झनामा धेरै आँसु बगाएँ ।

अनि त्यो प्यारो विद्यालयको सम्झनाले पनि सतायो ।

रातभरी सोच्दासोच्दै रोएका आँखा बिहानीपख गहिरो निद्रामा डुबेछन् । एक जना मानिस आएर फलामे डन्डीले खुट्टामा एक स्यापो हानेपछि ब्युँझिएँ । रोएँ । कराएँ । माफी मागेँ । छिटो उठ्ने बाचा समेत गरेँ । रुँदै काममा लागेँ ।

"राक्षसको माझमा पनि देवताको बास हुँदो रहेछ ।" अर्को दिन भान्छामा एक जना मानिससँग मेरो चिनजान भयो । उनी अति कोमल हृदयका रहेछन् । मैले भोगेको पीडा सुनेर आँखाभरि आँसु पारे । उनलाई सबैले मुन्सी काका भन्थे । मुन्सी काकाले भने– 'कसैसँग नभन्नू म तिमीलाई यहाँबाट निकालेर छाड्ने छु ।'

अन्धकारको बादलले छोपेको मनभित्र आशाको एउटा सानो उज्यालो झिल्को झुल्कियो । म खुशीले गदगद भएँ ।

उनीसँग भेटेर फर्केपछि मनभरी कुरा खेले । मुन्सी काका को हुन् ? किन आएका यहाँ ? किन नभागेका यहाँबाट ? आधा रातजति प्रश्न गरेँ आफैसँग । उत्तर खोज्न उनलाई नै भेट्नुपर्दथ्यो ।

आँखामा निदको सिर्को नपरेपछि म उनका कोठातिर लागेँ । बिस्तारै ढोका घचघच्याएँ । हजारफेर डराएँ । एकै पलमा मर्दै बाँच्दै गरेँ । पाकघरको नजिकैको कोठा । अस्ति बोल्दा उतातिर इशारा गरेका थिए । म उनको कोठामा कहिल्यै छिरेको थिइनँ । कोठाभित्र उनी छन् या अरू नै छन् । दोधारमा थिएँ म ।

ढोका खुल्यो । 'मुन्सी काका' भन्दै अँगालो हालेँ । यस्तो लाग्यो उनी मेरा बाबु हुन् । बाबा आमाको काखमा ढुक्क हुन्छ सन्तानलाई । त्यस्तै ढुक्क मान्यो उनीसँग मेरो मनले ।

'काका तपाईंको घर कहाँ ?' उनले भने – 'मेरो घर छैन । तिमी जस्तै थिएँ म पनि । करिब तेह्र वर्षको उमेरमा घर, परिवार स्कुल, गाउँ छोडेर भागेको भगुवा हुँ म । पढ्न मन नलागेर हावाकै तालमा स्कुल छाडेँ । घरमा सौतेनी आमा थिइन् । घरमा भन्दा यहाँ आएपछि हजार गुणा ठक्कर पाएँ । 'घर त त्यस्तो सुनौलो वर्तमान र भविष्य रहेछ जहाँ हजारौं सपना सजिएका हुन्छन् ।' यहाँ आएपछि मेरा सारा सपना एक एक गरी आँसु बनेर बगे ।'

मुन्सी काका अरू नै भाषा बोल्छन् । उनका आधा कुरामात्र बुझ्छु म । भाषा नबुझेर के भो त उनीसँग मेरो मन मिलेको छ । कतिपय भाषा मिल्नेहरूसँग मन मिल्दैन । उनी भन्दै गए– 'यहाँ आएपछि शुरुका वर्षहरूमा धेरै यातना दिइयो मलाई । यहाँ देशकै ठूला बडाहरूको उपस्थिति हुन्छ । तर कसलाई के थाहा यहाँभित्र कामदारलाई धेरै यातना दिइन्छ भनेर । यहाँ अलिकति तलमाथि गर्नेलाई सिधै गोली ठोकेर मारिन्छ । मैले यहाँ कयौं कामदारलाई मारेको देखेको छु ।'

उनका कुरा सुनेर मेरो मनमा झनै डर उत्पन्न भयो । उनले फेरि भने– 'म तिमीलाई यहाँबाट निकाल्ने प्रयास गर्नेछु । मेरो ज्यान गए जाओस् ।' मुन्सी काका सायद ठूलो भुल सच्याउन चाहन्छन् मलाई सहयोग गरेर ।

उनी थप्दै गए– 'शुरुशुरुमा रोएँ । कराएँ । पच्चीस वर्ष बितेछन् । अब मलाई यहाँबाट भाग्नु छैन । जाने ठाउँ पनि छैन । कहाँ जाऊँ भागेर ? यहाँका फलामे डन्डी र तिनको रङ्गसँग मेरो भावना गाँसिएको छ । यहाँका प्रत्येक चीज अब प्यारो लाग्न थालिसकेको

छ । पीडामा धेरै वर्ष बिताएपछि त्यही पीडा पनि प्यारो लाग्दो रहेछ । जीवनका पच्चीस वर्ष खर्चेको मान्छे हुँ म यो यातनागृहमा ।'

बिस्तारै ढोका उघार्दै हामी त्यहाँबाट मूलगेटतर्फ लाग्यौं । पूर्णिमाको रात हुनुपर्छ । ताराहरूले भरपुर उज्यालो छरिरहेका छन् धर्तीमा । ठाउँठाउँका ढोकामा पालेहरू । कोही निदाइरहेका छन् भने कोहीसँग मुन्सी काका मुसुक्क हाँस्छन् । कोही कोहीसँग एकदुई वाक्य बोल्छन् । के बोल्छन् ? मैले भाषा बुझिनँ । मानौं यहाँ सबैले मुन्सी काकालाई विश्वास गर्छन् । उनले मसँग भने – 'मैले जुन गल्ती गरेर जीवन बर्बाद बनाएँ । तिमीले त्यो गल्ती अब कहिल्यै नदोहोऱ्याऊ । फर्केर आफ्नै घर, गाउँ जाऊ ।'

मेरो हृदयले उनका कुरालाई सहस्र स्वीकार गऱ्यो । 'हस् काका म हजुरको त्यो योगदानलाई कहिल्यै खेर जान दिन्न । म मेरै गाउँ फर्किने छु ।' मैले बाचा गरेँ । उनले लामो सास फेरेँ । हामीलाई मूल गेटसम्म आउन करिब तीस मिनेट लाग्यो ।

उनले फेरि थपे । जीवनको ठूलो भूल सच्याएर आज तिमीलाई यो त्रासबाट मुक्ति दिलाएको छु ।

मूल गेटको पालेलाई खासखुस गर्दै मलाई त्यहाँबाट भाग्न इशारा गरे । हामी दुवैले दुवैको आँखामा हेऱ्यौं । चारै आँखाभरि टिलपिल आँसु भरिएका थिए । हामी एक अर्कालाई अन्तिम पटक हेरिरह्यौं । बोल्न वाक्य फुटेन । उनले कुद्न ईशारा गरे । म कुदेँ– मेरा शरीरले भ्याएसम्म । आफ्नो ज्यान जोखिममा राखेर मलाई भगाए उनले । पर पुगेर एक पटक फर्केर हेरेँ । हामी एकअर्काबाट धेरै टाढा पुगिसकेका थियौं ।

मिर्मिरेले लाली छर्ने बेला भएको छ । सेता सेता हिउँका डाँडामाथि घामको पहिलो किरण पर्नै आँटेको छ ।

अब मुन्सी काकालाई यही हिमालले मात्र हेर्ने छ । उनलाई मार्छन् या राख्छन् । यो चलिरहेको हावालाई मात्र थाहा हुनेछ । अब मलाई उनको यादमात्र रहने छ जीवनभर ।

❖❖❖

भ्रष्टाचार विरुद्ध उजुरी दिने गरौं

भ्रष्टाचारजन्य कार्यहरूलाई प्रभावकारी रूपमा नियन्त्रण गरी सुशासन कायम गर्न राष्ट्रिय सतर्कता केन्द्र क्रियाशील रहिआएको हुँदा सरकारी कार्यालय तथा सार्वजनिक संस्थानहरूरुबाट प्रदान गरिने सेवा सुविधा सम्बन्धमा कुनै किसिमको दुःख-कष्ट वा अनावश्यक झन्झट वा अप्ठ्याराहरू भोग्नुपरेको छ भने सोको सूचना र सेवा प्रवाह सम्बन्धमा सुधारका लागि कनै सुझाव भए यस केन्द्रलाई उपलब्ध गराइदिनु हुन सबैमा सादर अनुरोध गरिन्छ

नेपाल सरकार

राष्ट्रिय सतर्कता केन्द्र

सिंहदरबार, काठमाडौं

खोजी

■ सपना रेग्मी

१) भरखरै पाइला टेकेको छ धरतीमा
अस्ताउँदो घामसँगै साँझका रुझानहरू
पखेटा फटफटाउँदै गुँडतिर फर्किएका
चराचुरुङ्गीका स्वरहरू
गोठालाले गोठतिर फर्काउदै गरेका
बस्तुभाउका पदचापहरू
मधुर आवाजमा एकनासले
सुसाइरहेका नदीका आवाजहरू
म सुनिरहेको छु
सबतिर नियालिरहेको छु
यो अपरिचित ठाउँको
अपरिचित गाउँलाई ।

२) तृष्णाको आकासमा
म भौतारिरहेको बेलामा
कता कताबाट तिमी झुल्कियौ
दिव्य मुहार लिएर
मलाई झस्कायौ
दरो आत्मीयताको स्पर्श दिएर
मैले तिम्रो नाम सोधिनँ
तिमीले मेरो नाम सोधेनौ
तिमी लजाएनौ
म लजाइनँ
दुई मुहारको सामीपमा
दुई आँखाको सञ्चारणको चमकमा,
यो अपरिचयको
अपराजितताको मुहानमा
हामी कसरी डुब्यौं ?
थाहा छैन
सुमधुर सङ्गीतको धारमा बगिरहेको
नजिकको नदीको बेगमा
कसरी पुग्यौं थाहा छैन ।

३) कसैले बिस्तारै बिउँझायो
उसको हुपलाई
र, मेरो रूपलाई
हामी सहयात्री रहेछौं
एउटै गन्तव्यको
दुबुल्की मार्दै नदी तर्न खोज्यौं
बग्दाबग्दै पार नपाएर अल्मलियौं,
नजिकै डुँगा देखेर रमायौं
जातपात उँचनीच सबै
बन्धनको जरा उखेलेर
डुँगामा हामी सगौरव बसेर
अन्धकार रातमा पनि रमाएर
निःशब्द यात्रा गरिरह्यौं ।

४) बन्जर प्यासी जमिन खनजोत गरेर तयार पारेको
साउने झरीले लपक्क भिजाएर
नवपल्लवको अङ्कुरणको सुन्दर सपनामा
हामी रातभर भौतारिरह्यौं ।
त्यो रात कसरी बित्यो थाहा छैन
तर पनि रातभरको सपना
हामी खोजिरहेका छौं
अनिदो आँखाभरी
बिहानीको विपना सजाएर ।

खोटाङ, हाल धरान ।

पृथ्वी

■ इन्दु पन्त

हे पृथ्वी !
म प्यारो गरी तिमीलाई पृथा भन्छु
तिम्रो अलौकिक छटादेखि जिज्ञासा राख्छु
तिम्रो रहस्य ज्ञान म कोशिस गर्छु ।

जब छरिन्छ तिम्रो तालरूपी छातीमा असर्फी
भोरको किरणमा म आतुर भाग्छु
अल्पिन्छन् कता ती जब टिप्न खोज्छु
तिम्रो रहस्य जान्न पुनः कोशिस गर्दछु ।

त्यो वृक्षमा देख्छु मुना पलाएको
अर्कोमा किन छ पात पहेँलिएको
सुगन्धको पवनमा जब अनुभूत गर्छु
तिम्रो रहस्य जान्न म कोशिस गर्छु ।

ती चट्टान कसरी कुँदेर आकार बनेका
ती लहराले पहरामा बहार भरेका
जब पुतली र फूलको समागम देख्छु
तिम्रो रहस्य जान्न म कोशिस गर्छु ।

कतै देख्छु निर्जन मरु र पतकरको थुप्रो
अघिसम्मको बहार बनेको छ क्षणमै भुत्रो
विस्मित हुन्छु हे पृथा ! तिमी जब बदलिएको देख्छु
तिम्रो रहस्य जान्न पुनः कोशिस गर्छु ।

जब गर्जन्छ बादल चम्कन्छ बिजुली
सागरको पानी उर्लन्छ बेस्सरी
प्रलय मच्याउँछयौ म त्रसित भइ हेर्छु
तिम्रो रहस्य जान्न कोशिस गर्छु ।

भ्रष्ट देख्छयौ जब आफ्नै सन्तान
पाउन्नौ तिमी क्यै गर्न त्यो निदान
क्रोधित भई थरथरी जब तिमी कामेको देख्छु
तिम्रो रहस्य जान्न बारबार कोशिस गर्छु ।

ईमेल : indupant1958@gmail.com

लेखक महानुभावहरूमा अनुरोध !

दायित्वको आगामी अङ्क

'लोकतान्त्रिक संघीय गणराज्य नेपाल र नेपाली साहित्य'

विषयक लेखहरूको विशेषाङ्क प्रकाशन गरिने भएकोले
उक्त विषयमा केन्द्रित भई २०७४ चैत्र मसान्तभित्र लेख-रचनाहरू
पठाउनुहुन हार्दिक अनुरोध गरिन्छ ।

दायित्व द्वैमासिक

फोन : ०१-४४८६४७६ / ९८४१५२६०१७
ईमेल : dayitwa44@gmail.com

अठार अध्याय गीताका अठार सार

अध्याय १ – मोह या सुख शान्तिको अधीनमा नपर्नु ।

अध्याय २ - शरीर नाशवान्, आत्मा अविनाशी सम्झेर कर्तव्य पालना गर्नु ।

अध्याय ३ - निष्काम भावले परहिताय गरी कर्तव्य पालना गर्नु ।

अध्याय ४ - तत्त्व ज्ञानको अनुभव गरी निःस्वार्थ भावले काम गर्नु ।

अध्याय ५ - सधैँ तितीक्षामा रहनु अर्थात् सुखदुःखमा समान भाव हुनु ।

अध्याय ६ - अन्तस्करणमा समता राख्नु ।

अध्याय ७ - सबै कुरा भगवान् नै हो भनी स्वीकार्नु र सबैमा ब्रह्मभाव रहुनु ।

अध्याय ८ - सधैँ भगवान्को स्मरण गर्दै आफ्नो कर्तव्यको पालना गर्नु ।

अध्याय ९ - सबै मानिस भगवत प्राप्तिका अधिकारी हुन् भनी सम्झनु ।

अध्याय १० - विलक्षण, विशेषता, सुन्दरता, महता, विद्वता बलबता आदि भगवान्को नै अंश मानी भगवान्को चिन्तन गर्नु ।

अध्याय ११ - यो चराचर जगत् भगवान्को नै स्वरुप मानेर, विराट् रुप भगवान्को दर्शन गर्नु अर्थात् जगत् नै भगवान, भगवान् नै जगत् हो भन्नु ।

अध्याय १२ - शरीर, इन्द्रीय, मन, बुद्धिले आफूलाई भगवान्मा अर्पण गर्नु ।

अध्याय १३ - संसारमा एक परमात्मा तत्त्व नै जान्न योग्य वस्तु हो भनी जान्नु ।

अध्याय १४ - सत्व, रज, तम यी तीनै गुणबाट अतीत भई अनन्य भक्ति गर्नु ।

अध्याय १५ - एक परमात्मा मानेर अनन्य भक्तिभावले उनको भजन गर्नु ।

अध्याय १६ - जन्म, मरणको चक्रबाट छुट्न दुर्गुण दुराचारको त्याग गर्नु ।

अध्याय १७ - जुनसुकै शुभ कर्म गरे पनि भगवान्को नाम स्मरण, उच्चारण गर्दै आरम्भ गर्नु ।

अध्याय १८ - भगवत् शरणागति हुनु र भावले भगवान्को शरणमा पर्नु ।

पौरस्त्य दर्शनप्रति विभिन्न महापुरुषका भनाइहरू

हामी भारतीयहरूप्रति विशेषरूपले ऋणी छौँ किनभने, उनीहरूले यदि हामीलाई गणित शिक्षा दिँदैनथे भने भरपर्दो कुनै वैज्ञानिक आविष्कार सम्भव हुने थिएन ।

– अल्वर्ट आइन्स्टाइन

भारतीय दार्शनिकहरूको सूक्ष्मबुद्धिका अगाडि अधिकांश युरोपेली दार्शनिकहरू स्कुलका विद्यार्थीहरूजस्ता लाग्छन् ।

- अँग्रेज कवि टि.एस. इलिएट

सारा विश्वमा उपनिषद्जस्तो यति उपकारी र आत्मालाई उन्नत गर्ने शक्ति भएको अरू कुनै ग्रन्थ छैन । यो उपनिषद्बाट मैले आफ्नो जीवनमा शान्ति पाएको छु र आशा गर्छु, मृत्युकालमा पनि यसबाट नै शान्ति पाउने छु । संसारमा उपनिषद् सर्वोच्च ज्ञानको अभिप्रकाश हो ।

– आर्थर सोफेन आवर

वेद विश्वको सबभन्दा प्राचीन साहित्य हो र भारतको सबभन्दा मूल्यवान् सम्पत्ति । भारतीय संस्कृतिको आत्मा वेदमा नै निवास गर्दछ । समग्र विश्वले यो वेदको महत्त्वलाई स्वीकार गरिसके को छ ।

– पूर्व राष्ट्रपति अब्दुल कालाम ।

हिन्दू धर्ममा हामी नित्य ध्यानद्वारा ईश्वरको महाजाग्रत अस्तित्वलाई अनुभव गर्ने प्रयास गरिरहेका हुन्छौँ । यसरी हामीले सीमाको बन्धनबाट छुटेर आत्मिक मुक्तिलाई आस्वादन गरेका हुन्छौँ । फेरि ईश्वरलाई व्यक्तिको रूपमा अनुभव गरेर जीवनको परम आध्यात्मिक लक्ष्य उपलब्ध गर्दछौँ ।

– कविगुरू रवीन्द्रनाथ टैगोर

आधुनिक पदार्थ विज्ञानमा हामीले जे पाएका छौँ, त्यो प्राचीन हिन्दूहरूको ज्ञान-विज्ञानलाई अलिअलि हेरफेर एवम् नक्कलभन्दा अरू केही होइन । भगवत गीता हिन्दूको गगनचुम्बी साहित्य हो ।

– जुलिएस आर. ओपेन हेमर

क्वान्टम फिजिक्समा जुन अंशहरू हामीलाई बोधगम्य हुँदैनथ्यो, त्यो पूर्वीय दर्शन अध्ययनपछि स्पष्ट भयो ।

– वार्नर हेन्स वर्ग

विश्वको इतिहासमा वर्तमानमा अद्भुत चरम समस्याको एकमात्र समाधान हुन्छ- प्राचीन हिन्दूहरूको ज्ञान । त्यसका लागि हामीले भारतखण्डतिर हेर्नुपर्छ । भारतखण्डको आध्यात्मिक ज्ञानले मानिसलाई यथार्थ मानव निर्माणमा सहयोग गर्छ । जो अहिले पनि भारतीय आत्मामा निवास गर्दछ । समग्र विश्वलाई भारतखण्डको यो महान् आदर्श प्रदान गर्दै गर । यस बाहेक अरू केहीले नै मानव सभ्यतालाई आत्मघातबाट रक्षा गर्न सक्षम हुँदैन ।

- अँग्रेज इतिहासकार आर्नोल्ड टोयन्बी

हामीलाई देहाय बमोजिमका किताबहरू प्राप्त भएका छन्, उपलब्धकर्तालाई धन्यवाद ▯

कृतिको नाम	विधा	लेखकको नाम	प्रकाशकको नाम	पृष्ठ सङ्ख्या	मूल्य रू.
जागै छ चन्द्रागिरि	(कविता)	नारायण ज्ञवाली	कमला ज्ञवाली	९६	१९१/-
आलोक	(खण्डकाव्य)	सीताराम अधिकारी	भवानी अधिकारी	८०+१६	१५०/-
झिल्का लिएर साँझमा	(मुक्तक)	वियोगी बुढाथोकी	बुकसेलर काठमाडौं	१२८	१५०/–
मेरी उनी	(उपन्यास)	महेशराज महर्जन	गोलढुङ्गा साहित्य परिषद्	२४०	२५०/-
सहारा	(उपन्यास)	रमेश गौतम 'पाल्पाली'	विजया गौतम	१५४+२२	२००/-
मेघबहादुर थापा	(संस्मरण)	मोहन थापा	बुद्धिबहादुर थापा	१६२	२००/-
मनका कुरा	(कविता)	हरिप्रसाद पाण्डेय	सुश्री आयुष्मा पोखेल	७०	१०१/-
अदृश्य पीडा	(लघुकथा)	नवराज रिजाल	नवप्रज्ञापन	११२	१००/-
आखरको आरु	(कविता)	कृष्णदेव रिमाल	विद्युत्कर्मी साहित्य समाज	१०४	१५०/-
जिन्दगीका रङहरू	(संस्मरण)	सीताराम बस्नेत	उपासना बस्नेत	१७२+१६	३९९/-
अन्धकारको यात्री	(कविता)	पुरुषोत्तम दाहाल	सूचना चौतारी संस्था	१७६+३२	२२५/-
युद्ध र शान्ति	(कविता)	सिद्धिचरण श्रेष्ठ	युगकवि सिद्धिचरण प्रतिष्ठान	९६	३५०/-
आकाशकी जून	(गीत/गजल/कविता)	ज्ञानदेव हटुवाल	ऐरावती प्रकाशन	१००	१५०/–
आशाका रङहरू	(कविता)	आशा लिम्बु	समकालीन साहित्य प्रतिष्ठान	८०	२५०/-
काँडा टेकेर फूलका कुरा	(गजल)	हरि कट्टेल	पूर्वाञ्चल साहित्य प्रतिष्ठान	७८+१८	१५०/-
माधव आनी	(खण्डकाव्य)	हरि कट्टेल	प्रतिभा पुरस्कार प्रतिष्ठान	६२+१८	१८०/-
छ्यासमिस	(विविध विधा)	एसपी आसा	आशा प्रकाशन	१३८+८	२००/-
प्रस्फुटन	(कविता)	डा. स्वेच्छा अधिकारी	पूर्णप्रकाश अ.अ. केन्द्र	६६+१२	१००/-
चालीस फन्को घुमेपछि	(संस्मरण)	मोहनबहादुर कायस्थ	कायस्थ सेवा सदन	१७२+८	५००/-
चर्तिकला	(विविध सङ्कलन)	मोहनबहादुर कायस्थ	कायस्थ सेवा सदन	१३२+८	५००/-
आमा मेरी आमा	(विविध विधा)	मोहनबहादुर कायस्थ	कायस्थ सेवा सदन	१२८+८	५००/-
महारानीको देश	(यात्रासंस्मरण)	मोहनबहादुर कायस्थ	कायस्थ सेवा सदन	१६०+८	३९९/-
महाकविका आँखा	(सङ्कलन)	मोहनबहादुर कायस्थ	कायस्थ सेवा सदन	२४२+१०	५००/-
सञ्जाल	(उपन्यासा)	मोहनबहादुर कायस्थ	कायस्थ सेवा सदन	१३४+१०	३००/-

दायित्व वाङ्मय प्रतिष्ठानका आजीवन सदस्यहरू

क्र.सं.	नाम थर	फोन नं.
१	अच्युत प्र. पौडेल 'चिन्तन'	९८४१३२१९९८
२.	अर्जुन आचार्य	९८४१४५०१२३
३.	अर्जुन विरक्ति	४४८५८७८/९८५१०६५४७६
४.	अनिल कोइराला	४४२३२०९/९८४१२५०४५२
५.	अमर अधिकारी	४४६८६७७/९८४१६१७४५५
६.	अमरकुमार प्रधान	५५२८१०४/९८४१३८३३६१
७.	ऋषिराम डाँगी	९८४९२४२००३
८.	एस.पी आसा	४२७५३६५/९८४१३११६६२
९.	कपिल लामिछाने	९८५७०२२१०९
१०.	कमलप्रसाद ज्ञवाली	४४८६२४६/९८४१२९८५१४
११.	कलाधर काफ्ले	४४९५४४४/९८४१५३५०३०
१२.	केदारप्रसाद सुवेदी	९८४५०२३८५२
१३.	केशवराज पन्त	६६३९१५४/९८४३०६९५१५
१४.	कृष्णप्रसाद बस्याल	४४६८९८३/९८४१५६४५२५
१५.	कृष्ण बाउसे	९७४१०५१४२५
१६.	कृष्ण भण्डारी 'मुमुक्षु'	९८५६०३२४७७
१७.	कृष्ण ज्ञवाली	४४२८१४७/९८५१११५१५६
१८.	खगेन्द्र खोल्साघरे	९८५१०९७२६८
१९.	खड्गबहादुर चापागाईं	९८४२४४८८००
२०.	खिमानन्द आचार्य	६६३०५६१
२१.	गङ्गा पौडेल	४८२३४०८/९८४१५४४०६१
२२.	गणेश ज्ञवाली	४६२१३८०/९८५११८८२२२
२३.	गीता केशरी	४४३२१२०/९८५११०२२०३
२४.	गुणराज काफ्ले	४४९५३८६/९८४१५७७४५३
२५.	गोकुल अधिकारी	६६३५०७३/९८४२०३०२७७
२६.	गोपीकृष्ण शर्मा	४४२४६७६/९८४१६०३३३४
२७.	गोविन्दप्रसाद घिमिरे	४९१५२९६/९८४३२३४४५०
२८.	घनश्याम राजकर्णिकार	४४१०३९२/९८५१०६२२१८
२९.	चन्द्रकान्त आचार्य	४४७३८९६/९८५११०६३८१
३०.	डा. चन्द्रकान्त ज्ञवाली	०७८-५८०३८७
३१.	छविरमण सिलवाल	९८४१२१६३७६
३२.	जयदेवकृष्ण श्रेष्ठ	९८५१०६३२५८
३३.	जयन्ती स्पन्दन	९८४१२४८३८१
३४.	जयराम शर्मा लुईंटेल	४३१२०२२
३५.	जीवनचन्द्र कोइराला	४११०२६७/९८४१८१६७१९
३६.	जीवनपानी पोखरेल	९८४१८८९८६३
३७.	जीवराज घिमिरे	९८४१२७२२५१
३८.	जीवलाल सापकोटा	९८५१०००४०३
३९.	टङ्क पन्त	९८५१०३६१२०
४०.	टीकाराम पन्त	९८५१००५६६६
४१.	टुमानाथ अर्याल	९८४७५३३००३
४२.	ठाकुर शर्मा	४४२०६१०/९८४१२४५३३१
४३.	डा. तुलसी भट्टराई	४१०८५१८/९८५१०७७३६१
४४.	तुलसीराम पाण्डेय	४८२००२९/९८४१६२८९८५
४५.	तेजबहादुर थापा	०७१-५२१७०५
४६.	देवी नेपाल	९८४१४४४१३५
४७.	देवेन्द्र अर्याल 'आँसु'	९८६९२४५८५०
४८.	नरेन्द्रराज पौडेल	९८४१६४७१८९
४९.	नारायण गोदारे	४८२२१०७/९८४११३७३९६
५०.	नारायण ज्ञवाली	५१०४६१३/९८५१०७३८०९
५१.	पुष्पलता आचार्य	४१०७७३४
५२.	प्रतापजङ्ग शाह	४४९७६१२/९८४१२७४०२५
५३.	प्रह्लाद कार्की	९८४१३९७६५४
५४.	प्रह्लाद पोखेल	४९१५२१७/९८४१५३०१९१
५५.	बालकृष्ण भट्टराई	०७१-५२०३९४
५६.	बालकृष्ण शर्मा	४४३८४४१/९८४१२५२८७९
५७.	सुश्री भद्रकुमारी घले	४४२०४६१
५८.	भागवत आचार्य	४१०८५६५/९८४१५७३१०१
५९.	भागवत ढकाल	४७८१४७७/९८४१२७१२२६
६०.	भुवनहरि सिग्देल	९८५१०५९०४९
६१.	भूपेन्द्रप्रसाद पौडेल	४४८७२५८/९८४१३७६११४
६२.	भोला रेग्मी	४४३१४५४/९८५१०५१४५४
६३.	मणिराज सिंह	९८५१११८३४९
६४.	मधुसूदनप्रसाद घिमिरे	४१०७७१७/९८४९६५५९९०
६५.	ममता शर्मा नेपाल	९८४१३७०५१५
६६.	महादेव पन्थ	५५३०७८७/९८५११७५९४४
६७.	माधव घिमिरे (टङ्गाल)	४४३१५३७/९८४३२४१५२३
६८.	मित्र 'उराठी' गौतम	०८८-५२००७४
६९.	मोहन दुवाल	९८४१६३०४६५
७०.	मोहनबहादुर कायस्थ	४४७००४९/९८५१०१५०३५
७१.	मोहन सिटौला	४४८१४७६
७२.	यज्ञराज ज्ञवाली	९८५११५०७७४
७३.	यदुलाल पन्थ	९८४७०२१०४५
७४.	यादव भट्टराई	४७८३२६४/९८५१२३९००९
७५.	युवराज मैनाली	४४२०३९१/९८४१५२६६७०
७६.	युवराज शर्मा गौतम	४२३१३१७/९८४९२४१७४४
७७.	रमा सिंह	५५२५१२२
७८.	रविन्द्र आशिष शैली	९८५११६६७७५
७९.	राजेश मानन्धर	४४९७३६७/९८५१०४७०८३
८०.	रामचन्द्र बस्नेत	९८४१४१००८१
८१.	रामप्रसाद दाहाल	४४९००४८/९८५१०८९६१३
८२.	रामप्रसाद पन्त	४४८६४७६/९८४१५२६०१७
८३.	डा.रामप्रसाद शर्मा	९८४७०४३१८१
८४.	रामबहादुर पहाडी	९८४१७१०७५२
८५.	रामशरण अर्याल	४१०४०५५/९८६१५८३५६२
८६.	रामेश्वरी पन्त	९८४९८९९६९९
८७.	रूद्र शर्मा 'दुःखी'	०७१-५२१७१७/९८५७०२४५१७
८८.	रूद्र ज्ञवाली	९८५७०२१०३७
८९.	रेवतीरमण पोखरेल	२१०२१०२/९८४१२६९००८
९०.	ललिता दोषी	४७८०८१६/९८४१८९०२६६
९१.	लक्ष्मी पन्त	४४८६४७६/९८४१४४६२१९
९२.	लुमडी आचार्य	९८४९४८२९३०
९३.	डा.लेखप्रसाद निरौला	९८४१३७२८०८
९४.	लोकेन्द्रबहादुर चन्द	६६३६६३९/९८०४४३५६८९
९५.	वसन्तकुमार शर्म्मा 'नेपाल'	४४८४६२९
९६.	वासुदेव उपाध्याय ढकाल	४४७२५८३
९७.	वासुदेव गुरागाइँ	९८४१६६७१४९
९८.	विजय सागर	९८४७०५५९७८
९९.	विमल खनाल	९८४१५६७७३७
१००.	विष्णुबहादुर सिंह	४३७०४३२/९८५१०२१८०९
१०१.	विष्णुमाया पन्त	९८५१०७४४६६
१०२.	डा. विष्णुराज आत्रेय	४४७३५२५/९८४११३७४३९
१०३.	विष्णु ज्ञवाली	४३८२५०३/९८५१०६००७१
१०४.	शङ्करविक्रम शाह	४४११९०३
१०५.	शिव क्षेत्री 'अपरिचित'	९८४१४५३३५८
१०६.	शेषराज सिवाकोटी	९८४९३०१३१८
१०७.	सकु थापा	९८४१३८५६१२
१०८.	सुदर्शन आचार्य	४३५२९४९
१०९.	सुदीपभद्र खनाल	४३६२०२९
११०.	सुरेन्द्रप्रकाश उप्रेती	४४७८१८०
१११.	सुब सेन	४४९०८३१/९८४१६६९०७४
११२.	हरिकुमार नेपाल	४७८१४४०/९८५१०९३७६४
११३.	हरिप्रसाद न्यौपाने	४७७०५२६/९८५११७०२३४
११४.	हरिहरप्रदीप घिमिरे	४४८१५५४/९८४१५१९५०२
११५.	हेमराज पाण्डे	६६३०७५१/९८४१८०५८७६
११६.	हेमराज ज्ञवाली	४४७०८११/९८५१०२०२१५
११७.	होमशङ्कर बास्तोला	९८४१३६५७६६

दायित्व वाङ्मय प्रतिष्ठानका प्रकाशनहरू

१.	तीन आमाको छोरा (उपन्यास) २०५७- रामप्रसाद पन्त	१५०/-
२.	श्रद्धाञ्जली (खण्डकाव्य) २०५८- देवी नेपाल	५०/-
३.	ललित मञ्जरी (खण्डकाव्य) २०५८- अमृत खरेल	२१/-
४.	जापान भ्रमणका केही सम्झनाहरू (नियात्रासङ्ग्रह) २०५८- रामप्रसाद पन्त	२००/-
५.	शङ्कर कोइराला: कृति अनुशीलन (समालोचनासङ्ग्रह) २०५८- सं. रामप्रसाद पन्त	५००/-
६.	जीवनपानीका फोहराहरू (गजलसङ्ग्रह) २०५९- जीवनपानी पोखरेल	५०/-
७.	अविस्मरणीय जुम्ला (नियात्रासङ्ग्रह) २०५९- सूब सेन	१५०/-
८.	देशभक्तहरूको भूमि: इजरायलमा केही दिन (नियात्रासङ्ग्रह) २०५९- सूब सेन	१००/-
९.	आस्थाका पाइला (कवितासङ्ग्रह) २०५९- ठाकुर शर्मा	५१/-
१०.	रामचन्द्र शर्मा: स्मृतिग्रन्थ २०५९- रामप्रसाद पन्त	७५/-
११.	घाँटी हेरी हाड निल्नु ? (निबन्धसङ्ग्रह) २०५९- लेखप्रसाद निरौला	३०/-
१२.	मालती (खण्डकाव्य) २०६०- लेखप्रसाद निरौला	२५/-
१३.	मधुकलश (कवितासङ्ग्रह) २०६०- सुदीपभद्र खनाल	१०१/-
१४.	औचित्यहीन समारोह (कथासङ्ग्रह) २०६०- लुमडी आचार्य	१००/-
१५.	यात्रा र अनुभूति (नियात्रासङ्ग्रह) २०६०- रामप्रसाद पन्त	२२५/-
१६.	उपासना (कवितासङ्ग्रह) २०६०- ठाकुर शर्मा	५१/-
१७.	विवश हृदय (कथासङ्ग्रह) २०६१- महादेव अधिकारी	५०/-
१८.	जीवनपानीका सुस्केराहरू (गजलसङ्ग्रह) २०६१- जीवनपानी	५१/-
१९.	सेवारत निजामती साहित्यकारहरू (विविध सङ्कलन) २०६१- सं. रामप्रसाद पन्त	३००/-
२०.	आस्था र आकाङ्क्षा (कवितासङ्ग्रह) २०६१- हरिहर प्रदीप घिमिरे	२००/-
२१.	चमत्कारी ऋषि (बालकथासङ्ग्रह) २०६१- लुमडी आचार्य	२५/-
२२.	रुक्मी दिदी (कथासङ्ग्रह) २०६१- रामप्रसाद पन्त	२००/-
२३.	एउटा अनुहारको खोजीमा (कवितासङ्ग्रह) २०६१- देवेन्द्र अर्याल (आँसु)	१००/-
२४.	पृथक् यात्रा (नाटक) २०६२- मिलन गर्तौला	१२५/-
२५.	देखासिकी (बालकथासङ्ग्रह) २०६२- मधुसूदनप्रसाद घिमिरे	२०/-
२६.	मध्यान्तर (कथासङ्ग्रह) २०६२- मधुसूदनप्रसाद घिमिरे	६०/-
२७.	अज्ञात यात्राका पदचिन्हहरू (कवितासङ्ग्रह) २०६२- कृष्ण बाउसे	५०/-
२८.	स्मृतिका छालहरू (नियात्रासङ्ग्रह) २०६२- विष्णुबहादुर सिंह	२००/-
२९.	सन्झ्याल (कथासङ्ग्रह) २०६२- रामप्रसाद पन्त	२००/-
३०.	मर्माहत (कवितासङ्ग्रह) २०६३- लुमडी आचार्य	५०/-
३१.	आँखाभरि रमिता मनभरि वेदना (नियात्राडायरी) २०६३- गोपी मैनाली	२००/-
३२.	जीवनपानीका तरङ्गहरू (गजलसङ्ग्रह) २०६३- जीवनपानी	५२/-
३३.	रामायण: परम्परा, मान्यता र विश्लेषण (अध्यात्म ग्रन्थ) २०६३- देवेन्द्र अर्याल (आँसु)	१००/-
३४.	एकदर्जन निबन्धसङ्ग्रह (व्यङ्ग्यनिबन्ध) २०६३- अमरप्रसाद रिजाल	१११/-
३५.	साढेसातदेखि अढैयाको शनिसम्म (निबन्धसङ्ग्रह) २०६३- कृष्ण प्रधान	२०१/-
३६.	पेट्रोनास टावरको सेरोफेरो (नियात्रासङ्ग्रह) २०६३- रामप्रसाद पन्त	२००/-
३७.	अनुभूतिको आकाश (कवितासङ्ग्रह) २०६३- अशोककुमार लामिछाने	१००/-
३८.	इन्द्रेनी (सप्तरङ्गी विधा) २०६४- कलाधर काफ्ले	१५०/-
३९.	मेरा सपना र बिपना (संस्मरण) २०६४- सूब सेन	१००/-
४०.	बाह्र सूर्य सोह्र फन्को (नियात्रासङ्ग्रह) २०६४- रामप्रसाद पन्त	२५०/-
४१.	पछि फेरि (निबन्धसङ्ग्रह) २०६५- निरञ्जन बराल	१४०/-
४२.	जीवनका घुम्तीहरू (कथासङ्ग्रह) २०६५- राजनविक्रम थापा	९५/-
४३.	ऋतु थरिथरिका (गजलसङ्ग्रह) २०६५- जीवनपानी	५१/-
४४.	भाइको खोजी (संस्मरण) २०६५- सूब सेन	५०/-
४५.	उत्कृष्ट सत्ताइस व्यक्तित्व (संस्मरण) २०६५- रामप्रसाद पन्त	२००/-
४६.	विमर्शन (समीक्षासङ्ग्रह) २०६६- ठाकुर शर्मा	१००/-
४७.	प्रकृतिमा मान्छे (मुक्तकसङ्ग्रह) २०६६- ठाकुर शर्मा	५१/-
४८.	पर्यन्तदेश (नियात्रासङ्ग्रह) २०६६- रामप्रसाद पन्त	२००/-
४९.	छरिएका मनहरू (समीक्षासङ्ग्रह) २०६७-रामप्रसाद दाहाल	२५०/-
५०.	सैद्धान्तिक कसीमा भाउपन्थीका कथा २०६७-भागवत ढकाल	२२५/-
५१.	सूब सेनका प्रवृत्ति (समालोचनात्मक ग्रन्थ) २०६७- सूब सेन	२५०/-
५२.	स्मृतिविम्ब (कवितासङ्ग्रह) २०६७-गोपीकृष्ण शर्मा	१००/-
५३.	इतिहास अध्ययनको खोजी (अन्वेषण) २०६७- सूब सेन	१५०/-

५४.	सम्झनाका थुँगा (संस्मरणसङ्ग्रह) २०६७-रामप्रसाद पन्त	२२५/-
५५.	अभिवादन : नयाँ विश्वनिर्मातालाई (इतिहास) २०६७- सूब सेन	१५०/-
५६.	स्मृतिगङ्गाको तीरैतीर (नियात्रासङ्गह) २०६८-रामप्रसाद पन्त	२००/-
५७.	मेरा आदर्शरत्न साथीहरू (संस्मरण) २०६८- सूब सेन	१००/-
५८.	युगकवि सिद्धिचरण : कृति र प्रवृत्ति विश्लेषण (समालोचना) २०६८- गोपी मैनाली	१७५/-
५९.	सिङ्नीको सेरोफेरो (यात्रानिबन्ध) २०६८-कलाधर काफ्ले	३२५/-
६०.	अभिशप्त वर्तमान (कवितासङ्ग्रह) २०६९- रामेश्वर जलन	१२५/-
६१.	पुष्पमञ्जरी (कथासङ्ग्रह) २०६९-रामप्रसाद पन्त	२००/-
६२.	पानीमुनिको आकाश (गजलसङ्ग्रह) २०६९-जीवनपानी	१५०/-
६३.	आस्थाको सरोवर (नियात्रासङ्ग्रह) २०७०- रामप्रसाद पन्त	२००/-
६४.	साहित्ययात्राका पदचाप (समीक्षासङ्ग्रह) २०७०- ठाकुर शर्मा भण्डारी	२००/-
६५.	रामप्रसाद पन्तका कविता (कवितासङ्ग्रह) २०७०- रामप्रसाद पन्त	१५०/-
६६.	समुद्रपारि काज (नियात्रासङ्ग्रह) २०७१- रामप्रसाद आचार्य	२००/-
६७.	पारामाटा किनारबाट (नियात्रासङ्ग्रह) २०७१- रामप्रसाद पन्त	२५०/-
६८.	निबुवाको बोटमा आँप फल्दैन (मुक्तकसङ्ग्रह) २०७१- विजयध्वज थापा	१००/-
६९.	पीडा (गजलसङ्ग्रह) २०७१- केशवराज जोशी	१००/-
७०.	मेरा साठी वर्ष (आत्मसंस्मरण) २०७१- रामप्रसाद पन्त	२२५/-
७१.	माटो मायाको परिभाषा (कथासङ्ग्रह) २०७१- सूब सेन	१५०/-
७२.	शैलीका गीतहरू (गीतसङ्ग्रह) २०७१- रविन्द्र आशिष शैली	१५०/-
७३.	उपहार (लघुकथासङ्ग्रह) २०७१- कलाधर काफ्ले	१५०/-
७४.	अविरल यात्रा (नियात्रासङ्ग्रह) २०७२- रामप्रसाद पन्त	२५०/-
७५.	कविताको मलामी (कवितासङ्ग्रह) २०७२- कृष्ण प्रधान	१५१/-
७६.	दाउ (लघुकथासङ्ग्रह) २०७२- रामप्रसाद पन्त	१५०/-
७७.	मनका तरङ्गहरू (मुक्तक/कवितासङ्ग्रह) २०७२- नारायण देव पन्त	१००/-
७८.	आत्मघातपछिको अभिव्यक्ति (कथा/लघुकथासङ्ग्रह) २०७२- घनश्याम पुडासैनी	१२५/-
७९.	केही अन्वेषण केही विश्लेषण (समालोचनासङ्ग्रह) २०७२- डा. दामोदर ढकाल	३५०/-
८०.	आधुनिक समालोचना (समालोचनासङ्ग्रह) २०७२- डा. भागवत ढकाल	३७५/-
८१.	मनकम्पन (काव्य) २०७२– नारायण ज्ञवाली	१५०/-
८२.	साहित्यिक यात्रा (नियात्रासङ्ग्रह) २०७३- रामप्रसाद पन्त	२५०/-
८३.	बहिष्करण (कवितासङ्ग्रह) २०७३- राधेश्याम लेकाली	२००/-
८४.	भाइकी साली (कथासङ्ग्रह) २०७३- गंगासागर पन्त	३००/-
८५.	मोह (कथासङ्ग्रह) २०७३- सुन्दर खड्का	१५०/-
८६.	मन्जिल (कवितासङ्ग्रह) २०७३– मन्जिला शर्मा	उपहार
८७.	देवदर्शन (अध्यात्म) २०७३– यज्ञराज ज्ञवाली	४८०/-
८८.	हाम्रो धार्मिक आस्था (अध्यात्म) २०७३– यज्ञराज ज्ञवाली	७४५/-
८९.	प्रतिविम्ब (अध्यात्म) २०७३– यज्ञराज ज्ञवाली	३००/-
९०.	भरतराज पन्तको काव्ययात्रा र प्रवृत्ति (समालोचना) २०७३– डा. भागवत ढकाल	३५०/-
९१.	नमेटिने सङ्कल्पहरू (कवितासङ्ग्रह) २०७३– सबिन पोखरेल	१५०/-
९२.	शालिक बोलिरहेछ (कवितासङ्ग्रह) २०७३– मेनुका चापागाईं 'मेनु'	१५०/-
९३.	पद्यमुक्तक (मुक्तकसङ्ग्रह) २०७३– ठाकुर शर्मा भण्डारी	१००/-
९४.	शब्द-सरिता (कवितासङ्ग्रह) २०७३– इन्दु पन्त	१७५/-
९५.	विमोचनको बिगबिगी (हास्य-व्यङ्ग्यसङ्ग्रह) २०७३– नरेन्द्रराज पौडेल	२५०/-
९६.	सूर्यग्रहण (कवितासङ्ग्रह) २०७३– कृष्ण प्रधान	१५१/-
९७.	सिक्किमदेखि सिमलासम्म (नियात्रासङ्ग्रह) २०७३– रामप्रसाद पन्त	३००/-
९८.	प्रज्ञाद्योतित संस्कृतमनीषी प्रा.डा. वेणीमाधव ढकाल (२०७३) - डा. नरायणप्रसाद खनाल	२०७३/-
९९.	स्मृतितरङ्ग (आत्मसंस्मरण) (२०७३)– केशवराज पन्त	३६०/-
१००.	आनन्दवनको आनन्द (नियात्रा) (२०७४)– रामप्रसाद आचार्य	२००/-
१०१.	माफ गर समय (कवितासङ्ग्रह) (२०७४) – राजनविक्रम थापा	१५०/-
१०२.	राजन थापाका गीत-गजलहरू (२०७४) – राजनविक्रम थापा	१२५/-
१०३.	आलो घाउ (कवितासङ्ग्रह) (२०७४) – रमेश गौतम 'पाल्पाली'	१५०/-
१०४.	जीवनका मोडहरू (कथासङ्ग्रह) (२०७४) – रमेश गौतम 'पाल्पाली'	१५०/-
१०५.	कविताका कविताहरू (कवितासङ्ग्रह) (२०७४) – कविता पराजुली	२००/-
१०६.	शहीद कृष्णलाल अधिकारी (नाटक) (२०७४) – सूब सेन	१५०/-
१०७.	लखन थापा जयसिंह चुमी (नाटक) (२०७४) – सूब सेन	१५०/-
१०८.	मैनाबहादुर खण्डमान (नाटक) (२०७४) – सूब सेन	१००/-
१०९.	शहीदसभा (नाटक) (२०७४) – सूब सेन	१५०/-

भूकम्प प्रतिरोधी घर बनाऔं ।

२०७२ वैशाखको जस्तो भूकम्प जुनसुकै बेला जहा पनि जान सक्छ । त्यसैले घर निर्माण गर्दा सरकारले तोकेको मापदण्ड पूरा गरौं, इन्जिनियरको सल्लाह लिऔं । निर्माणमा तालिमप्राप्त डकर्मी, सिकर्मीलाई मात्र लगाऔं । पुनर्निर्माण तथा नवनिर्माण गर्दा गुणस्तरीय सामग्री मात्र प्रयोग गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

खानेपानी विभाग तथा ढल निकास विभाग
खानेपानी गुणस्तर शाखाको अपिल

देशको विभिन्न भागमा दूषित पानी तथा खानाको माध्यमबाट झाडापखाला, जन्डिस आदि रोगहरू फैलिन सक्ने संभावना रहेको हुँदा रोगबाट बच्न निम्नलिखित कुराहरूको अनिवार्य पालना गर्न हार्दिक अनुरोध गरिन्छ ।

- उपभोक्ता समिति वा सेवा प्रदायकबाट संचालित खानेपानी आयोजनामा उचित मात्रामा ब्लिचिङ् पाउडर प्रयोग गरौँ ।
- पानी उमालेर वा क्लोरिनको प्रयोगद्वारा निर्मलीकरण गरेर मात्र पिउने गरौँ ।
- फलफूल, सागपात र तरकारी सफा पानीले राम्रोसँग धोएर मात्र प्रयोग गरौँ ।
- खाना पकाउनु अघि, खाना खानु अघि, शौचालय प्रयोग गरिसकेपछि, केटाकेटीको दिसा धोइसकेपछि, गाई वस्तु र पशुपंक्षीको सम्पर्कमा आएपछि तथा खेतबारीमा काम गरिसकेपछि अनिवार्य रुपमा साबुनपानीले हात धोऔँ ।
- पकाइसकेको खाना तथा शुद्धिकरण गरिएको पानीलाई राम्रोसँग छोपेर राखौँ ।
- बालबालिका, वृद्ध तथा विरामीहरूको खानपान र सरसफाइमा थप सावधानी अपनाऔँ ।
- पानी परीक्षणको लागि जिल्ला स्थित खानेपानी डिभिजन/सबडिभिजन कार्यालयहरूमा सम्पर्क राखौँ ।
- आर्सेनिक परीक्षण गरी सुरक्षित पानी पिऔँ र स्वस्थ बनौँ ।
- खानेपानी आयोजनाहरूमा खानेपानी सुरक्षा योजना लागू गरी वितरित खानेपानीको गुणस्तरलाई सुनिश्चितता गरौँ ।

"मानवसेवा नै मानवधर्म हो ।"

हामी विगत ३० वर्षदेखि विभिन्न स्वास्थ्यसेवामा समर्पित छौं ।

CTEVT को सम्बन्धनमा २०७० सालदेखि नेपालमा एकमात्र RHESC Acupuncture College सञ्चालन

RHESC मा उपलब्ध स्वास्थ्यसेवाहरू :

१. आरामदायी चिकित्सा (जापानी प्रविधि) २. अकुपंचर ३. बालरोग ४. स्त्रीरोग ५. चर्म तथा यौनरोग ६. आँखा ७. नाक, कान, घाँटी ८. जनरल स्वास्थ्य सेवा ९. प्रयोगशाला १०. X-ray ११. ECG १२. खोप १३. परिवार नियोजन सेवा आदि ।

शल्यक्रिया सेवातर्फ : १. आँखाको मोतिया बिन्दु २. कानको जाली टाल्ने आदि ।

बालप्रसाद शाही
(अध्यक्ष) ९८४१२८५७२०

ग्रामीण स्वास्थ्य शिक्षा तथा सेवा केन्द्र (RHESC)
गोकर्ण दक्षिणढोका, जोरपाटी-५, काठमाडौं । फोन : ४९१२६५७, पो.ब.नं. २४६०९

१ वर्षे मुद्दति खातामा

आकर्षक ब्याजदर

९९% वार्षिक ब्याजदर

तपाईंको विश्वासलाई
उच्चतम प्रतिफलको सम्मान

PRABHU BANK

बबरमहल, काठमाडौं, नेपाल । फोन : ०१-४७८८५००
इमेल : info@prabhubank.com । टोल फ्रि नं. १६६००१०७७७७

www.prabhubank.com

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

लाजिम्पाट काठमाडौंको

मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिहरुले आफ्नो कारोबार स्थलमा मूल्य अभिवृद्धि कर सहितको प्राईस ट्याग उल्लेख गर्ने सम्बन्धी सूचना

मूल्य अभिवृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४ (ख) मा मूल्य अभिवृद्धि कर मा दर्ता भएका व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेण्ट, बार, कारोबार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने बस्तु वा सेवाको बिक्री मूल्य (ट्याग प्राईस, मेनु प्राईस र सेल्फप्राईस) मा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभागको

भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

आयकर ऐन, २०५८ ले रोजगार दाताले रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भुक्तानी गर्दा, आकस्मिक लाभको भुक्तानी गर्दा र ठेक्का वा करारको भुक्तानी गर्दा भुक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरु तथा करदाता सेवा कार्यालयहरुमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ । साथै भुक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मितिसम्म कर दाखिला नगरेमा व्याज लाग्ने कानुनी व्यवस्था रहेको छ । तसर्थ, उपरोक्त कानुनी व्यवस्था बमोजिम भुक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरुले कानुनमा तोकिएको समयमा अनिवार्य रुपमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दखिला गरी हिसाब फरफारक गर्नुहुन यो सूचना गरिएको छ ।

गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर

डिम्याट खाता अनिवार्य सम्बन्धी अत्यन्त जरुरी सूचना

धितोपत्र बजारको आधुनिकीकरण गर्ने क्रममा यही मिति २०७२ माघदेखि पूर्ण रूपमा अभौतिकीकरण भएको शेयरको मात्र कारोबार शुरु भई धितोपत्र बजार पूर्ण स्वचालित भएको र हकप्रद शेयर तथा बोनश शेयर लगानीकर्ताहरूको डिम्याट खातामा प्राप्त गर्न सकिने व्यवस्था भइसकेको छ । यसै पृष्ठभूमिमा उद्योग प्रभावित क्षेत्र बासिन्दाहरू बाहेक २०७३ साउन १ गतेदेखि काठमाडौँ उपत्यका र २०७३ माघ १ गतेबाट उपत्यका बाहिरबाट समेत सार्वजनिक निष्काशनमा दरखास्त दिने दरखास्तवालाहरूले आफ्नो डिम्याट खाता दरखास्त फारममा अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने व्यवस्था गरिएकोले सोही बमोजिम गर्न गराउन हुन सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

नेपाल धितोपत्र बोर्ड
जावलाखेल, ललितपुर ।

साहित्य-इन्द्रेणी

साहित्यले मानिसलाई कहाँ पुऱ्याउँछ

नीराजन तिमल्सिना

साहित्यका उद्देश्य अनेकन् हुन्छन् । तर मूल उद्देश्य जीवनमा ऊर्जा जगाउनु हो : जीवनलाई गम्काउने भित्री ऊर्जा र बाहिरी ऊर्जा । भित्री ऊर्जाले मनलाई बलियो बनाउँछ भने बाहिरी ऊर्जाले समाजमा बाँच्ने आधारहरू बढाउँछ । त्यो कित्ताको साहित्यले मात्र ऊर्जा जगाउँछ, जसमा जीवन बोलिएको हुन्छ र जसमा जीवनकलाको ढोका खोलिएको हुन्छ ।

साहित्यको उद्देश्य जीवनको उद्देश्यसँगै जोडिएको हुन्छ । आनन्द प्राप्त गर्ने जीवनको मूल उद्देश्य आध्यात्मको आकाशमा बादल बनेर फैलिरहन्छ । तर साधकहरू भन्छन्, त्यतातिर उड्न त्यति सजिलो छैन । जो मनुष्य पखेटाबिना नै उड्न जान्दछ, उभित्र भइरहन्छ आनन्दको स्पर्श । अझ साहित्यको चेतना हुनेहरूलाई उड्न सहज हुन्छ– सररररर.. । बचेराका जीउमा पखेटा बढे सँगसँगै उसले आकाशतिर हेरेर रमाउँदै-रमाउँदै चीँ चीँ गरेजस्तै साहित्य-चेतना भएका मानिस आध्यात्मलाई नजिकै देखेर रमाउँछन् र भित्रभित्रै आनन्दको अनुभूत गर्छन् ।

सामाजिक प्राणीलाई सबै कुरा चटक्क त्यागेर वैराग्यको मार्गमा हिंडिहाल्न पनि त्यति सहज कुरो होइन ।

'मानिसको योनिमा जन्मिनु नै अहोभाग्य हो । किन उड्नु पऱ्यो र चराजस्तो !' भन्न पनि सकिन्छ । तर चराको योनि पाएर पनि अरू झैँ आकाशमा उड्न नसक्ने पेङ्गुइन हुन् : साहित्य-चेतनाविना बाँच्ने मानिसहरू । आनन्दको आकाशमा उड्न साहित्य-पङ्खले मद्दत गर्छ । मनमा आनन्द र बाहिरी आशा, यी फरक-फरक कुरा हुन् । 'मनले जे गर्छ, त्यही सत्य हुने भएकोले मनले वैराग्य ग्रहण गरेर बाहिर अरूका सामु आशावादी देखिए जस्तो गरे पनि केही फरक पर्दैन ।' (अन्तर्नैराश्यमादाय बहिराशोन्मुखे हि च । बहिस्तप्तोन्तराशीतो लोके विहर राघव ।) भन्ने वशिष्ठ ऋषिको वाणी यहींनेर सान्दर्भिक हुन्छ कि मनको सत्य भनेको आनन्द हो ।

हो, परम आनन्द त वैराग्यको मार्गबाट भेटिन्छ । सामाजिक प्राणीलाई सबै कुरा चटक्क त्यागेर वैराग्यको मार्गमा हिँडिहाल्न पनि त्यति सहज कुरो होइन । आनन्दप्राप्तिका लागि एउटा रोचक र रसिक मार्ग हो– साहित्य । यसकारण पनि धेरै मानिसहरू वैराग्यको सागरमा भन्दा साहित्यसागरमा अभिरुचि राख्छन् । तर अभिरुचि राख्दैमा पनि पौडिन कहाँ सकिन्छ र ! छप्लङ्छप्लङ् पौडिन त पौडिने साधना चाहिन्छ । साहित्यमा चुर्लुम्म डुब्नु एउटा साधना हो– आध्यात्मको आनन्दमय तलाउ हेर्न सजिलो बनाइदिने साधना । जीवनलाई आनन्दै आनन्दको तलाउमा पुऱ्याएर त्यहाँ सुललित विहार गराउने एउटा मनोहर आराधना ।

e-mail: nirajan.timalsina1@gmail.com